सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ वैशाख २०८३, बुधबार (29 Apr 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कोठा नपाएर भौंतारिँदै सुकुमवासी बस्तीबाट हटाइएका नागरिक



एक हजार १३६ परिवारका चार हजार ८०४ जना आए सरकारको सम्पर्कमा

(विस्तृत पृष्ठ ३)

आरोपको आँधीमा गृहमन्त्रीको राजीनामा



अग्रलेख

● प्राडा गान्धी पण्डित

राजीनामा वा पदमुक्ति पारदर्शिता वा नैतिकताको प्रश्नको अन्तिम विकल्प हुनुपर्छ, यसलाई पहिलो रोजाइ बनाइनुहुँदैन

(पृष्ठ ४)

इरान युद्धले थप बढाउँदै छ युरोपेली एकता



इरानमाथि अमेरिकाको युद्ध र लेबननमाथि जारी इजरायली हमलाले युरोपेली गठबन्धन र इयूको भविष्यबारे रणनीतिक सोचलाई पुनः आकार दिइरहेको छ

(पृष्ठ ५)

■ सुस्त बन्दै आर्थिक वृद्धिदर

चालू आवमा ३.८५% मा सीमित हुने अनुमान



सरकारले पुँजीगत खर्च गर्न नसक्दा आर्थिक वृद्धिदर खुम्चिने अनुमान, धान उत्पादन ४.१६ प्रतिशतले ऋणात्मक हुने, अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

१०० भन्दा धेरै कानुन ल्याउँदै सरकार

संविधान कार्यान्वयनका लागि कानुन निर्माण र संविधान संशोधन प्रक्रिया एकसाथ

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले परिणाममुखी कार्यसम्पादन गर्न आवश्यक कानुन निर्माण र संविधान संशोधनको प्रक्रिया सँगसँगैअघि बढाएको छ। संसद्मा प्रतिनिधित्व गरेका सबै दलका प्रतिनिधि रहेको संविधान संशोधन बहसपत्र कार्यदलले विज्ञहरूसँग छलफल गरिरहेको छ भने मन्त्रालयहरूले आफ्नो कार्यक्षेत्रका लागि आवश्यक कानुनका मस्यौदा बनाउन थालेका छन्।

सरकारको सयबुँदे कार्यसूची कार्यान्वयनका लागि कानुन मन्त्रालयले सबै मन्त्रालयसँग बनाउनुपर्ने कानुनहरूको सूची मागेको थियो। मन्त्रालयहरूबाट ११० विधेयकको सूची आएको कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले बताए। 'सरकारले दशबुँदे कार्यक्रम ल्याइसकेपछि त्यसलाई कार्यान्वयन गर्न के-के कानुन आवश्यक छ, विगतदेखि बन्ने क्रममा रहेका कानुन र नयाँसमेत गरेर कुन-कुन विधेयक संसद्मा लान सकिन्छ भन्ने सन्दर्भमा हामीले सबै मन्त्रालयबाट विधेयकको सूची माग गरेका थियौं। त्यसअनुसार सबै मन्त्रालयले विधेयकको सूची पठाएका छन्,' उनले भने, 'आगामी बजेट अधिवेशन र अर्को वर्षका लागि भनेर ११० विधेयक आएका छन्। सम्बन्धित मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीसँग पनि छलफल गरेर प्राथमिकता निर्धारण गर्दै छौं। एक चरणको छलफल भइसकेको छ। ४० देखि ४५ वटासम्म विधेयक आउने बजेट अधिवेशनमै संसद्मा लैजान सकिन्छ भन्ने बुझाइ छ। बाँकी आगामी वर्ष हिउँदे अधिवेशनमा पेस हुन्छ।'

■ **वरिष्ठ अधिवक्ताहरूसँग संविधान संशोधनसम्बन्धी छलफल**

०७२ मा पहिलोपटक संविधानसभाबाट संविधान बनेपछि त्यसलाई कार्यान्वयन गर्न आवश्यक कैयौं कानुन अझै बनेका छैनन्। करिब डेढ सय कानुन बन्न बाँकी रहेको यसअघि नै संसद्कै अध्ययनले औंल्याएको थियो। त्यसो त १० वर्ष पुगेपछि संविधान पुनरवलोकन गर्नुपर्ने नेपालको संविधानले

» पृष्ठ २ मा क्रमशः

■ **कुन मन्त्रालयमा कति विधेयकको मस्यौदा ?**

गृह : ११
कानुन, न्याय तथा संसदीय : ११
वन तथा वातावरण : ९
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय : ७
अर्थ : ७
शिक्षा, विज्ञान तथा प्रविधि : ७
ऊर्जा, जलस्रोत तथा सिँचाइ : ६
भौतिक पूर्वाधार तथा यातायात : ६
संघीय मामिला तथा सामान्य प्रशासन : ६
कृषि तथा पशुपन्छी विकास : ५
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन : ५
उद्योग, वाणिज्य तथा आपूर्ति : ४
खानेपानी : ३
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक : ३
सञ्चार तथा सूचना प्रविधि : ३
स्वास्थ्य तथा जनसंख्या : ३
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण : ३
सहरी विकास : ३
परराष्ट्र : २
रक्षा : २
युवा तथा खेलकुद : २
श्रम, रोजगार तथा सामाजिक सुरक्षा : २



■ कानुनमन्त्री सोविता गौतम भन्छिन्-



संविधान कार्यान्वयन र जनताको अपेक्षाअनुसार काम गर्न कानुन निर्माण पहिलो अभिभारा हो। नयाँ सरकारको नयाँ अपेक्षा पूरा गर्न विधिको शासनका लागि समयानुकूल कानुन अपरिहार्य छ। पहिलो चरणमा हामीले ११० कानुन बनाउनुपर्ने भनेका छौं। यसमा अझै थपिन सक्छ। विधायन ऐनअनुसार असारभित्र संसद्मा पठाइसक्छौं।

संवैधानिक र सहकारीसम्बन्धी अध्यादेश सिफारिस, राष्ट्रपति पौडेल परामर्शमा

■ **ऋण असुली सहज बनाउन सहकारी अध्यादेश**

सहकारीसम्बन्धी अध्यादेशमा डुबेको ऋण असुली गर्न रहेका बाधाहरू फुकाइएका छन्। त्यस्तै, ठगीमा संलग्नको सम्पत्ति खोजी गर्नेसम्बन्धी व्यवस्था पनि गरिएको स्रोतले जनाएको छ। यसअघि बनेको ऐन र त्यसपछि पटक-पटक गरिएको संशोधनमा समेत ठगीमा संलग्नको सम्पत्ति, तिनका परिवार तथा नाता-सम्बन्धभित्रका व्यक्तिका नाममा राखिएको सम्पत्ति छानबिन गर्ने व्यवस्था गरिएको थिएन। त्यसो हुँदा ऋण उठाउन र पीडितको बचत रकम फिर्ता गर्न सकिएको थिएन। जारी गर्न लागिएको अध्यादेशमा भने त्यससम्बन्धी व्यवस्था राखिएको प्रधानमन्त्री कार्यालय स्रोतको भनाइ छ।

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले संवैधानिक परिषद् र सहकारीसम्बन्धी अध्यादेश जारीका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ। सदन स्थगन गर्दै सिफारिस अध्यादेशहरूबारे राष्ट्रपति पौडेल परामर्शमा छन्। अध्यादेशका अन्तर्वस्तु सार्वजनिक भएका छैनन्।

अध्यादेश ल्याउने निर्णयप्रति विपक्षी दलहरूको आपत्ति

संवैधानिक परिषद् र सहकारीसम्बन्धीका दुईवटा अध्यादेश जारी गर्न सरकारले सोमबार (१४ वैशाख)मा निर्णय गरेर राष्ट्रपति पौडेललाई सिफारिस गरेको हो। अध्यादेशमाथि राष्ट्रपति पौडेलले परामर्श थालेको राष्ट्रपति कार्यालयका सचिव महादेव पन्थले बताए। 'सरकारले सिफारिस गरेका अध्यादेशबारे सम्माननीयज्यू छलफल र परामर्शमै हुनुहुन्छ,' पन्थले नयाँ पत्रिकासँग भने।

दुईतिहाइनजिकको सुविधाजनक बहुमत हुँदा पनि संसद् स्थगित गरेर अध्यादेशको बाटो रोजेको प्रक्रिया र समयलाई लिएर राजनीतिक र कानुनी वृत्तमा प्रश्न उठेका छन्। १० वैशाखमा मन्त्रिपरिषद्ले विशेष कारण भन्दै दुवै सदनको अधिवेशन आह्वान स्थगित गर्न सिफारिस गरेपछि राष्ट्रपति पौडेलले सोही दिन दुवै सदनको अधिवेशन स्थगित गरेका थिए। त्यसअघि ८ वैशाखमा मन्त्रिपरिषद्को सिफारिसअनुसार राष्ट्रपति पौडेलले संसद्को अधिवेशन आह्वान गरेका थिए। १७ वैशाख बिहीबार दिउँसो २ बजे संघीय संसद् भवन सिंहदरबारमा संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरिएको थियो। आह्वान भइसकेको अधिवेशन स्थगन गर्नुको स्पष्ट कारण भने सरकारले खुलाएको थिएन।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश, संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्छ। अहिले प्रधानन्यायाधीश पद रिक्त छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत गत १७ चैतमा ६५ वर्षे उमेरहदका कारण अनिवार्य अवकाशमा गएका थिए। प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै

» पृष्ठ २ मा क्रमशः

■ शैक्षिक सत्र सुरु, एक करोड २९ लाख पाठ्यपुस्तक ढुवानी

६ प्रदेशमा पाठ्यपुस्तक पुग्दा मधेशमा आवश्यकताको आधा मात्र

● **रामबहादुर कुँवर**, प्रवक्ता, जनक शिक्षा सामग्री



हामीले पुस्तक पठाएका छौं, तर कतिपयले लैजानुभएकै छैन, त्यो उहाँहरूको कुरा हो, भर्ना अभियान ढिलो सुरु हुने भएकाले ढुवानीमा केही सुस्तता देखिएको हो। केन्द्रबाट वितरणमा समस्या होइन, विद्यालयले लिन आउन ढिलाचाहिँ गरेका हुन्।

शिवहरि घिमिरे/नयाँ पत्रिका

नयाँ शैक्षिक सत्रका लागि देशभरका अधिकांश जिल्लामा पाठ्यपुस्तक पुगेको छ। जनक शिक्षा सामग्री केन्द्रले यस वर्ष समयमै पुस्तक ढुवानी गरे पनि मधेश प्रदेशमा भने आधा मात्र पाठ्यपुस्तक पुगेको छ। मधेशबाहेक ६ प्रदेशमा ढुवानी सम्पन्न भएको जनक शिक्षा सामग्री केन्द्रका प्रवक्ता रामबहादुर कुँवरले बताए। उनका अनुसार हालसम्म एक करोड २९ लाख ४६ हजार थान पाठ्यपुस्तक ढुवानी भएको छ। केन्द्रले हरेक वर्ष कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक प्रकाशन गरी सूचीकृत विक्रेतामार्फत विद्यालयसम्म पुऱ्याउँदै आएको छ।

तर, मधेशमा कुल १६ लाख ७० हजार ७४१ थान पुस्तक

» पृष्ठ २ मा क्रमशः

■ कुन प्रदेशमा कति पुस्तक वितरण ?

केन्द्रले विभिन्न प्रादेशिक कार्यालय र वितरण केन्द्रमार्फत पाठ्यपुस्तक ढुवानी गरिरहेको छ।

वितरण केन्द्र/प्रदेश पुस्तक संख्या (थान)

काठमाडौं र आसपास (बागमती) : १५ लाख ५४ हजार ८७७
भरतपुर केन्द्र (बागमती/गण्डकी) : १९ लाख ३६ हजार ३५०
पोखरा (गण्डकी) : ८ लाख १० हजार ४८९
लुम्बिनी : १३ लाख ७७ हजार ५३०
नेपालगन्ज (लुम्बिनी/कर्णाली) : १४ लाख ७१ हजार
सुर्खेत (कर्णाली) : ७ लाख ९१ हजार ८४१
सुदूरपश्चिम : १६ लाख २९ हजार २६३
कोशी : ३७ लाख चार हजार १०३
मधेश : १६ लाख ७० हजार ७४१ आवश्यक, १० लाख मात्र ढुवानी

■ **वैशाख अन्तिमदेखि सुरुङमार्गमा गाडी सरर...**



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

गाडी गुड्न तयार भएको सिस्नेखोला-नागढुंगा सुरुङमार्ग। अब पश्चिम प्रवेशद्वारमा टोल फी गेट निर्माण र पहिरो नियन्त्रणको काम अन्तिम चरणमा छ। जापानको ऋण तथा प्राविधिक सहयोगमा निर्माण भएको र चिनियाँ कम्पनीले सञ्चालन गर्ने निश्चित भएको सुरुङमार्गमा वैशाख अन्तिम सातादेखि परीक्षणका रूपमा गाडी गुड्नेछन् र साउनदेखि व्यावसायिक रूपमा सञ्चालनमा आउनेछ। काठमाडौं भित्रिँदा कार तथा भ्यानलाई ६५, मिनीबस तथा ट्रकलाई ११५, ठुला बस तथा ट्रकलाई २६० र भारी उपकरणलाई ६०० रुपैयाँ शुल्क तोकिएको छ। त्यस्तै, काठमाडौंबाट बाहिरिँदा कार तथा भ्यानलाई ६०, मिनीबस तथा ट्रकलाई ८०, ठुला बस तथा ट्रकलाई २०० र ठुला उपकरणलाई २५० रुपैयाँ शुल्क तोकिएको छ।

■ कांग्रेसभित्र शक्ति-संघर्ष पुनः तीव्र

तीनवटै समूहका छुट्टाछुट्टै भेला र बैठक



■ **संस्थापन पक्ष**

सर्वोच्च अदालतले आफ्नो नेतृत्वको कार्यसमितिलाई वैधता दिएपछि सभापति गगन थापा नेतृत्वको कार्यसमिति १५औं महाधिवेशनको तयारीमा छ। तर, १४औं महाधिवेशनको संस्थापन (शेरबहादुर देउवा) र शेखर कोइराला नेतृत्वको इतर पक्षसँग उसले सहमति जुटाउन सकेको छैन। पार्टीका दुई शक्तिशाली समूह बाहिर राखेर संस्थापनले निर्णय लिँदै आएको छ। संस्थापन पक्षले अब गुटबन्दी नचल्ने चेतावनी दिँदै आएको छ।



■ **शेखर कोइराला नेतृत्वको इतर पक्ष**

सर्वोच्चले विशेष महाधिवेशन पक्षधरलाई मान्यता नदिएसम्म भने खड्काले बोलाएको भेलामा सहभागी हुँदै आएको यो समूह आदेशपछि भने छुट्टै छलफलमा छ। कोइरालाले यही १७ वैशाखमा आफू पक्षधर नेताहरूको भेला बोलाएका छन्। बागमती प्रदेशस्तरीय भेलाको तयारी रहेको उनीपक्षीय नेता जीवन परियारले बताए। संसदीय दलको नेता चयनमा भने खड्का र कोइराला समूह एक ठाउँ थिए।



■ **१४औं महाधिवेशनको संस्थापन**

अदालतले मान्यता नदिएपछि १४औं महाधिवेशनको संस्थापन (शेरबहादुर देउवा) समूह समानान्तर राजनीतिक गतिविधिमा छ। निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले धुम्बाराहीमा मंगलबार आफूनिकट नेताहरूको भेला गरेका छन्। यो समूहले अदालतको निर्णयविरुद्ध पुनरावेदनको तयारी गर्दै राजनीतिक रूपमा पनि सशक्त उपस्थिति देखाउने रणनीति लिएको छ। १४औं र विशेष पक्षधर मिलाएर १५औं महाधिवेशनमा जानुपर्ने माग छ।

● **देवराज चालिसे**, प्रवक्ता



१५औं महाधिवेशन सबै मिलेर सफल पार्नुपर्छ। हामी सबैलाई समेटेर जान तयार छौं। आजको स्थितिमा भन्न एकताबद्ध कांग्रेसको खाँचो छ। यो तथ्यलाई सबैले मनन गर्नुपर्छ। गुटबन्दी गरेर कहीं पुगिँदैन। १५औं महाधिवेशनमा प्रतिस्पर्धा गरेर नेतृत्वमा पुग्ने बाटो खुला नै छ।

प्रेम गौतम/नयाँ पत्रिका

सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट बनेको गगन थापा नेतृत्वको कार्यसमितिलाई वैधानिकता दिएसँगै कानुनी विवाद टुंगिएको देखिए पनि राजनीतिक रूपमा भने विवाद अझै चर्किएको छ। तीनवटै समूहले छुट्टाछुट्टै भेला, बैठक र शक्ति सञ्चयका गतिविधि तीव्र पारेका छन्। विवादका मुद्दा र गतिविधिका स्वरूपले तत्काल कांग्रेसको

» पृष्ठ २ मा क्रमशः

■ **नेकपाको आह्वान**

वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गठन गरौं

सीमाक्षेत्रका जनताको सास्ती हटाउन, मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न माग

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीले वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गठनको आह्वान गरेको छ। निर्वाचनमा ठुलो पराजय भोगेपछि ठुला वामपन्थी दलभित्र आन्तरिक पुनर्गठनको माग उठिरहेका बेला केन्द्रीय कार्य संयोजन समितिको पहिलो बैठकबाट नेकपाले एकतातर्फको कदम अगाडि बढाएको हो।

'यो बैठक राष्ट्रियता र नेपाली जनताका बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिमार्फत समाजवादोन्मुख नेपालको निर्माणका लागि वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गठन तथा शान्ति सम्झौताका पक्षधरहरूबिच सहकार्यका लागि आह्वान गर्दछ,' मंगलबार पारित १९ बुँदे समसामयिक प्रस्तावमा छ।

बैठकले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट

» पृष्ठ २ मा क्रमशः

१०० भन्दा धेरै...

पृष्ठ १ बाट क्रमशः

नै निर्देश गरेको छ । संविधानले १० वर्षको अवधि पार गरेसँगै पुनरवलोकनको बहसका लागि सरकारले कार्यदल बनाएको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले संविधान कार्यान्वयन र जनअपेक्षाअनुसार काम गर्न सरकारले कानुन निर्माणलाई द्रुत गतिमा अघि बढाइरहेको बताइन् । 'संविधान कार्यान्वयन र जनताको अपेक्षाअनुसार काम गर्न कानुन निर्माण पहिलो अभिभारा हो । नयाँ सरकारको नयाँ अपेक्षा पूरा गर्न विधिको शासनका लागि समयानुकूल कानुन अपरिहार्य छ । पहिलो चरणमा हामीले ११० कानुन बनाउनुपर्ने भनेका छौं । यसमा अझै थपिन सक्छ । विधायन ऐनअनुसार असारभित्र संसद्मा पठाइसक्छौं,' उनले भनिन् । विधेयकहरू निर्माण गर्न मन्त्रीहरूसँग पनि परामर्श भइरहेको उनले बताइन् ।

विधायन ऐनअनुसार प्रत्येक मन्त्रालयले तर्जुमा गर्नुपर्ने विधेयकको पहिचान गरी प्रत्येक वर्षको जेठ महिनाभित्र प्राथमिकताक्रम खुलाई कानुन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयहरूबाट प्राप्त विवरणका आधारमा कानुन मन्त्रालयले संघीय संसद्मा पेस गर्ने विधेयकको प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिका तयार पारेर असार मसान्तभित्र संघीय संसद्मा पठाउनुपर्ने विधायन ऐनमा उल्लेख छ ।

कानुन मन्त्रालयका अनुसार सबैभन्दा धेरै गृह मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले ११-११ विधेयकको मस्यौदा भइरहेको सूची पठाएका छन् । त्यस्तै, वन तथा वातावरण मन्त्रालयले नौ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सात-सात ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६-६ विधेयकको मस्यौदा भइरहेको सूची आएको कानुन मन्त्रालयले जनाएको छ ।

त्यस्तै, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पाँच-पाँच, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चार, खानेपानी मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सहरी विकास मन्त्रालयले तीन-तीन विधेयकको मस्यौदा गरिएको सूची पठाएका छन् । यसबाहेक परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दुई-दुई विधेयकको मस्यौदा बनाइरहेको सूची कानुन मन्त्रालयमा पेस गरेका छन् । करिब आधाजति आगामी बजेट अधिवेशन र बाँकी त्यसपछिको हिउँदे अधिवेशनमा ल्याउने तयारी छ ।

कुन मन्त्रालयबाट कुन विधेयकको मस्यौदा ?

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सार्वजनिक खरिद, संवैधानिक परिषद्, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भ्रष्टाचार निवारण, नेपाल ट्रस्टसम्बन्धी ऐन संशोधन गर्न खोजिएको छ । त्यस्तै, व्यक्तिगत डाटासम्बन्धी र राष्ट्रिय सतर्कतासम्बन्धी कानुनको मस्यौदा भइरहेको छ ।

अर्थ मन्त्रालयबाट नेपाल राष्ट्र बैंक ऐन २०५८, कर्मचारी सञ्चय कोष ऐन २०१९, नागरिक लगानी कोष ऐन २०४७, सार्वजनिक ऋण व्यवस्थापन ऐन २०७९, विनिमय अधिकारपत्र ऐन २०३४, भुक्तानी तथा फर्स्योट ऐन २०७५ लाई संशोधन गर्न खोजिएको छ । कर्जा सूचनासम्बन्धी विधेयकको मस्यौदा पनि भइरहेको छ ।

उद्योग मन्त्रालयबाट कम्पनीसम्बन्धी, खानी तथा खनिज पदार्थसम्बन्धी, निकासी पैठारीसम्बन्धी, औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी कानुन मस्यौदा भइरहेको छ । त्यस्तै, ऊर्जा मन्त्रालयबाट जलस्रोतसम्बन्धी, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी, विद्युतसम्बन्धी, सिँचाइ विकास तथा व्यवस्थापनसम्बन्धी, नदी तथा जल उत्पन्न विपत् व्यवस्थापनसम्बन्धी र जल तथा मौसम विज्ञानसम्बन्धी कानुन मस्यौदा भइरहेको छ ।

कानुन मन्त्रालयबाट मेलमिलापसम्बन्धी, मुलुकी अपराध संहिता- २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता- २०७४, मुलुकी देवानी संहिता- २०७४, मुलुकी देवानी कार्यविधि संहिता- २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४, नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१०, संघीय संसद् सचिवालयसम्बन्धी ऐन २०६४, संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३, संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक सेवा, सर्त र सुविधासम्बन्धी ऐन २०७५ संशोधनको गृहकार्य भइरहेको छ । निःशुल्क कानुनी सहायतासम्बन्धी कानुनको पनि मस्यौदा भइरहेको छ ।

कृषि मन्त्रालयबाट कृषिसम्बन्धी, संक्रामक पशु रोग नियन्त्रणसम्बन्धी, पशु वधशाला तथा मासु जाँच ऐन २०५५ संशोधन, पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ संशोधन, पशु चिकित्सा परिषद्सम्बन्धी ऐन संशोधन गर्न खोजिएको छ । त्यस्तै, खानेपानी मन्त्रालयबाट खानेपानी तथा सरसफाइ ऐन २०७९, खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३, नेपाल खानेपानी संस्थान ऐन २०४६ संशोधन गर्न खोजिएको छ ।

गृह मन्त्रालयबाट नेपाल प्रहरीसम्बन्धी, सशस्त्र प्रहरी बलसम्बन्धी, अध्यागमनसम्बन्धी, जग्गा प्राप्तिसम्बन्धी, संघसंस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी, निर्वाचनसम्बन्धी, राजनीतिक दलसम्बन्धी कानुन संशोधन गर्न खोजिएको छ । राष्ट्रिय गुप्तचर (इन्टलिजेन्स) तथा अनुसन्धानसम्बन्धी, विशिष्ट व्यक्तिहरूको सुविधासम्बन्धी, क्षतिपूर्तिसम्बन्धी, स्थानीय शान्ति सुरक्षासम्बन्धी कानुन ल्याउन खोजिएको छ । परराष्ट्र मन्त्रालयबाट गैरआवासीय नेपालीसम्बन्धी र राहदानी ऐन संशोधनसम्बन्धी विधेयक मस्यौदा भइरहेको छ । भूमि मन्त्रालयबाट जग्गा नापजाँचसम्बन्धी, भूमिसम्बन्धी, सहकारीसम्बन्धी कानुन संशोधन गर्न खोजिएको छ । त्यस्तै, भौतिक मन्त्रालयबाट पानीजहाजको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी, सवारी तथा यातायातसम्बन्धी, सडक सुरक्षासम्बन्धी, सार्वजनिक सडकसम्बन्धी, निर्माण व्यवसायसम्बन्धी ऐन संशोधन, डिप्लोमा इन्जिनियरिङ परिषद् गठनसम्बन्धी कानुन मस्यौदा भइरहेको छ ।

महिला मन्त्रालयबाट बालबालिकासम्बन्धी ऐन २०७५, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न खोजिएको छ । त्यस्तै, खेलकुद मन्त्रालयबाट नेपाल स्काउटसम्बन्धी र राष्ट्रिय युवा परिषद्सम्बन्धी कानुन संशोधन गर्न खोजिएको छ ।

रक्षा मन्त्रालयबाट राष्ट्रिय सेवा दलसम्बन्धी, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनसम्बन्धी कानुन आउँदै छ । वन मन्त्रालयबाट वनस्पति स्रोतसम्बन्धी, आनुवांशिक स्रोतमा पहुँच र लाभको बाँडफाँटसम्बन्धी, नेपाल वन प्राविधिक परिषद्सम्बन्धी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ संशोधन, वातावरण संरक्षण ऐन २०७६ संशोधन, वन ऐन २०७६ संशोधन, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ संशोधन, भू तथा जलाधार संरक्षण ऐन २०३९ संशोधन, राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन २०३९ संशोधनको गृहकार्य भइरहेको छ ।

शिक्षा मन्त्रालयबाट विद्यालय शिक्षा ऐन, प्राविधिक तथा व्यावहारिक शिक्षा र सिप विकाससम्बन्धी कानुन, उच्च शिक्षासम्बन्धी कानुन, राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी कानुन, पुस्तकालय ऐन, विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष स्थापना र सञ्चालन कानुन, विज्ञान तथा प्रविधि उद्योमदयसम्बन्धी कानुन मस्यौदा भइरहेको छ ।

श्रम मन्त्रालयबाट बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानुन, वैदेशिक रोजगारसम्बन्धी संशोधन कानुन मस्यौदा भइरहेको छ । त्यस्तै, पर्यटन मन्त्रालयबाट नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्थासम्बन्धी, आन्तरिक वायुसेवा सञ्चालन संस्थाको दायित्व तथा बिमासम्बन्धी, पशुपति क्षेत्र विकास कोषसम्बन्धी, लुम्बिनी विकास कोषसम्बन्धी कानुन मस्यौदा भइरहेको छ ।

संघीय मामिला मन्त्रालयबाट संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी, स्थानीय सरकार सञ्चालन ऐन २०७४ संशोधन, निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमनसम्बन्धी, संघीय मामिला अध्ययन प्रतिष्ठान सञ्चालन तथा व्यवस्थापन, दलितको अधिकार तथा विकाससम्बन्धी, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ संशोधन कानुन मस्यौदा भइरहेको छ । त्यस्तै, सञ्चार मन्त्रालयबाट सूचना प्रविधिसम्बन्धी, साइबर सुरक्षासम्बन्धी, मिडिया काउन्सिलसम्बन्धी कानुन आउँदै छ ।

सहरी मन्त्रालयबाट सहरी विकाससम्बन्धी, नगर विकास कोषसम्बन्धी, फोहोरमैला व्यवस्थापनसम्बन्धी, संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन २०५२ संशोधन, भवन ऐन २०५५ संशोधन, बागमती सभ्यता संरक्षण तथा विकाससम्बन्धी कानुन मस्यौदा हुँदै छ । त्यस्तै, स्वास्थ्य मन्त्रालयबाट रामराजप्रसाद सिंह स्वास्थ्य प्रतिष्ठानसम्बन्धी, स्वास्थ्य बिमा ऐन २०७४ संशोधन, औषधी तथा स्वास्थ्य सामग्रीसम्बन्धी ऐन मस्यौदा भइरहेको कानुन मन्त्रालयले जनाएको छ ।

सरकारको शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमा के छ ?

सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा सम्पूर्ण सेवा प्रवाहलाई छिटो तथा परिणाममुखी बनाउन ३० दिनभित्र कानुन संशोधनको मस्यौदा तयार गर्ने भनिएको छ । प्रशासनिक सुधारका लागि संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने भनिएको छ । नागरिकले एउटै डिजिटल प्लाटफर्ममार्फत सबै सेवा सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षणसम्बन्धी नीति तथा कानुनको तर्जुमा ६० दिनभित्र गर्ने भनिएको छ । सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक ६० दिनभित्र तर्जुमा गर्ने भनिएको छ । राष्ट्रिय सदाचार नीतिका लागि ३० दिनभित्र कानुन तर्जुमा तथा संशोधन प्रक्रिया अगाडि बढाउने भनिएको छ । सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गर्ने भनिएको छ ।

त्यस्तै, परियोजनाहरू विभिन्न कानुन, स्वीकृति र निकायगत प्रक्रियामा अल्झिँदा आयोजना निर्माण तथा सञ्चालनमा वर्षौं लाग्ने समस्या समाधान गर्न ६० दिनभित्र परियोजना सहजीकरणसम्बन्धी छाता कानुनको मस्यौदा तयार गर्ने भनिएको छ । कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी (सिएसआर) रकमलाई केन्द्रीकृत गरी सरकारले तो केको कोषमार्फत प्राथमिकताका क्षेत्रमा परिचालन गर्नका लागि तीन महिनाभित्र कानुन संशोधन गर्ने भनिएको छ । सहरी विकास विधेयक र फोहोरमैला व्यवस्थासम्बन्धी विधेयक दुई महिनाभित्र तयार गर्ने भनिएको छ । खानी तथा खनिज पदार्थ ऐन २०४२ लाई तीन महिनाभित्र संशोधन गर्ने भनिएको छ ।

संविधान संशोधनका लागि कार्यदलले के गर्दै छ ?

सरकारले सयबुँदे कार्यसूचीमा संविधान संशोधनको विषयलाई पनि समेटेको छ । देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायतका विषयमा, संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सात दिनभित्र संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उल्लेख छ । सोअनुसार प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा गठित कार्यदलले काम थालिसकेको छ । कार्यदलमा सबै दलले प्रतिनिधि पठाइसकेका छन् । दुइ दलले आफ्नोतर्फबाट संशोधन गर्नुपर्ने विषय पनि पठाइसकेका छन् ।

'सबै दलसँग सुझावहरू मागिएको थियो । दुइटा दलको आएको छ, अरूको सल्लाह गर्दै छौं भन्ने छ । यो हप्ता बैठक राखेर प्रक्रिया अगाडि बढाउँछौं,' कार्यदलका संयोजक शाहले भने । दलहरूका सुझाव लिएर सरोकारवाला सबैसँग छलफल चलाउने र साझा बहसपत्र तयार गरिने शाहले बताए । 'सदस्यहरूको सल्लाहअनुसार अगाडि बढ्छौं । हरेक दिन बैठक बस्छ । सरोकारवाला सबैसँग बृहत् तरिकाले छलफल हुन्छ,' उनले भने, 'संविधानविद्, जेन-जी, सुरक्षाविद्, पूर्वन्यायाधीश, पूर्वप्रधानमन्त्री सबैसँग बृहत् छलफलमा जाँदै छौं । साझा धारणा बनाएर संशोधनको प्रक्रियालाई अगाडि बढाउँछौं ।'

संवैधानिक...

पृष्ठ १ बाट क्रमशः

संविधानबमोजिम नियुक्तिको सिफारिस संवैधानिक परिषद्ले गर्नुपर्ने व्यवस्था संविधानमा छ ।

तर, प्रधानन्यायाधीशको अवकाश भएको एक महिना बितिसक्दा पनि परिषद्ले नियुक्तिबारे निर्णय गर्न सकेको छैन । प्रधानन्यायाधीशका लागि यसअघि नै न्यायपरिषद्ले सर्वोच्चका ६ वरिष्ठतम न्यायाधीशको नाम संवैधानिक परिषद्मा पठाइसकेको छ । तिनमा क्रमशः सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठ छन् । त्यस्तै, प्रमुख निर्वाचन आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सदस्यसहित झन्डै एक दर्जन संवैधानिक नियुक्ति रिक्त छन् । परिषद्को सिफारिसमा संसदीय सुनुवाइपछि ती नियुक्ति हुने व्यवस्था छ ।

संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलका नेता र उपसभामुख सदस्य रहने संवैधानिक व्यवस्था छ ।

अहिले परिषद्मा प्रधानमन्त्री बालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, विपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र उपसभामुख रुबीकुमारी ठाकुर सदस्य छन् । प्रधानन्यायाधीशको सिफारिस गर्ने बैठकमा भने कानुनमन्त्री सदस्यका रूपमा रहने व्यवस्था संविधानको धारा २८४ को उपधारा २ मा छ ।

श्रम संस्कृति पार्टीकी सांसद ठाकुर रास्वपाको समर्थनमा उपसभामुख बनेकी हुन् । यस्तोमा उनको समर्थन नहुँदा सरकारसँग बहुमत हुँदैन, जसले परिषद्को सिफारिस हुने नियुक्ति प्रक्रिया जटिल हुन सक्छन् । सरकारले यही प्रतिकूलता सहज गर्ने गरी अध्यादेशको विकल्प खोजेको हुन सक्ने कतिपयको आंशका छ ।

संवैधानिक परिषद् अध्यादेशबारे विगतमा उठेको थियो प्रश्न

संवैधानिक परिषद्सम्बन्धी अध्यादेशबारे विगतमा पनि प्रश्न उठेका थिए । तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेश ल्याएर अनुकूलको नियुक्ति गरेपछि उक्त विषय राजनीतिक मुद्दा बनेको थियो ।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ हाल विद्यमान छ । त्यसको दफा ६ मा परिषद्को बैठकसम्बन्धी कार्यविधि छ । उक्त दफाको उपदफा ३ मा अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था छ । प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने परिषद् बैठकमा पेस भएका प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुने व्यवस्था छ । सर्वसम्मति कायम हुन नसकेमा सो विषयमा निर्णय हुन नसक्ने व्यवस्था छ ।

सर्वसम्मतिमा निर्णय हुन नसकेको विषयमा निर्णय गर्न अध्यक्षले पुनः अर्को बैठक बोलाउन लगाउने र त्यस्तो बैठकको सहमतिले सो विषयमा निर्णय गर्ने प्रावधान छ । तर, दोस्रोपटक बोलाएको बैठकबाट पनि सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने व्यवस्था पनि त्यसमा छ । ऐनको यो व्यवस्थाअनुसार बहुमतबाट निर्णय गर्दा तीनजना भन्दा बढी संख्या आवश्यक हुन्छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेशमार्फत उक्त ऐनको व्यवस्था संशोधन गरी संवैधानिक निकायमा दुईपटक गरेर ५८ जना पदाधिकारी नियुक्त गरेका थिए । ६ जनाले नियुक्ति लिन अस्वीकार गरेपछि ५२ जना कायम भएका थिए । ३० मंसिर ०७७ मा प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद्बाट निर्णय गरेर सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश जारी गरेकी थिइन् ।

उक्त अध्यादेशले 'तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भए गणपूरक संख्या पुगेको मानिने' व्यवस्था गरेको थियो । त्यसो हुँदा तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाङ्फेले राजीनामा दिएको अवस्थामा तीनजना मात्रै उपस्थित भए पनि निर्णय वैध हुने स्थिति बनेको थियो । उक्त व्यवस्थामा टेकेर प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमल्सिना गरी तीनजनाको बैठकले विभिन्न आयोग तथा निकायमा पदाधिकारी र सदस्य सिफारिस गरेका थिए ।

त्यति वेला ओलीकै सिफारिसमा संसद् विघटन गरेकाले परिषद्बाट सिफारिस भएका पदाधिकारी संसदीय सुनुवाइविनै नियुक्त भएका थिए । यसविरुद्ध सर्वोच्च अदालतमा दर्जनभन्दा बढी रिट परेका थिए । तर, पछि सर्वोच्चले ती नियुक्ति वैध हुने फैसला गरिदिएको थियो ।

अध्यादेश ल्याउने निर्णयप्रति प्रतिपक्षी दलहरूको आपत्ति

नयाँ पत्रिका

संवैधानिक परिषद् र सहकारीसम्बन्धी अध्यादेश जारीका लागि सरकारले राष्ट्रपतिकहाँ सिफारिस गरेकोमा प्रतिपक्षी दलहरूले असन्तुष्टि जनाएका छन् । अध्यादेश ल्याउने निर्णयमा आपत्ति जनाउँदै प्रमुख प्रतिपक्षी कांग्रेससहित एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाले सरकारको नियतमाथि प्रश्न उठाएका छन् । लोकतन्त्र र संसदीय अभ्यासविपरीत अध्यादेशले देशलाई लोकतान्त्रिक तानाशाहीकरणतिर डोऱ्याउन सक्ने प्रतिपक्षी दलहरूले विश्लेषण छ ।



सदनमा दुईतिहाइ बहुमत हुँदाहुँदै अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत भएको भन्दै कांग्रेसले पुनर्विचार गर्न सरकारको ध्यानाकर्षण गरेको छ । 'सरकारद्वारा संसद् स्थगित गरी अध्यादेशमार्फत कानुन निर्माण गर्ने कदमप्रति कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ । यसप्रकारको अभ्यास लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाको दृष्टिले अत्यन्त आपत्तिजनक छ,' प्रवक्ता देवराज चालिसेले वक्तव्य जारी गर्दै भनेका छन्, 'यो केवल प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायिकी अधिकारमाथि कार्यपालिकाको स्पष्ट अतिक्रमण हो । यस प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको छ र सरकारको संसद्प्रतिको अविश्वासलाई उजागर गरेको छ । सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत हो भन्ने कांग्रेसको ठहर छ ।'

दुवै अध्यादेशले देशलाई संघीयताको मर्मविपरीत केन्द्रीकरणतर्फ लैजान खोजेको भन्दै कांग्रेसले तत्काल सच्याउन माग गरेको छ । 'कांग्रेस सरकारलाई लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाप्रति पूर्ण प्रतिबद्ध रहन, संसद्को भूमिका र गरिमाको सम्मान गर्न तथा यस्ता कदमहरू तत्काल पुनर्विचार गर्न जोडदार आग्रह गर्दछ,' चालिसेले वक्तव्यमा भनेका छन् ।

यस्तै, एमालेले गलत मनसायले ल्याइएको अध्यादेशमार्फत देशलाई तानाशाहीकरणको बाटोमा लैजान खोजेको टिप्पणी गर्दै सबै तरिकाले प्रतिवाद गर्ने जनाएको छ । 'कानुनी राज्यको मान्यता उल्लंघन गर्दै सरकारले अत्यन्त गलत मनसायले अध्यादेश ल्याएको छ । भर्खरै सदन स्थगित भएको र सरकारले फेरि बोलाएको सदन पनि स्थगित गरेको अवस्था छ । अर्कोतिर अबको १५ दिनभित्र सदन नबोलाइनहुने अनिवार्य स्थिति छ,' एमाले नेता गुरु बरालले भने, 'राष्ट्रिय विपत्को अवस्था, नगर्दा ठुलै क्षति हुने भएको अवस्थामा मात्र सदन नभएका वेला अध्यादेश ल्याउने अभ्यास छ । तर, संसद् छलेर, बोलाइएको अधिवेशनसमेत रोकाएर अध्यादेश जारी गर्नु गलत छ । यसबाट देशमा लोकतान्त्रिक तानाशाहीकरणको अभ्यास सुरु भएको र लोकतन्त्रलाई मजाकमा उडाएको छ । हामी सबै तरिकाबाट प्रतिवाद गर्छौं ।'

नेकपाले पनि अध्यादेश ल्याउने सरकारको निर्णयप्रति आपत्ति जनाउँदै तत्काल फिर्ता लिएर अधिवेशन बोलाउन माग गरेको छ । आफैँले आह्वान गरेको संसद् अधिवेशन आकस्मिक रूपमा स्थगित गरेर अध्यादेश अगाडि बढाउनु संसद्लाई छल्ने सरकारको गैरलोकतान्त्रिक कार्य भएको पार्टी प्रवक्ता प्रकाश ज्वालाले बताए । 'आफैँले आह्वान गरेको संसद् अधिवेशन आकस्मिक रूपमा स्थगित गरेर अध्यादेश बढाउनु संसद्लाई छल्ने सरकारको गैरलोकतान्त्रिक कामको भर्त्सना गर्दै यो बैठक तत्काल संसद्को बैठक आह्वान गर्न माग गर्दछ,' पार्टी बैठकपछि उनले जारी गरेको वक्तव्यमा छ ।

श्रम संस्कृति पार्टीले अध्यादेश ल्याउने निर्णयबाट विगतको सरकारको मानसिकताभन्दा बालेन्द्र सरकार माथि उठ्न नसकेको टिप्पणी गरेको छ । 'बालेन्द्र सरकार पनि हिजोको गन्धबाट माथि उठेको देखिएन । विगतको सरकारको जस्तै खाल्डोमुनिको सोचबाट यो सरकार उठ्लाजस्तो देखिएन । संसद्मा बहस गर्नुपर्ने मुद्दा अध्यादेशबाट ल्याउन खोजेकाले छाँटकाँट राम्रो छैन, बाँकी थप विरोधका लागि छलफल गर्छौं,' महासचिव तथा सांसद आरेन राईले भने ।

त्यस्तै, राप्रपाले दुईतिहाइ जनमतको हुर्मत लिन खोजिएको भन्दै आपत्ति जनाएको छ । प्रवक्ता मोहन श्रेष्ठले सरकारले संसद् रोकेर अध्यादेश ल्याएकोप्रति आपत्ति जनाएका छन् । 'वैशाख १७ गते संसद्को बैठक बस्दै थियो, शक्तिशाली भनिने सरकारले बैठक आह्वान भएको भोलिपल्टै हठात् संसद्को बैठक स्थगित गरेर अहिले अध्यादेशको बाटो तय गरेको छ,' श्रेष्ठले भनेका छन्, 'विगतमा अध्यादेशले लोकतन्त्रको हुर्मत लिएको ठान्ने 'जान्ने'हरूले आफ्नो झन्डै दुईतिहाइको जनमतको हुर्मत लिँदैछन् ! सबै कानै चिरेका जोगी भएपछि कुन नयाँ कुन पुरानो त अब !'

६ प्रदेशमा...

पृष्ठ १ बाट क्रमशः

आवश्यक पर्नेमा हालसम्म १० लाख थान मात्र पुगेको कुँवरले भने बताए । 'हामीले पुस्तक पठाएका छौं, तर कतिपयले लैजानु भएकै छैन, त्यो उहाँहरूको कुरा हो, भर्ना अभियान ढिलो सुरु हुने भएकाले ढुवानीमा केही सुस्तता देखिएको हो,' उनले भने, 'केन्द्रबाट वितरणमा समस्या होइन, विद्यालयले लिन आउन ढिला चाहीँ गरेका हुन् ।' त्यस्तै, कोशी प्रदेशको झापा र विराटनगरका केही क्षेत्रमा भने पुस्तक पुग्न बाँकी रहेको कुँवरले बताए । सरकारले यस वर्ष १५ वैशाखदेखि भर्ना अभियान र २१ वैशाखदेखि पठनपाठन गराउन भनेको छ ।

केन्द्रले हरेक वर्ष करिब एक करोड ७० लाख थान पुस्तक छाप्ने गरे पनि औसतमा ५० लाख थान पुस्तक मौज्दात (स्टक) रहने गरेको छ । सरकारले विद्यार्थीलाई निःशुल्क वितरण गर्ने पाठ्यपुस्तकका लागि वार्षिक एक अर्ब ५० करोड रुपैयाँ खर्च गर्दै आएको छ । पुस्तकको रकम स्थानीय तहले विद्यालयलाई उपलब्ध गराउँछन् । र, विद्यालयले केन्द्रको खातामा रकम पठाएपछि पाठ्यपुस्तक प्राप्त गर्ने प्रक्रिया छ । केन्द्रले यस वर्ष १६ चैतदेखि १५ वैशाखसम्मलाई पाठ्यपुस्तक वितरण अभियानका रूपमा अघि बढाएको छ ।

कांग्रेसभित्र...

पृष्ठ १ बाट क्रमशः

आन्तरिक शक्ति-संघर्ष तत्काल समाधान हुनेतिर गएको देखाएको छैन ।

गगन थापा नेतृत्वको संस्थापन पक्षले संस्थागत गतिविधि जारी राखेकै वेला १४औं महाधिवेशनको संस्थापन पक्ष र डा. शेखर कोइराला समूह समानान्तर गतिविधिसहित शक्ति सञ्चयमा छन् । हाल कांग्रेसमा गगन थापा नेतृत्वको संस्थापन पक्ष, १४औं महाधिवेशनबाट आएको संस्थापन समूह र शेखर कोइराला नेतृत्वको इतर पक्ष सक्रिय छन् । सहमति, समानान्तर गतिविधि वा विभाजन कांग्रेसका सम्भावित परिदृश्य छन् ।

निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले अदालतको निर्णयविरुद्ध पुनरावेदनको तयारी गर्दै राजनीतिक रूपमा पनि सशक्त उपस्थिति देखाउने रणनीति लिएको छ । नेता शेखर पक्षधर पनि रणनीतिक छलफलमा छ । दुवै पक्षले पार्टी एकताको विषय सभापति गगन थापाको हातमा रहेको औँल्याएका छन् । उनीहरू अझै 'पर्ख र हेर'को रणनीतिमा छन् ।

निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले धुम्बाराहीमा मंगलबार आफूनिकट नेताहरूको भेला गरेका छन् । भेलामा पूर्वउपसभापति विमलेन्द्र निधि, विजयकुमार गच्छदार, पूर्वमहामन्त्रीहरू शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, नेताहरू सुजाता कोइराला, महालक्ष्मी उपाध्याय डिना, प्रकाशशरण महत, उमाकान्त चौधरीसहित १४औं महाधिवेशनबाट निर्वाचित पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश सभापति र जिल्ला सभापति सहभागी भए ।

भेलालाई सम्बोधन गर्दै खड्काले पार्टी एकतामा जोड दिँदै विशेष महाधिवेशनकै कारण कांग्रेस कमजोर बनेको आरोप लगाएका छन् । उनका अनुसार यही प्रक्रियाले पार्टी विभाजनको अवस्था सिर्जना गऱ्यो र चुनावी परिणाममा समेत असर पाऱ्यो । भेलालाई सम्बोधन गर्दै खड्काले आफूहरू पार्टी एकताबद्ध रहोस् भन्ने पक्षमा रहेको बताएका छन् ।

खड्काले कांग्रेसलाई कमजोर बनाउने रणनीतिअन्तर्गत नै विशेष महाधिवेशन गराइएको दाबी पनि गरेका छन् । 'कांग्रेसलाई विशेष महाधिवेशनको नाममा दुई फ्याक गराइयो । आधा कांग्रेस बाहिर, आधा कांग्रेस विशेष महाधिवेशनमा' खड्काको भनाइ उद्धृत गर्दै भेलामा सहभागी एक नेताले भने, 'रास्वपाको करिब दुईतिहाइ आउनुमा पनि विशेष महाधिवेशनको हात छ । विशेष महाधिवेशन नभएको भए रास्वपाको यति धेरै सिट आउने थिएन । कांग्रेसको कम्तीमा ७० सिट आउँथ्यो ।'

विधि, विधान र प्रक्रियाविपरीत विशेष महाधिवेशन भए पनि मान्यता दिने काम भएको भन्दै पुनरावेदनमा जाने विषयमा कानुन व्यवसायीसँग छलफलमा रहेको खड्काले जानकारी गराएका छन् । 'लोकतान्त्रिक पार्टी भएकाले हामी अदालतको निर्णय मान्छौं । तर, निर्णयमा गरिएको व्याख्या हामीलाई चित्त बुझेको छैन । हाम्रो पुनरावेदनमा जाने वैधानिक बाटो बाँकी छ,' खड्काको भनाइ उद्धृत गर्दै एक निवर्तमान केन्द्रीय सदस्यले भने ।

उनले पार्टीका सबै पक्षलाई समेटेर लैजाने जिम्मेवारी सभापति र उपसभापतिको भएको पनि बताएका छन् । 'हामी पार्टी एकताबद्ध रहोस् भन्नेमा छौं । त्यो नेतृत्वको हातमा छ । त्यो जिम्मेवारी सभापति र उपसभापतिको हो । उहाँहरूले पार्टी एकताबद्ध बनाउन चाहनुपऱ्यो,' खड्काले भने ।

उनले सभापति थापासँग पार्टी एकताकै विषयमा छलफल भएको पनि जानकारी दिए । 'उहाँ मेरो निवासमा आउनुभएको थियो । समसामयिक राजनीतिक साथै पार्टी एकताबद्ध बनाउने विषयमा कुराकानी भयो । सहमतिको खाका ल्याउन भनेको थिएँ, अहिलेसम्म आएको छैन,' खड्काको भनाइ थियो ।

१५औं महाधिवेशन गर्न विशेष महाधिवेशनबाट आएको अहिलेको केन्द्रीय समिति र १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिलाई मिलाउनुपर्ने खड्काको प्रस्ताव छ । दुवै समिति मिलाएर १५औं महाधिवेशन आयोजक समिति गठन गर्नुपर्ने, क्रियाशील सदस्यता व्यवस्थापन समितिदेखि निर्वाचन समितिसम्ममा सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने खड्काको प्रस्ताव छ ।

नेता मीनबहादुर विश्वकर्माले निर्वाचन समीक्षा, निर्वाचनमा पराजयको कारण खोज्ने, १५औं महाधिवेशन कसरी सम्पन्न गर्ने र पार्टी एकता कसरी कायम राख्ने भन्ने विषयमा छलफल गरेको बताए । 'निर्वाचन समीक्षा, पार्टी पराजयको कारण र १५औं महाधिवेशनलाई एकताको महाधिवेशन कसरी बनाउने भन्नेबारे छलफल हो,' उनले भने ।

खड्काको भेलामा सहभागी नभएको शेखर कोइराला समूह अलग्गै मोर्चाबन्दीमा छ । खड्काको भेलामा निवर्तमान उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीद्वय बद्री पाण्डे, जीवन परियारलगायत नेता सहभागी भएनन् । सर्वोच्चले विशेष महाधिवेशन पक्षधरलाई मान्यता नदिएसम्म भने शेखर पक्ष पनि खड्काले बोलाएको भेलामा सहभागी हुँदै आएको थियो ।

सर्वोच्चको आदेशपछि भने कोइराला पक्ष छुट्टै छलफलमा छ । कोइरालाले यही १७ वैशाखमा आफू पक्षधर नेताहरूको भेला बोलाएका छन् । बागमती प्रदेशस्तरीय भेलाको तयारी रहेको उनीपक्षीय नेता जीवन परियारले बताए । 'बागमती प्रदेशस्तरीय भेलाको तयारीमा छौं । निवर्तमान पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी र जिल्ला नेतृत्व बस्छौं,' उनले भने ।

असन्तुष्ट पक्षलाई समेटेर लैजानु थापाका निम्ति मुख्य चुनौती बनेको छ । इतरपक्ष राजनीतिक रूपमा अघि बढेको स्थितिमा पेलेर जान खोजे पार्टी विभाजनको जोखिम छ । कांग्रेसमा गुटगत राजनीतिक नौलो होइन । यसअघि कांग्रेसमा गुटगत भागबन्डा हुँदै आएको थियो । विशेष महाधिवेशनमा पनि एक पक्ष मात्रै सहभागी थियो । तर, संस्थापन पक्षले अब गुटबन्दी नचल्ने चेतावनी दिँदै आएको छ ।

कांग्रेस प्रवक्ता देवराज चालिसे सबैलाई समेटेर जान तयार रहेको बताउँछन् । '१५औं महाधिवेशन सबै मिलेर सफल पार्नुपर्छ । हामी सबैलाई समेटेर जान तयार छौं । आजको स्थितिमा झन् एकताबद्ध कांग्रेसको खाँचो छ । यो तथ्यलाई सबैले मनन गर्नुपर्छ,' प्रवक्ता देवराज चालिसेले भने, 'गुटबन्दी गरेर कहीँ पुगिँदैन । १५औं महाधिवेशनमा प्रतिस्पर्धा गरेर नेतृत्वमा पुग्ने बाटो खुला नै छ ।'

राजनीतिक विश्लेषक माधव न्यौपानेले पुरानो प्रजातान्त्रिक राजनीतिक दल कांग्रेसमा अप्ठ्यारो परेको स्थितिमा नेतृत्व लिने र एक ढिक्का भएर अगाडि बढेको इतिहास रहेको बताए । उनले नेताहरूको परिपक्वता र राजनीतिक दूरदृष्टिमा कांग्रेसको अगाडिको बाटो तय हुने उनको भनाइ छ ।

'जेन-जी मुभमेन्टको पछाडि राजनीतिक दलका शीर्ष नेतृत्वको विकल्पको खोजी भएको थियो । आन्दोलनपछि कांग्रेसमा विशेष महाधिवेशन भयो । कांग्रेस परिपक्व भएर एक ढिक्का हुनुपर्ने थियो । गगन थाप पक्षधरले जेन-जी आन्दोलनलाई आत्मसात् गर्न सक्यो, तर अर्को पक्षले आत्मसात् गर्न सकेन । यही कारणले कांग्रेसमा दुईलाइन शक्ति-संघर्ष देखिएको छ,' उनी भन्छन्, 'राजनीति भनेकै शक्तिको संघर्ष हो । सहमति र एकता, शक्तिका लागि समानान्तर गतिविधि र औपचारिक विभाजनको विकल्प कांग्रेसमा छ । यीमध्ये कुन बाटो रोज्ने भन्ने हो । नेताहरूको परिपक्वता र राजनीतिक दूरदृष्टिमा त्यो निर्भर रहन्छ । मेरो बुझाइमा कांग्रेस विभाजित हुँदैन ।'

नेकपाको आह्वान...

पृष्ठ १ बाट क्रमशः

भएर अगाडि बढ्न सम्पूर्ण देशभक्त र लोकतान्त्रिक शक्तिलाई आह्वानसमेत गरेको छ । पारित प्रस्तावमा छ, 'अन्त्यमा, देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न यो बैठक सम्पूर्ण देशभक्त र लोकतान्त्रिक शक्तिलाई आह्वान गर्दछ ।'

बैठकले सरकारले सुशासनको नाममा राजनीतिक दलका नेता, राष्ट्रसेवक कर्मचारी, उद्योगी व्यवसायीमाथि धरपकड र कारबाही गर्दा अपरिपक्व र पूर्वाग्रयुक्त भनी टिप्पणी भइरहेको भन्दै नेकपाले सरकारका हरेक काम-कारबाही कानुनसम्मत, निष्पक्ष, पारदर्शी र जवाफदेही हुनुपर्ने माग गरेको छ । सुशासनको पक्षमा सम्झौतारहित र पूर्वाग्रहरहित हुनुपर्नेमा नेकपाले जोड दिएको छ । बेपत्ता नागरिकको खोजी तथा सत्य निरूपण मेलमिलाप आयोगका कार्यलाई तीव्रता दिन र शान्ति प्रक्रियाका बाँकी काम यथाशीघ्र टुंगो लगाउन बैठकले माग गरेको छ ।

नेकपाले राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाका गम्भीर र संवेदनशील विषयमा राष्ट्रिय सहमति कायम गरेर मात्र निर्णय गर्न सरकारको ध्यानाकर्षण गराएको छ । सरकारका राम्रा कामको समर्थन र गलत कार्यहरूको प्रतिवाद गर्दै रचनात्मक एवं जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णय पनि बैठकले गरेको छ । 'वर्तमान सरकार राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको रक्षा, जनजीविका र रोजगारीको प्रवर्द्धन, सामाजिक न्यायसहितको समृद्धि, सुशासन तथा असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने दिशामा अगाडि बढोस् । हाम्रो पार्टीले सरकारका राम्रा कामको समर्थन र गलत कार्यको प्रतिवाद गर्दै रचनात्मक एवं जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नेछ,' पारित समसामयिक प्रस्तावमा छ ।

यस्तै बैठकले अत्यधिक मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न सरकारसँग माग गरेको छ । प्रवक्ता प्रकाश ज्वालाका अनुसार पेट्रोलियम पदार्थमा मूल्यवृद्धि अकासिएका कारण खाना पकाउने ग्यास, सार्वजनिक यातायातको भाडा, दैनिक उपभोग्य वस्तुहरूको मूल्य अनियन्त्रित रूपमा वृद्धि भएको नेकपाको निष्कर्ष छ । सरकारले सयभन्दा बढी मूल्यका मालसामानमा भन्सार असुल्ने नाममा सिमानाका भन्सार नाकामा गरेको कठोर व्यवहारले सर्वसाधारण जनताको दैनिक जीवनमा अत्यन्त नकारात्मक असर परेको भन्दै नेकपाले अव्यावहारिक निर्णय फिर्ता गर्न र सीमाक्षेत्रका गरिब जनतालाई सास्ती दिने कठोर व्यवहार तुरुन्त बन्द गर्न सरकारसँग माग गरेको छ । बैठकले गत २३ र २४ भदौको घटनाको छानबिन गर्न गठित कार्की आयोगको प्रतिवेदन असन्तुलित र पूर्वाग्रहयुक्त देखिएको ठहर गरेको छ । 'प्रतिवेदनमा २४ भदौको विध्वंसकारी घटनाको बारेमा पूर्ण छानबिन भएको देखिँदैन । यो बैठक गत २४ भदौको घटनाको समेत निष्पक्ष छानबिनको माग गर्दै २३ र २४ भदौको घटनाका दोषीहरूलाई विनापूर्वाग्रह कारबाहीको माग गर्दछ,' प्रस्तावमा भनिएको छ । बैठकले संविधानप्रदत्त आवासको हकलाई स्मरण गराउँदै विस्थापित सुकुमवासीलाई यथाशीघ्र सुरक्षित आवासको प्रबन्ध मिलाउन र सुकुमवासी समस्याको दीर्घकालीन र वैज्ञानिक समाधान खोज्न सरकारसँग माग गरेको छ ।

■ चिकित्सकलाई ज्यान मार्ने धम्की

भेरी अस्पतालको ओपिडी सेवा अनिश्चित



बाँकेमा **विश्वराज पछ्लडङ्गया**

नेपालगन्जस्थित भेरी अस्पतालको ओपिडी सेवा अनिश्चितकालका लागि बन्द भएपछि उपचारमा आएका बिरामी मर्कामा परेका छन् । बैजनाथ गाउँपालिका- ६ की ६२ वर्षीया दिलसरा विकको उपचारका क्रममा मृत्यु भएको घटनालाई लिएर १०-१२ जना युवाको समूहले अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नीराजन सुवेदीमाथि हातपात प्रयास गरेको भन्दै चिकित्सकले ओपिडी सेवा बन्द गरेका हुन् ।

चिकित्सकले ओपिडी सेवा बन्द गरे पनि आकस्मिक सेवा भने सुचारु राखेका छन् । दैनिक हजारभन्दा बढी बिरामी उपचारका लागि आउने गरेको भेरी अस्पतालका सूचना अधिकारी डा. संकेत रिसालले बताए । 'विभिन्न रोगका बिरामी उपचारका लागि आउँछन् । दैनिक हजारभन्दा बढीले सेवा लिएको तथ्यांकबाट देखिन्छ,' उनले भने ।

● **डा. नीराजन सुवेदी**
प्रमुख, भेरी अस्पताल



मृतकका आफन्तले सार्वजनिक रूपमा चिकित्सकको ज्यान मार्ने, हातखुट्टा भाँच्ने धम्की दिएका छन् । आफ्नो ज्यान जोखिममा राखेर काम गर्न नसक्ने डाक्टरसाबहरूले भन्नुभएको छ । ज्यान मार्ने धम्की दिनेविरुद्ध किटानी जाहेरी दिएका छौं । काम गर्ने वातावरण नबन्दासम्म ओपिडी सेवा दिनुस् भन्न सक्ने अवस्था पनि छैन ।

चिकित्सकले ओपिडी सेवा बन्द गरेपछि जाँच गराउन नपाएको राप्ती सोनारी गाउँपालिका- ९, ढकेरीकी रूपादेवी खत्रीले बताइन् । 'पालो आउनै लागेको थियो । डाक्टरसाबहरू जाँच गरिरहनुभएको थियो । अकस्मात् उठेर गएपछि फर्केर आउनुभएको छैन,' भेरी अस्पतालको ओपिडीनजिकै भेटिएकी खत्रीले भनिन् ।

बर्दियाका भीमराज भुसालले पनि उपचार नपाएकोमा गुनासो गरे । ससुराको उपचारका लागि भेरी अस्पताल आएका उनी पनि चिकित्सकको पर्खाइमा थिए । 'डाक्टरहरू आन्दोलनमा हुनुहुन्छ भन्ने सुनेका छौं, आउनुहुन्छ कि भनेर पर्खिरहेका छौं,' उनले भने ।

मृतकका आफन्तले ज्यान मार्ने धम्की दिएका कारण काम गर्ने वातावरण नभएको भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नीराजन सुवेदीले बताए । 'मृतकका आफन्तले सार्वजनिक रूपमा चिकित्सकको ज्यान मार्ने, हातखुट्टा भाँच्ने धम्की दिएका छन् । आफ्नो ज्यान जोखिममा राखेर काम गर्न नसक्ने डाक्टरसाबहरूले भन्नुभएको छ,' उनले भने ।

ज्यान मार्ने धम्की दिएका व्यक्तिको नाममा किटानी जाहेरी दिएको उनले बताए । 'ज्यान मार्ने धम्की दिनेविरुद्ध किटानी जाहेरी दिएका छौं । काम गर्ने वातावरण नबन्दासम्म ओपिडी सेवा दिनुस् भन्न सक्ने अवस्था पनि छैन,' सुवेदीले भने ।

मृतकका आफन्तले मुटुरोग विशेषज्ञ डा. विकास नेपालविरुद्ध प्रहरीमा जाहेरी दिएको आफूले सुनेको उनले बताए । मुटुमा समस्या देखिएपछि दिलसरालाई एक साताअघि उपचारका लागि भेरी अस्पताल भर्ना गरिएको थियो । उनको आइतबार उपचारका क्रममा मृत्यु भएको हो । चिकित्सकको लापरबाहीले मृत्यु भएको मृतकका परिवारले आरोप लगाएका छन् ।

कोठा नपाएर भौंतारिँदै सुकुमवासी बस्तीबाट हटाइएका नागरिक

एक हजार १३६ परिवारका चार हजार ८०४ जना आए सरकारको सम्पर्कमा

■ उपत्यका विकास प्राधिकरणकी प्रमुख आयुक्त **जानुका ढकाल** भन्छिन्-



अझै पनि कतिपयले नाम टिपाइरहनुभएको छ, संख्या थपिँदै छ, तर त्यसमा थप स्क्रिनिङको काम बाँकी छ, टहराबाट हटेपछि आफूलाई सुकुमवासी भनेर दाबी गर्नुभएकाको विवरणमा थप रुजु हुन्छ । भूमि आयोग, सहरी विकास मन्त्रालय, प्राधिकरण र काठमाडौं महानगरपालिकाले सुकुमवासी व्यवस्थापनको तयारी संयुक्त रूपमा गरिरहेका छौं ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

काठमाडौं उपत्यकाका विभिन्न स्थानका सुकुमवासी बस्ती भत्काउँदा बिचल्लीमा परेका एक हजार १३६ परिवार सरकारको सम्पर्कमा आएका छन् । उनीहरूको विवरण काठमाडौं महानगरपालिका र उपत्यका विकास प्राधिकरणले राखेको छ । तर, त्यसमा थप स्क्रिनिङको काम बाँकी छ ।

हाल सरकारले सुकुमवासीलाई कीर्तिपुर रामघाटको राधास्वामी सत्संग आश्रम, गोंगबु, सिनामंगल र सुन्धारा क्षेत्रका होटेलमा राखेको छ । तर, ती ठाउँमा सीमित संख्यामा मात्रै बस्छन् । अधिकांश परिवार सरकारले दिएको ठाउँमा असहज हुने भन्दै आफैं विकल्प खोजेर अन्यत्रै बस्न थालेका छन् । कतिपय आफन्तकहाँ बसेका छन् भने कतिपयले कोठा खोजेका छन् । तर, यो समयमा कोठा खोज्दा भौंतारिनुपरेको र कोठा पाउन निकै सकस परेको उनीहरूको गुनासो छ ।

कोठा नभेटिएकै कारण मनोहरा र सिनामंगल क्षेत्रका कतिपय सुकुमवासीले आफ्ना सामान अझै सुरक्षित स्थानमा सार्न सकेका छैनन् । 'टहरो भत्काएको ठाउँभन्दा बाहिर त्रिपालले छोपेर सामान राखेको छु, साँझ आफन्तकहाँ जान्छु, दिनभरि सामान कुरेर बस्छु,' मंगलबार सिनामंगल क्षेत्रमा भेटिएका बुद्धि तामाङले भने, 'चार दिनदेखि कोठा नै भेटिएको छैन, सरकारले होटेलमा बस्न भनेको रहेछ, तर सामान होटेलमा लैजान दिँदैन ।'

सरकारले भनेको ठाउँमा जाँदा सामान नै लैजान नदिने गरेको सुकुमवासीको दुखेसो छ । 'सामान त्रिपुरेश्वर राखेर होटेलमा गएर बस्नुपर्ने रे, त्यहाँ पनि प्याकेटको खाना दिने रहेछ, त्यसले पेट भरिँदैन,' सिनामंगलमा भेटिएका सनम थापाले भने, 'चारजनाको परिवार छ, कोठामा बसौं भनेर चार दिनदेखि खोजिरहेको छु, भेटिएकै छैन, पैसा तिरेर बस्छौं भन्दा पनि कोठा दिँदैनन्, कतिपयले १० हजार पर्ने कोठालाई २० हजार भन्छन्,' उनले भने, 'अहिलेसम्म त आफन्तले खान-बस्न दिएका छन्, तर सरकारले बोलाएको ठाउँमा जाँदा सामान कहाँ राख्ने ठेगानै छैन ।'



सिनामंगलस्थित बागमती करिडोरमा चार दिनदेखि पालमा बस्दै आएका सुकुमवासी ।

उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त जानुका ढकालले हालसम्म एक हजार १३६ परिवारका चार हजार ८०४ सदस्यले नाम टिपाएको जानकारी दिइन् । तर, उनीहरू सबैको खानपान तथा बसोबास सरकारले व्यहोर्नुपरेको छैन । हाल राधास्वामी सत्संग आश्रममा ३२ परिवारका १४७ जना र ४०७ जना सरकारकै व्यवस्थापनमा विभिन्न होटेलमा छन् । अन्य दुई हजार ४०१ जना आफैं व्यवस्थापन गरेर डेरा, आफन्त वा साथीभाइको आश्रयमा छन् ।

अन्य चार हजार २५० जना आफ्नै व्यवस्थापनमा बसेको काठमाडौं महानगरपालिकाले जनाएको छ । 'अझै पनि कतिपयले नाम टिपाइरहनुभएको छ, संख्या थपिँदै छ, तर त्यसमा थप स्क्रिनिङको काम बाँकी छ, टहराबाट हटेपछि आफूलाई सुकुमवासी भनेर दाबी गर्नुभएकाको विवरणमा थप रुजु हुन्छ,' उनले भनिन्, 'भूमि आयोग, सहरी विकास मन्त्रालय, प्राधिकरण र काठमाडौं महानगरपालिकाले सुकुमवासी व्यवस्थापनको तयारी संयुक्त रूपमा गरिरहेका छौं ।'

हाल सुकुमवासीलाई स्थायी रूपमा के गर्ने भनेर सरकारले निचोड निकाल्न भने सकेको छैन । तर, नार्गाजुनमा बनेको अपार्टमेन्टमा २३३ परिवारलाई राख्ने गरी उक्त भवन मर्मतसम्भारको कार्य भइरहेको छ । त्यहाँ नअटेकालाई अन्यत्र ठाउँ खोजिँदै गरिने सहरी विकास मन्त्रालयले जनाएको छ । त्यस्तै, विकल्पका लागि भक्तपुर खरिपाटीमा रहेको विद्युत् तालिम केन्द्र र बोडेमा रहेको कृषि विकास बैंकको तालिम केन्द्रमा पनि राख्ने सहरी विकास मन्त्रालयको तयारी छ । हाल सुकुमवासीलाई राखिएको आश्रम र होटेलमा प्याकेट खाना वितरण गर्ने गरिएको छ । तर, उक्त खानेकुरा अपुग भएको गुनासो आउन थालेको छ ।

सरकारले शनिबार, आइतबार र सोमबारदेखि बागमती नदी र मनोहरा नदीकिनारका करिब एक हजार ६ सय घरटहरा भत्काएको थियो । घरटहरा भत्काएपछि त्यहाँ बस्नेले आ-आफ्नो सामान बाहिर सारेका थिए । अन्य स्थानमा घरजग्गा हुनेले सूचनाकै आधारमा सामान सारेका थिए भने विकल्प नहुनेले टहराबाहिर सामान झिकेका थिए । हालसम्म कतिपय सरकारी व्यवस्थापन बसेका छन् भने कतिपय कोठामा सरेका छन् । केहीले कोठा नपाएका कारण रंगशालालगायत ठाउँमा सामान राख्ने गरेका छन् । सरकारले तोकिदिएको ठाउँमा कोचाकोच र अव्यवस्थित रहेको भन्दै कतिपय आफैं डेरा खोजेरसमेत सर्न थालेका छन् ।

उपत्यका विकास प्राधिकरणको तथ्यांकअनुसार उपत्यकाका विभिन्न अतिक्रमित क्षेत्रहरूमा ठूलो संख्यामा सुकुम्वासी घरपरिवार बसोबास गर्दै आएका थिए । शान्तिनगरमा ४७६, गैरीगाउँमा १६२, थापाथलीमा १४३, गोठाटारमा ७७ र मनोहरा टोलमा १३ गरी ८७१ घरपरिवार रहेको तथ्यांकले देखाएको छ । महानगरले सार्वजनिक जग्गा संरक्षण, नदी किनारको व्यवस्थापन तथा सहरी सौन्दर्यकरणलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ । साथै, विस्थापित भएका परिवारको व्यवस्थापन र पुनर्स्थापनाका विषयमा संघीय सरकार तथा सम्बन्धित निकायसँग समन्वय भइरहेको पनि महानगरको भनाइ छ ।

संक्षेप

सरकारी पदाधिकारीबाट प्रधानमन्त्री कार्यालयले खोस्यो ६२२ गाडी

काठमाडौं / पहुँचका बलमा कानुनले नदिएको सवारी सुविधा उपयोग गरिरहेका सरकारी पदाधिकारीबाट सरकारले ६२२ वटा सवारीसाधन फिर्ता लिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार विभिन्न मन्त्रालय, मन्त्रालयअन्तर्गतका निकाय र संवैधानिक आयोगबाट ती सवारीसाधन फिर्ता लिइएको हो । सहसचिव र त्यसभन्दा माथिका कर्मचारी वा पदाधिकारीले मात्र कानुनबमोजिम गाडी सुविधा पाउँछन् । तर, पहुँचका बलमा कर्मचारी तथा पदाधिकारीले कानुनले नदिने सुविधा उपयोग गर्दै आएकामा उक्त सुविधा खोसिएको हो । प्रधानमन्त्री कार्यालयका अनुसार प्रचलित कानुनविपरीत पहुँचका भरमा सरकारी सवारीसाधनको सुविधा लिइरहेका कर्मचारी तथा पदाधिकारीबाट सवारीसाधन फिर्ता लिने प्रक्रिया जारी छ ।

पूर्वप्रधानाध्यापक र लेखापालविरुद्ध भ्रष्टाचार मुद्दा

झापा / अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दमक नगरपालिका- २ स्थित हिमालय माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक ओमप्रसाद उपाध्याय आचार्य र लेखापाल दयासागर आचार्यविरुद्ध मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । विद्यालयमा नमुना विद्यालय भवन निर्माण गर्दा मूल्यांकनभन्दा बढी मूल्यको निर्माण भएको भनी झुटा बिल भर्पाई बनाई बढी भुक्तानी दिएको-लिएको तथा विद्यालयको नगद रकम व्यक्तिगत प्रयोग गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

ब्राउनसुगरसहित पक्राउ

लहान / सिराहाको गोलबजारबाट प्रहरीले कडा खालको मानिने प्रतिबन्धित लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार ब्राउनसुगरजस्तो पदार्थ बिक्री-वितरण गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले गोलबजार- ६ स्थित घरबाट करिब २५ वर्षीय शेखरकुमार साहलाई पक्राउ गरेको हो । प्रहरीले खानतलासीका क्रममा साहको घर कोठाबाट लुकाएर राखेको ६ ग्राम ६३० मिलिग्राम र नगद ३८ हजार ३८५ रुपैयाँसमेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ । गोलबजार प्रहरी प्रमुख प्रहरी निरीक्षक सुदन केसीका अनुसार साहलाई गोलबजार प्रहरीमा राखेर थप अनुसन्धान सुरु गरिएको छ ।

अब सेवाग्राहीको घरमै राहदानी

धादिङमा **अर्जुन श्रेष्ठ**

जिल्ला प्रशासन कार्यालय धादिङ र जिल्ला हुलाक कार्यालयबिच सेवाग्राहीको घरमै राहदानी (पासपोर्ट) पुऱ्याउनेसम्बन्धी औपचारिक सम्झौता भएको छ । जिल्लाभरका सबै स्थानमा हुलाकमार्फत सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने गरी मंगलबार दुई कार्यालयबिच सम्झौता गरिएको हो । मन्त्रिपरिषद्को गत १३ चैतको बैठकले शासकीय सुधारसम्बन्धी सय कार्यसूची सार्वजनिक गरेको थियो । सोहीअनुसार सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले दुई सेवा प्रदायकबिच मंगलबार सम्झौता गरिएको हो ।

७ वैशाखबाट बनाइएका सबै राहदानी सेवाग्राहीको चाहना र आवश्यकताअनुसार घरघरमा पुऱ्याइने धादिङका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताए ।

'राहदानी आवेदन दिने क्रममा सेवाग्राहीले राहदानी कहाँ लिने भनेर भरेको आधारमा हुलाक सेवामार्फत घरमै डेलिभरी दिने व्यवस्था मिलाइएको छ । जिल्ला प्रशासन कार्यालय वा घरमै नागरिकता लिन सकिने प्रावधान छ,' उनले भने ।

जिल्लाका विकट क्षेत्रबाट मोटो रकम खर्चिएर पासपोर्ट लिन सदरमुकामसम्म आउनुपर्ने बाध्यता हट्ने उनले बताए । 'राहदानी बनाउन बायोमेट्रिकका लागि सेवाग्राही प्रशासन कार्यालय आउनैपर्ने भए पनि राहदानी तयार भइसकेपछि भने घरमै पुऱ्याउँदा उनीहरूको समय र खर्च बचत हुन्छ । अहिले तत्कालका लागि स्थायी ठेगाना र जिल्ला प्रशासनबाट लिने व्यवस्था छ । अन्तरपालिकामा पनि दिने व्यवस्था आए त्यो पनि गर्न सकिन्छ,' उनले भने ।

सेवा घरदैलोमै पाएबापत सेवाग्राहीले अतिरिक्त शुल्क तिर्नुनपर्ने भएको छ ।

'नागरिकलाई प्रवाह गर्ने अन्य सेवा पनि घरदैलोसम्म पुऱ्याउन यो सेवाबाट सिकाइ हुन्छ । नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवा पनि घरदैलोमा दिन सक्ने अवस्था रहन सक्छ । अहिलेको मागअनुसार घरदैलोमा सेवा दिन कर्मचारी पर्याप्त छन् । माग बढी भएमा जनशक्ति थप गर्नुपर्ने पनि हुन सक्छ । नागरिकलाई सहज र घरदैलोमै सेवा दिन तत्पर छौं,' उनले भने ।

जिल्ला हुलाक कार्यालय धादिङका हुलाक अधिकृत नारायणप्रसाद पोखरेलले जिल्लाको सदरमुकाममा सोही दिन, नीलकण्ठ नगरपालिकामा तीन दिन र अन्य स्थानीय तहमा डाँक ढुवानी तालिकाबमोजिम पालिका हुलाक कार्यालयमा पुऱ्याई सक्दो चाँडो सेवाग्राहीको हातमा पार्ने बताए । 'नीलकण्ठ नगरपालिका क्षेत्रभित्र आजैदेखि र जिल्लाका अन्य पालिकामा १ जेठदेखि राहदानी वितरण सुरु गर्छौं,' उनले भने ।

■ सामान्य प्रशासन मन्त्रालयको निर्देशन-

सरुवा आएका कर्मचारीलाई हाजिर गराऊ, गएकालाई रमाना देऊ

नयाँ पत्रिका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न तहमा खटाइएका कर्मचारीलाई तत्काल हाजिर गराउन सम्बन्धित कार्यालयमा आग्रह गरेको छ । मन्त्रालयले सोमबार एक सूचना जारी गर्दै पठाइएका कर्मचारीलाई तत्काल हाजिर गराई र सरुवा भएका कर्मचारीलाई रमाना दिई आवश्यक विवरण उपलब्ध गराउन आग्रह गरेको हो ।

मन्त्रालयले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकारका कार्यालय तथा मुड्केचुला गाउँपालिकासँग विवरण मागेको जनाएको छ । सोमबार एक सूचना जारी गर्दै मन्त्रालयले



कर्मचारीलाई समेत तीन दिनभित्र अनिवार्य रूपमा हाजिर हुन तथा रमाना लिन निर्देशन दिएको छ । मन्त्रालयले विभिन्न स्थानमा खटाइएका कर्मचारी हालसम्म कार्यस्थलमा नपुगेको गुनासो आएपछि सूचना निकालेको हो । सूचनामा तोकिएको समयभित्र हाजिर नभए कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने भनिएको छ ।

■ फुकोट-कर्णाली जलविद्युत् आयोजनाबारे सर्वोच्चको आदेश

राष्ट्रिय हितलाई केन्द्रमा राखेर दीर्घकालीन उपभोग हुने गरी बहुपक्षीय लगानी सम्झौता गर्नुपर्छ

शिल्पा कर्ण / नयाँ पत्रिका

सर्वोच्च अदालतले राष्ट्रिय हितलाई ध्यानमा राखेर दीर्घकालीन सम्झौता गर्न आदेश दिएको छ । विद्युत् परियोजना निर्माण सम्झौता खारेजीको माग गर्दै दायर रिटउपर सर्वोच्चको संयुक्त इजलासबाट यस्तो आदेश भएको हो ।

'नेपालका जलविद्युत् आयोजना निर्माणको अवस्था विश्लेषण गर्दा लगानीको अभावमा अलपत्र परेको, आयोजनाहरूमा राजनीतिक अभीष्ट पूरा गर्नका लागि देशको प्राकृतिक सम्पदा र स्रोतलाई चीरकालसम्म दीर्घकालीन असर पर्ने गरी राष्ट्रिय हितविपरीतका जलविद्युत् सम्बद्ध आयोजना विकास सम्झौताहरूसमेत हुन गई सोबाट उम्कनै नसक्ने गरी सम्झौतामा चुक्नु देशको राष्ट्रिय हितविपरीत हुन आउँदछ । यस प्रकार राष्ट्रिय हितलाई केन्द्रमा राखेर दीर्घकालीन स्वउपयोगको किसिमबाट देशको जलसम्पदाको उपयोगका लागि द्विपक्षीय तथा बहुपक्षीय लगानी सम्झौता गरिनुपर्दछ,' फैसलामा छ ।

न्यायाधीशहरू हरिप्रसाद फुयाँल र शारंगा सुवेदीको इजलासले यस्तो फैसला गरेको हो । एशुदाकुमारी बराल र अजयबहादुर शाहीले दायर गरेको रिटउपर गत वर्ष १६ भदौमा भएको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएकोमा त्यसमा सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी भएको छ ।

जलस्रोतको धनी देश भएकाले विकासको निम्ति यसको प्रयोग अनिवार्य भए पनि विदेशी कम्पनीको संलग्नतालाई सूक्ष्म रूपमा अध्ययन गरिनुपर्ने न्यायाधीशद्वयको मत छ । 'आयोजनामा लगानी भित्र्याउने सन्दर्भमा सोको उपयोगको दीर्घकालीन सम्झौताबाट समेत देशको सार्वभौमसत्ता,



अखण्डता र प्राकृतिक स्रोतको उपयोगमा समेत परनिर्भरतामा रहनुपर्ने अवस्थाको द्योतकका रूपमा फुकोट-कर्णाली जलविद्युत् आयोजनासमेतका सम्झौतासमेत नहोऊन् भन्ने सन्दर्भमा नेपाल सरकार पक्ष सदैव सचेत र सजग हुनु जरुरी देखिन्छ,' फैसलामा छ ।

बराल र शाहीले दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा, अर्थ, वन मन्त्रालयका साथसाथै विद्युत् विकास विभाग, विद्युत् उत्पादन कम्पनी लिमिटेड, विद्युत् प्राधिकरण, फुकोट कर्णाली हाइड्रोपावर प्रोजेक्टको कार्यालयलगायतलाई विपक्षी बनाइएको थियो । ०८० जेठमा कर्णाली नदीमा ४८० मेगावाटको फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना विकास गर्न सरकारको लगानी रहेको विद्युत् उत्पादन कम्पनीले भारतीय लगानी रहेको कम्पनी संयुक्त कम्पनी एनएचपिसी लिमिटेडसँग सम्झौता गरेको थियो । यसअघि कोशी, गण्डकी, महाकाली नदीको पानी र जलविद्युत् सम्बन्धमा भारतबाट ठगिएको महसुस गरेकाले आफूहरूले उक्त सम्झौता पनि अध्ययन गरेको र त्यसबाट नेपाललाई दीर्घकालीन अहित हुने देखेको निवेदकको दाबी थियो । यसबाट उत्पादन हुने बिजुली र पानीमा समेत भारतकै मात्र अधिकार स्थापित हुने गरी रहेको र नेपालीको हितका लागि सो सम्झौता रोक्नुपर्ने माग रिटमा थियो ।

निवेदकहरूले नेपाल र नेपालीको आर्थिक उन्नतिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने आकर्षक जलविद्युत् आयोजना भारतीय कम्पनीको हातमा सुम्पिने कार्यमा जलविद्युत् कम्पनी, कानुन मन्त्रालय, अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्समेत सामेल रहेकाले मन्त्रिपरिषद्बाटै निर्णय भएको दाबी गरेका थिए । यो सम्झौता कार्यान्वयनमा रोक लाग्नुपर्ने माग रिटमा थियो ।

एनएचपिसीले ५१ प्रतिशत लगानीमा संयुक्त लगानीको कम्पनी स्थापना गर्ने, नेपालले केवल २१.९ प्रतिशत बिजुली पाउने, प्रभावित हुने कर्णाली प्रदेशका नागरिकसँग संवाद वा सहमति नलिएको जस्ता कारणले यो आयोजनाबाट भारतीय कम्पनी पछाडि हट्नुपर्ने माग निवेदकको थियो । साथै यसअघि पनि भारतीय कम्पनीले विभिन्न हाइड्रो प्रोजेक्टको जिम्मा लिई पूरा नगरेको अवस्थामा यो पनि अपूरै रहने र भारतले ओगट्ने भएकाले यसलाई कार्यान्वयनको चरणमा जानबाट रोक्नुपर्ने माग निवेदकको थियो ।

यसैमाथि फैसला गर्दै यसअघिका नजिरसमेत टेकी सर्वोच्चले विद्युत्लाई प्राकृतिक स्रोत मान्न नमिल्ने निष्कर्ष निकालेको हो । यसमा संसदीय अनुमोदनसमेत नचाहिने भन्दै आयोजनाका लागि वित्तीय व्यवस्थापनसँग सम्बन्धित आपसी समझदारी रहेको ठहर गर्दै सर्वोच्चले यो अन्तर्राष्ट्रिय सन्धि नभई नेपालको कानुनबमोजिम कार्यान्वयन हुने करारीय दायित्वको विषय भएको जनाएको छ ।

'विद्युत् उत्पादन र बाँडफाँटको विषयमा नेपाल सरकारको विद्युत् उत्पादन कम्पनी लिमिटेड र भारत सरकारको एनएचपिसी लिमिटेडबिच भएको विद्युत् सर्वेक्षण सम्झौतालाई प्राकृतिक स्रोतको बाँडफाँटको विषय सन्निहित सम्झौता मान्न मिल्ने देखिएन । सो सम्झौता प्राकृतिक स्रोतको उपयोग गर्दा नेपालको पुँजी अपुग भएमा विदेशी पुँजीसमेत परिचालन गर्नुपर्ने हुन्छ,' संयुक्त इजलासले भनेको छ ।

आरोपको आँधीमा गृहमन्त्रीको राजीनामा

राजीनामा वा पदमुक्ति पारदर्शिता वा नैतिकताको प्रश्नको अन्तिम विकल्प हुनुपर्छ, यसलाई पहिलो रोजाइ बनाइनुहुँदैन



● प्राडा गान्धी पण्डित

अग्रलेख



वर्तमान संवैधानिक र प्रशासनिक परिदृश्यमा सार्वजनिक पदमा आसीन व्यक्तित्वविरुद्ध सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा उठ्ने आरोप, विशेषगरी सम्पत्ति आर्जन, पारदर्शिता र उत्तरदायित्वसँग सम्बन्धित प्रश्न, राष्ट्रिय बहसको केन्द्र बनेका छन् । हालैका दिनमा गृहमन्त्री सुधन गुरुङविरुद्ध स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्समा सेयर लगानीलाई लिएर सार्वजनिक रूपमा गम्भीर प्रश्न उठे, जसका कारण उनले नैतिकताका आधारमा गृहमन्त्री पदबाट राजीनामा दिए । यसै सन्दर्भमा बालेन सरकारबाट सुशासन र पारदर्शिताका आधारमा एक महिनाभित्रै दुई मन्त्री पदमुक्त भइसकेका छन् । यसरी पत्रपत्रिका र सामाजिक सञ्जालमा आएका रिपोर्ट, सूचना र देखिएका सतही प्रमाणका आधारबाट सिर्जित सार्वजनिक दबाबका कारण सार्वजिनक पदमा रहेका व्यक्ति तुरुन्तै पदमुक्त हुने प्रवृत्तिलाई प्रोत्साहित गरिएमा यस्ता कदमले निम्त्याउने कानुनी जटिलता, संवैधानिक मर्यादा एवं विधिसम्मत उत्तरदायित्वको सीमा उल्लंघन हुन्छ, हुँदैन भन्ने बहुआयामिक प्रश्न उठेको छ ।

अभियोगको विधिसम्मत स्वरूप र वर्गीकरण : गुरुङले उल्लिखित कम्पनीमा सेयर खरिद गरेका कारणबाट सार्वजनिक रूपमा उठाइएका विवादलाई तीन आयाममा वर्गीकरण गर्न सकिन्छ । पहिलो, गुरुङ र भट्ट-शंकर समूहबिच व्यापारिक साझेदारी रहेको भन्ने दाबी, जुन विवादित बिमा कम्पनीमा गरिएको सेयर लगानीमा आधारित छ । दोस्रो, २९ चैतमा सार्वजनिक गरिएको सम्पत्ति विवरणमा सो लगानीबारे उल्लेख नभएको भन्ने आरोप । तेस्रो, सेयर खरिद तथा अन्य अचल सम्पत्ति आर्जनको स्रोत प्रमाणित नभएको अवस्था । यी तीनवटा बुँदालाई छुट्टाछुट्टै विधि र मापदण्डअन्तर्गत परख गर्नु आवश्यक छ । स्थापित प्रमाणविना लगाइएका आरोपका आधारमा तत्काल पदमुक्तिको माग गर्नुले केवल प्रशासनिक स्थिरतामा असर मात्र पर्दैन, यसले विधिसम्मत पद्धति र प्रक्रियाको मूल सारको समेत अवमूल्यन हुन पुग्छ ।

कम्पनी कानुनको प्रावधान र सेयरधनीको कानुनी हैसियत : नेपालको कम्पनी ऐन तथा व्यावसायिक विधिको मूल सिद्धान्तअनुसार साझेदारी फर्म (प्राइभेट फर्म) र लिमिटेड कम्पनी (प्राइभेट/पब्लिक) बिच मूलतः केही कानुनी भिन्नता छन् । साझेदारी फर्मको कुनै स्वतन्त्र कानुनी अस्तित्व हुँदैन, दर्ता गर्ने व्यक्ति नै प्रोप्राइटर र फर्मका मालिक हुन्छन् । निजी वा साझेदारी फर्ममा प्रोप्राइटर वा साझेदारको दायित्व असीमित हुन्छ । किनभने, फर्मले कारोबारमा आर्थिक नोक्सानी गरेमा त्यो नोक्सानी प्रोप्राइटर वा साझेदारले निजी रूपमा बहन गर्नुपर्छ । फर्मले सिर्जना गरेको दायित्व प्रोप्राइटरले र प्रोप्राइटरले सिर्जना गरेको दायित्व फर्मले बहन गर्नुपर्ने भएकाले नै फर्म दर्ता गरी गरिएको कारोबारमा प्रोप्राइटरको दायित्व असीमित हुन्छ भनिएको हो । यसविपरीत, लिमिटेड कम्पनी दर्ता भएपछि त्यस्तो कम्पनीले एउटा छुट्टै एवं स्वतन्त्र कानुनी व्यक्तित्व प्राप्त गर्छ । यस्ता कम्पनीमा सेयर लगानी गर्ने व्यक्तिको दायित्वसमेत सीमित हुन्छ । दायित्व सीमित हुन्छ भन्नुको अर्थ कुनै व्यक्तिले कुनै कम्पनीमा एक लाखको सेयर खरिद गरी सो सेयर खरिदबापतको रकम कम्पनीलाई बुझाइसकेको छ भने भविष्यमा कम्पनीले जतिसुकै नोक्सानी गरे पनि त्यस्तो आर्थिक नोक्सानी व्यक्तिगत सेयरधनीले बहन गर्नुनपर्ने हुनाले नै सेयरहोल्डरको दायित्व सीमित भनिएको हो । कम्पनी र यसका सेयरधनीबिचको सम्बन्ध कानुनी रूपमा पृथक् र स्वतन्त्र हुन्छ । सेयरधनीले कम्पनीको स्वामित्व होइन, केवल कम्पनी आफूले जारी गरिएको सेयरउपर मात्र स्वामित्व प्राप्त गर्छ । अतः, कुनै व्यक्ति कुनै कम्पनीको सेयरधनी रहेका आधारमा मात्र निज सो कम्पनीको साझेदार वा कम्पनीको व्यवस्थापकीय उत्तरदायित्व लिएको ठहरिँदैन ।

कम्पनी ऐनको स्पष्ट व्यवस्थाअनुसार, साधारण सेयरधनीको दायित्व केवल चुक्ता गरिएको सेयर रकमसम्म सीमित हुन्छ । कम्पनीको दैनिक सञ्चालन, निर्णय प्रक्रिया वा विधि उल्लंघनका कारणबाट सिर्जित दायित्व वा जिम्मेवारी केवल सञ्चालक समिति वा कार्यकारी सञ्चालकमा निहित हुन्छ । सञ्चालक समितिमा नरहेका साधारण सेयरधनीले कम्पनीका गैरकानुनी कार्यको देवानी वा फौजदारी दायित्व बहन गर्नुपर्दैन । यो सिद्धान्त व्यावसायिक विधिको सर्वमान्य सिद्धान्त र आधार हो । तसर्थ, गुरुङले उल्लिखित बिमा कम्पनीमा सेयर खरिद गर्नु मात्रले उनलाई भट्ट-शंकर समूहको व्यापारिक साझेदार ठहऱ्याउन विधि र पद्धति दुवै आधारमा मिल्दैन । कम्पनीको सेयरमा लगानी गर्नु र व्यापारिक साझेदारीमा फर्म दर्ता गरेर व्यवसाय गर्नु नितान्त फरक कानुनी अवधारणा हुन्, जसलाई सार्वजनिक बहसमा साझेदारी र कम्पनीका सेयरहोल्डर एकै हुन् भनेर बुझ्न वा बुझाउन खोजेको पाइन्छ, जुन नितान्त गलत हो । पब्लिक कम्पनीमा धेरै सेयरधनी हुन्छन्, ती सबै सेयरधनी साझेदार मानिन्नन् । बरु कुनै पनि कम्पनीभित्रका प्रत्येक सेयरधनी एक-आपसमा स्वायत्त र स्वतन्त्र मानिन्छन् ।

सम्पत्ति विवरण, स्रोतको घोषणा र प्रमाणको भार : सार्वजनिक पदमा आसीन पदाधिकारीले आफ्नो चलअचल सम्पत्ति विवरण घोषणा गर्नु सुशासनको अनिवार्य सर्त हो । तथापि, प्रारम्भिक विवरण पेस गर्दा प्रत्येक सम्पत्तिको स्रोतको विस्तृत प्रमाणीकरण तत्कालै पेस गर्न अनिवार्य हुँदैन । कानुनी प्रक्रियाअनुसार, स्रोतसम्बन्धी प्रश्न उठेमा वा विवाद उत्पन्न भएमा सरोकारवाला निकायले प्रमाण माग्न सक्छ । कुनै व्यक्तिको सम्पत्तिको परिमाण वा प्रकृति हेरेर मात्र त्यस्तो सम्पत्ति भ्रष्टाचार गरी वा अनियमिततापूर्वक कमाएको वा आर्जन गरेको भनी पूर्वानुमान गर्नु विधि वा न्यायसम्मत हुँदैन । यो सिद्धान्त केवल एक व्यक्ति विशेषमा केन्द्रीकृत भएर लागू हुँदैन, बरु सम्पूर्ण सार्वजनिक सेवा र राजनीतिक पदमा आसीन सबैलाई समान रूपमा लागू हुनुपर्छ ।

कुनै पदाधिकारीविरुद्ध सम्पत्तिको स्रोत नखुलेको भन्ने आरोप लागेमा निजले तत्कालै राजीनामा दिनुपूर्व सम्बन्धित व्यक्तिलाई आफ्नो आम्दानीको वैध स्रोत प्रस्तुत गर्ने पर्याप्त अवसर दिनु कानुनी न्यायको मूलभूत सिद्धान्त हो । प्रारम्भिक छानबिनको प्रतिवेदन वा सिफारिसबाट निजको सम्पत्तिको स्रोत अस्पष्ट वा विवादित देखिएमा मात्र निजले पदबाट राजीनामा दिनु न्याय र नैतिकताका दृष्टिले उचित एव मुनासिब देखिन्छ । अन्यथा, प्रत्येक आरोपमा तत्काल राजीनामा दिने प्रवृत्तिले विधिको निश्चितता, निष्पक्ष छानबिन र संवैधानिक संरक्षणको मर्मलाई कमजोर बनाउँछ । प्रमाणको भार आरोप लगाउने पक्षमै रहन्छ र त्यसको प्रारम्भिक पुष्टि नभएसम्म पदमुक्तिजस्ता गम्भीर कारबाही अघि बढाउनु कानुनी र संवैधानिक व्यवस्थाविपरीत देखिन्छ । त्यस्ता कार्यलाई अदालतमा कानुनी चुनौतीसमेत दिन सकिन्छ । यस्ता विषयलाई राज्यले सुशासन र पारदर्शिता कार्यान्वयन गर्ने नाममा सतही रूपमा लिनुहुँदैन । यसको मतलब सम्पत्ति आर्जनको स्रोत विवादित र शंकास्पद देखिने अवस्थामा पनि कानुनको नानाथरी व्याख्या र विश्लेषण गरी नैतिक प्रश्न अवमूल्यन हुने गरी पदमा बस्न पाउनुपर्छ भन्न खोजिएको होइन । केवल सतही रूपमा कसैविरुद्ध आरोप लागेमा वा प्रश्न उठ्दैमा त्यस्तो आरोपको मुनासिब खण्डन गर्ने अवसर नै नदिई पदबाट राजीनामा दिन बाध्य गराइएमा त्यसले सुशासन र पारदर्शिताको मर्म र भावनालाई बलियो बनाउनुभन्दा त्यसको दुरुपयोग बढ्ने प्रबल सम्भावना देखिन्छ ।

> स्थापित प्रमाणविना लगाइएका आरोपका आधारमा तत्काल पदमुक्तिको माग गर्नुले केवल प्रशासनिक स्थिरतामा असर मात्र पर्दैन, यसले विधिसम्मत पद्धति र प्रक्रियाको मूल सारको समेत अवमूल्यन हुन पुग्छ

वैधानिक प्रक्रिया, निर्दोषिताको अनुमान र मिडिया ट्रायलको प्रभाव : संविधान र प्रचलित कानुनले प्रत्येक नागरिकलाई कुनै फौजदारी आरोप लाग्दैमा ऊ दोषी हो भनी अनुमान गर्न नहुने र अदालतबाट दोषी भनी निर्णय नहुँदासम्म आरोप लागेका प्रत्येक व्यक्ति निर्दोष हुन् भनेको छ । तसर्थ, संविधानले आरोप लागेको व्यक्तिलाई अदालतबाट अन्तिम निर्णय नहुँदासम्म निर्दोषिताको संरक्षण प्रदान गरेको छ । सार्वजनिक पदमा आसीन पदाधिकारीमाथि लगाइएका आरोप पुष्टि हुनुअगावै पदमुक्ति वा राजीनामाको दबाब सिर्जना गर्नु विधिसम्मत प्रक्रियाको ठाडो उल्लंघन हो । सञ्चार माध्यम वा सामाजिक सञ्जालमा प्रकाशित कागजात प्रारम्भिक रूपमा स्थापित वा विवादरहित प्रमाणका रूपमा ग्रह्य हुन सक्दैनन्, तर ती केवल न्यायिक वा प्रशासनिक छानबिनका आधारसम्म हुन सक्छन् । सुशासन र पारदर्शिताको अवधारणालाई मिडिया ट्रायल वा सतही दबाबद्वारा कार्यान्वयन गर्न खोज्नुले सुशासनप्रतिको विश्वसनीयता र विधिको शासनप्रतिको अटल विश्वास र आस्थामा प्रतिकूल असर पार्न जान्छ ।

प्रत्येक आरोपमा तत्काल राजीनामा दिने परिपाटी स्थापित भयो भने सार्वजनिक पदको स्थिरता, नीति-निर्माणको निरन्तरता र राज्य सञ्चालनमा गम्भीर चुनौती उत्पन्न हुन सक्छ । यसले राजनीतिक प्रतिशोध, संस्थागत दुर्व्यवहार र विधिको अनिश्चितितालाई प्रोत्साहन दिन्छ । अतः, आरोप लाग्नेबित्तिकै पदमुक्ति होइन, स्वतन्त्र, निष्पक्ष र कानुनी आधारमा छानबिन समिति गठन गरी तथ्य र प्रमाणले जे स्थापित गर्छन्, सोहीबमोजिम कारबाही अगाडि बढाई प्रारम्भिक रूपमा दोषी देखिने सम्भावना भएमा पदबाट मुक्त गराउने र दोषी देखिने अवस्था नदेखिएमा पदमा निरन्तरता दिने कार्य गर्नु नै सुशासन र पारदर्शिताको वास्तविक मर्म र भावना हो ।

सुशासनको संस्थागत सुदृढीकरणका लागि चालिनुपर्ने कदम : विधिको शासन स्थापना, सुशासनको प्रत्याभूति र पारदर्शितालाई संस्थागत रूपमा सुदृढ पार्न केही न्यायिक पद्धतिको पालना र विधिसम्मत उपाय अवलम्बन गर्न मुनासिब देखिन्छ । त्यस्ता उपायमा पहिलो, सार्वजनिक पदमा आसीन उच्चपदस्थ पदाधिकारीको सम्पत्ति विवरणको घोषणालाई एकीकृत डिजिटल प्रणालीमा समावेश गर्नु हो । जसमा स्वचालित प्रणालीद्वारा प्रमाणीकरण र स्रोत विश्लेषण हुने सुविधा रहोस् ।

दोस्रो, कुनै पनि पदाधिकारीविरुद्धका आरोपको प्रारम्भिक मूल्यांकन वा विश्लेषणका लागि स्थायी रूपमा रहने गरी स्वतन्त्र न्यायिक वा अर्धन्यायिक छानबिन प्यानल स्थापना गर्नुपर्ने व्यवस्था गरियोस्, जसले १५ देखि ३० दिनभित्र कुनै पदाधिकारीविरुद्धको आरोपबारे छानबिन गरी प्रारम्भिक प्रतिवेदन पेस गर्ने बाध्यकारी व्यवस्था होस् । तेस्रो, त्यसरी प्रारम्भिक अनुसन्धान गरिँदासम्म पदबाट मुक्त हुन नपर्ने व्यवस्था हुनुपर्छ । चौथो, मिडिया र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीको वैधानिकता र आधिकारिकतामा तुरुन्तै विश्वास गरिनहाल्नेतर्फ आमनागरिकको सचेतना अभिवृद्धि अभियान सञ्चालन गर्नुपर्छ । जसले सार्वजनिक बहसलाई तथ्यपरक र विधिसम्मत ढाँचामा केन्द्रित गर्न मद्दत पुऱ्याओस् ।

निष्कर्ष : सुशासन र पारदर्शिता कुनै सतही राजनीतिक नारा मात्र होइन, बरु यो एउटा संवैधानिक मूल्य, विधिसम्मत प्रक्रिया र संस्थागत उत्तरदायित्वको समन्वय पनि हो । सार्वजनिक पद धारण गर्ने विशिष्ट व्यक्तिविरुद्धका आरोपलाई विनाप्रमाण र विनाआधिकारिक तथ्य पदमुक्तिको औजार बनाउने अवसर प्रदान गरिएमा त्यसले एकातर्फ न्यायको शासनलाई कमजोर बनाउँछ भने अर्कातर्फ विधिको शासनको मुटुका रूपमा रहेको विधि र पद्धति उपहासको पात्र बन्न पुग्छ । सुधन गुरुङको मामिलामा देखिएको परिदृश्यले नेपालको कानुनी प्रणालीमा सुदृढ छानबिन प्रक्रिया, प्रमाणका आधारमा रहेर गरिने निर्णय र संवैधानिक संरक्षणको आवश्यकतालाई जोडदार रूपमा उजागर गरेको छ । राजीनामा वा पदमुक्ति पारदर्शिता वा नैतिकताको प्रश्नको अन्तिम उपाय वा विकल्प हुनुपर्छ, यसलाई प्रारम्भिक अनुसन्धानको वेलामा गरिने पहिलो रोजाइको रूपमा ग्रहण गरिनुहुँदैन । जबसम्म सार्वजनिक पदाधिकारीले आफूमाथि लगाइएका आरोपविरुद्ध आफ्नो सफाइ पेस गर्ने मौका र प्रशासनिक प्रक्रियामा सहभागिता जनाउन पाउने अधिकार सुरक्षित र सुनिश्चित हुनुपर्छ । स्वतन्त्र निकायद्वारा गरिएको छानबिनमा प्रारम्भिक चरणमै कुनै आरोप स्थापित हुन सक्दैन भने केवल सतही आरोपका कारण तुरुन्त पदबाट हट्नुपर्ने परिपाटी रहनुहुँदैन । सार्वजनिक पदाधिकारीले कानुनबमोजिम आफ्नो सफाइ पेस गर्ने र प्रशासनिक प्रक्रियामा सहभागिता जनाउने अधिकार सुरक्षित रहनुपर्छ । यसो भएमा मात्र नेपालमा सुशासन, पारदर्शिता र विधिको शासन स्थापित हुनेछ । अन्यथा, सतही दबाब र मिडिया बहसका आधारमा लिइने निर्णयले विधिको शासनप्रतिको विश्वसनीयतामा असर पार्ने र सुशासनको अवधारणालाई राजनीतिक हतियारमा परिणत गर्ने खतरा रहन्छ ।

(पण्डित वरिष्ठ अधिवक्ता हुन्)

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



पूर्वविशिष्ट पदाधिकारीलाई उपचार खर्च र अन्य विभिन्न सुविधा दिनु कति आवश्यक हो ?

सार्वभौम जनताबाट चुनिएका जनप्रतिनिधिमूलक संस्था संसद्ले नै ऐन बनाएर पूर्वविशिष्टलाई विदेशमा उपचार गराउँदाको खर्च राज्यकोषबाट नव्यहोर्ने व्यवस्था गरिसकेको छ । तर, जनप्रतिनिधिको भावनाविपरीत क्याबिनेटबाट निर्णय गराए पूर्वविशिष्ट पदाधिकारीलाई विदेशमा उपचार गराउने नाममा करोडौँ रकम उपलब्ध गराइँदै आएको छ । तर, सर्वोच्च अदालतले त्यस्तो खर्च दिने व्यवस्था खारेज गरिदिएपछि त्यो आवश्यक रैनछ भन्ने पुष्टि भएको छ ।

पूर्वविशिष्टले राज्यकोषबाट सुविधा लिएर उपचारका नाममा विदेश जानुले कस्तो सन्देश दिन्छ ?

हाम्रा कुनै पनि पूर्वविशिष्ट पदाधिकारी केही करोड खर्चेर आफ्नो उपचार गराउन नसक्ने हैसियतका छैनन् । राज्यकोषबाट यस्तो सुविधा लिनेजति सबै सम्पन्न छन् । फेरि, उनीहरूलाई कुन रोग लागेको छ र त्यसको उपचार यहाँ किन सम्भव छैन भन्ने कहिल्यै सार्वजनिक गरिन्न । हाम्रो देशका सम्पूर्ण सर्वसाधारणको हरेक रोगको उपचार स्वदेशकै अस्पतालमा सम्भव हुने, तर वर्तमान या पूर्वविशिष्टको भने यहाँ उपचार हुनै नसक्ने कारण के हो ? त्यो कस्तो रोग हो र किन यहाँ उपचार सम्भव छैन भन्ने आमजनताले थाहा पाउनुपर्ने विषय होइन ?

यस्तो व्यवस्थाले सुशासन प्रवाहमा कस्तो प्रभाव पार्ला ?

दुर्गमका विपन्न जनताले सामान्य सिटामोल या जीवनजलसम्म नपाएर मृत्युवरण गर्नुपरेका समाचार आइरहने देशमा करोडौँ खर्चेर आफ्नो उपचार आफैँ गराउन सक्ने हैसियतका पूर्वविशिष्ट पदाधिकारीले चाहिँ उपचारका नाममा राज्यकोषबाट लाखौँ, करोडौँ पाउनुले आमजनतामा नकारात्मक प्रभाव पार्छ । उनीहरूको उपचारका नाममा राज्यले गर्ने खर्चले यहींका अस्पतालहरूलाई अत्याधुनिक सुविधासम्पन्न बनाउन तथा राज्यको औषधि उत्पादन कम्पनीलाई थप प्रभावकारी बनाउन सकिन्छ । यसतर्फ राज्यको ध्यान जानुपर्छ ।

प्रेरक प्रसंग

फाटेको मोजा

एकपटक एक धनाढ्य व्यापारीले छोरालाई आफ्नो इच्छापत्र दिँदै भने- छोरा, म मरेपछि मेरा खुट्टामा यी फाटेका मोजा लगाइदिनू । यो मेरो जीवनको अन्तिम इच्छा हो । यसलाई जसरी पनि पूरा गरिदिनू ।

केही समयपछि व्यापारीको मृत्यु भयो । बाबुको मृत्युपछि छोराले बाबुको अन्तिम इच्छा सम्झियो । उसले पण्डित र आफन्तजनसामु बाबुको अन्तिम इच्छा बतायो । साथै, उसले बाबुको लिखित इच्छापत्र पनि देखायो । तर, पण्डितले उसको याचना अस्वीकृत गर्दै भने- तपाईंका पिताको अन्तिम इच्छा त हो, तर हाम्रो धर्मले यस्तो अनुमति दिँदैन । छोराले बाबुको अन्तिम इच्छा जसरी पनि पूरा गरेरै छाड्ने जिद्दी गऱ्यो । त्यहाँ उपस्थित सबै ठुल्ठुला पण्डित र उनका आफन्तजनले यस विषयमा कुनै समाधान निकाल्न सकेनन् । उनीहरू सबैले धर्मको दुहाई दिँदै मृतकका पाउमा फाटेका मोजा लगाइदिन नमिल्ने अड्डी लिए ।



यही अन्योलबिच मृतक व्यापारीका विश्वासप्राप्त वकिल त्यहाँ आइपुगे र व्यापारीले लेखेको एउटा हस्तलिखित पत्र छोरालाई दिए । पत्रमा लेखिएको थियो- मेरा प्यारा छोरा, देख्दै छौ नि ? सम्पत्ति, घर, जग्गा, गाडी, ठुल्ठुला कारखाना, फार्म हाउस सबै साथमा हुँदाहुँदै पनि मरेपछि एकजोर फाटेको मोजा पनि साथमा लान पाइन्न । एक दिन तिम्रो पनि मृत्यु निश्चित छ । त्यसैले, सचेत रहनू । तिमीले पनि एक सादा सेतो कपडामै बेरिएर जानुपर्नेछ, जसमा कुनै गोजीसम्म हुँदैन । त्यसैले याद राख, धन सम्पत्तिका लागि कसैलाई दुःख नदेऊ, गलत तरिकाबाट धन कमाउने बाटो रोज्दै नरोज । किनकि, मृत्युपछि सम्पत्ति होइन, कर्म मात्र तिम्रो साथमा जानेछन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विद्यार्थीको बिचल्ली नहोस्

सार्वजनिक जग्गामा बसोवास गर्दै आइरहेका सुकुम्बासीका घरटहरा हटाउने क्रममा त्यहाँ आश्रित परिवारका बालबालिकाको पठनपाठन प्रभावित हुने अवस्था देखिएको छ । यसअघि बस्तीनजिकैका विभिन्न विद्यालयमा अध्ययन गरिरहेका बालबालिकालाई यतिवेला निकै मर्का परेको गुनासो सुनिन्छ । सुकुम्बासी बस्तीबाट हटाइएका विद्यार्थीलाई बसोवासका आधारमा पायक पर्ने क्षेत्रमा रहेका विद्यालयमा पढ्न सहजीकरण गरिदिनका लागि सम्बन्धित निकायको ध्यान जान जरुरी छ । अन्यथा, त्यस्ता परिवारका बालबालिकाको शिक्षाको अधिकार नै अन्धकारमा पर्ने निश्चित छ । आजका विद्यार्थी नै देशका भोलिका कर्णधार हुन् भन्ने कसैले पनि भुल्नु भएन । बस्तीबाट उठाइएका कारण नै उनीहरूको भविष्य अन्धकारमय नहोस् । यसतर्फ सम्बन्धित निकायका साथै सरकारको पनि विशेष ध्यान जाओस् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

अदालतले ठिक गऱ्यो

सर्वोच्च अदालतको संवैधानिक इजलासले पूर्वविशिष्टलाई उपचार खर्च दिने व्यवस्था खारेज गरेको समाचार पढ्दा खुसी लाग्यो । आखिर उनीहरूले सेवामा रहँदा पनि सबैभन्दा आकर्षक सुविधा पाएका हुन्छन् । अनि, सेवा निवृत्त भइसकेपछि त्यतिखेर कमाएको पैसाले आफ्नो उपचार पनि गर्न नसक्ने हो भने किन भइरहनुपऱ्यो विशिष्ट पदाधिकारी ?

● **गोविन्द महर्जन**, टीकाथली, ललितपुर

उच्चपदस्थमाथि छानबिन होस्

कानुनमा व्यवस्था नै नभए पनि राज्यकोषबाट आफ्नो उपचारका नाममा करोडौँ रकम असुल्ने पूर्वविशिष्टमाथि अख्तियार दुरुपयोग अनुसन्धान योगले छानबिन गर्न लागेको सुनियो । यो धेरै राम्रो प्रयास हो । राज्यको उपल्लो तहमा पुगेका विशिष्ट पदाधिकारीले कानुनविपरीत स्वास्थ्योपचारको सुविधा लिएका रहेछन् भने छानबिन गरी त्यस्तो रकम फिर्ता गराउनुपर्छ ।

● **विदिता काफ्ले**, गंगाहिटी, काठमाडौं

के अमेरिका-इरान वार्ता असफल भएको हो ?

लामो समयदेखि कायम युद्धविरामले दुवै पक्ष पूर्ण रूपमा विकसित युद्धमा फर्कन उत्सुक छैनन् भन्ने संकेत गरेको छ



देश / विदेश

● उसैद सिद्दिकी

अमेरिका र इरानबिचको तनाव अर्को महत्त्वपूर्ण मोडमा पुगेको छ । कमजोर युद्धविराम कायमै रहँदा लगभग तीन साताको युद्धविरामलाई स्थायी सम्झौतामा रूपान्तरण गर्ने प्रयास रोकिएको देखिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना राजदूतको भ्रमण रद्द गरेपछि सप्ताहान्तमा पाकिस्तानी राजधानी इस्लामाबादमा वार्ताको आशा टरेको छ किनभने इरान र अमेरिका दुवै आ-आफ्ना माग (विशेषगरी तेहरानको आणविक कार्यक्रम र हर्मुज जलमार्गको नियन्त्रणमा) मा अडिग छन् ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले सोमबार वार्ता असफल हुनुको दोष अमेरिकालाई दिएका छन् । 'अमेरिकी दृष्टिकोणका कारण अघिल्लो चरणको वार्ता अत्यधिक मागका कारण लक्ष्यमा पुग्न असफल भयो,' उनले रुस भ्रमणका क्रममा भने । तैपनि, विज्ञहरूले यो गतिरोधले वार्तामा आएको सुस्ततालाई प्रतिबिम्बित गरेको बताएका छन् । त्यसो भए वार्ता कहिले हुन्छ र अब के हुन सक्छ ?

वार्ताको हालको अवस्था : ट्रम्पले शनिबार फ्लोरिडामा पत्रकारहरूलाई भने कि उनले आफ्ना शीर्ष कूटनीतिक दूत स्टिव विटकफ र ज्वाइँ जारेड कुसनरको पाकिस्तान भ्रमण रद्द गरे, किनभने वार्तामा धेरै यात्रा र खर्च समावेश थियो । इरानीहरूको अपर्याप्त प्रस्तावलाई विचार गर्न नसकिने उनको भनाइ थियो । त्यसको भोलिपल्ट ट्रम्पले इरानले २८ फेब्रुअरीमा अमेरिका-इजरायली बमबारीबाट सुरु भएको युद्ध अन्त्यका लागि वार्ता चाहन्छ भने टेलिफोन गर्न सक्ने बताए । 'इरानी पक्ष कुरा गर्न चाहन्छन् भने उनीहरू हामीकहाँ आउन सक्छन् वा हामीलाई फोन गर्न सक्छन् । तपाईंलाई थाहा छ, त्यहाँ टेलिफोन छ । हामीसँग राम्रा, सुरक्षित लाइन छन्,' ट्रम्पले फक्स न्युजलाई भने । 'तिनलाई थाहा छ, सम्झौतामा के हुनुपर्छ । यो धेरै सरल छ । उनीहरूसँगको आणविक हतियार हामीलाई मान्य छैन । अन्यथा, भेट्नुको कुनै कारण छैन ।'

इरानले पहिल्यै अमेरिकासँगको वार्तामा भाग लिन हिचकिचाएको संकेत गरिसकेको छ । तेहरानका अधिकारीले हाल प्रत्यक्ष वार्ता अर्थहीन भएको बताएका छन् । उनीहरूले हर्मुज जलमार्गमा गरिएको नौसेनाको नाकाबन्दीजस्ता अमेरिकी कार्यलाई युद्धविराम उल्लंघन र अर्थपूर्ण वार्तामा अवरोधका रूपमा उल्लेख गरेका छन् । इरानी राष्ट्रपति मसुद पेजेस्कियनले शनिबार पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफसँग फोनमा कुराकानी गर्दै आफ्नो देश धम्की वा नाकाबन्दीमा 'लादिएको वार्ता' मा प्रवेश नगर्ने स्पष्ट पारेका छन् ।

मार्चको सुरुवातदेखि इरानले हर्मुजको जलमार्गलाई बन्द गरेको छ, जहाँबाट विश्वको तेल र प्राकृतिक ग्यास आपूर्तिको पाँच भागको एक भाग प्रवाह हुन्थ्यो । यसैबिच, ८ अप्रिलमा युद्धविराम सुरु भएको केही दिनपछि वासिंटनले इरानी बन्दरगाह र जहाजमा



नौसेनामार्फत नाकाबन्दी लगायो । यसले विश्वव्यापी तेल आपूर्तिमा बाधा पुगुका साथै मूल्य बढेको छ । विश्वभरका देश वैकल्पिक आपूर्ति खोज्न र आफ्नो अर्थतन्त्रलाई चलायमान राख्न मितव्ययिताका उपाय लागू गर्न बाध्य छन् ।

प्रत्यक्ष भेटघाटमा ब्रेकडाउन भए पनि अप्रत्यक्ष माध्यमबाट कूटनीति जारी छ । इरानले पाकिस्तानी मध्यस्थकर्तामार्फत अमेरिकालाई 'लिखित सन्देश' पठाएको छ, जसमा आणविक मुद्दा र हर्मुजको जलमार्गसहित आफ्नो रातो रेखा उल्लेख छ । यसै समयमा, विदेशमन्त्री अराघची विगत तीन दिनदेखि पाकिस्तान, ओमान र रुसको भ्रमण गर्दै क्षेत्रीय कूटनीतिको तीव्र चरणमा संलग्न छन् ।

कूटनीतिक असफलताको संकेत : तेहरान र वासिंटनको अडान अझै पनि फराकिलो छ । इरानले युरेनियम संवर्द्धनसहितको आफ्नो आणविक कार्यक्रम त्याग्न अस्वीकार गरेको छ । आणविक कार्यक्रमलाई उसले शान्तिपूर्ण उद्देश्यका लागि मात्र हो भनेर जोड दिँदै आएको छ । लामो समयदेखिका शत्रुबिचको युद्धविराम अझै पनि धेरै हदसम्म कायम छ, जसले संकेत गर्छ कि कुनै पनि पक्ष पूर्ण रूपमा विकसित युद्धमा फर्कन उत्सुक छैन ।

अस्ट्रेलिया इन्स्टिच्युटको अन्तर्राष्ट्रिय तथा सुरक्षा मामिला कार्यक्रमकी निर्देशक एम्मा सर्टिसले गतिरोधका बाबजुद 'प्रगतिका लागि ठाउँ' रहेको बताइन् । यद्यपि, उनले चेतावनी दिइन् कि यो सबै 'अस्थिर नेताहरू' को अधीनमा छ, जो 'अन्तिम क्षणमा आफ्नो मन परिवर्तन गर्न' माहिर छन् । ट्रम्पले सप्ताहन्तमा यो पनि संकेत गरे कि वार्ता रद्द गर्नुको अर्थ सक्रिय लडाइँमा फर्कनु होइन । आइतबार उनले एउटा नयाँ इरानी प्रस्तावलाई उल्लेख गरे, जसलाई उनले 'धेरै राम्रो योजना' भनेर वर्णन गरे, र त्यहाँ केही लचिलोपन हुन सक्ने संकेत देखिएको छ ।

(सिद्दिकी दोहास्थित अलजजिराका पत्रकार हुन्)

अलजजिराबाट

cmyk

इरान युद्धले थप बढाउँदै छ युरोपेली एकता

इरानमाथि अमेरिकाको युद्ध र लेबनानमाथि जारी इजरायली हमलाले युरोपेली गठबन्धन र इयूको भविष्यबारे रणनीतिक सोचलाई पुनः आकार दिइरहेको छ



रोमेन फाथी
फाथी अस्ट्रेलियन नेसनल युनिभर्सिटीका स्कुल अफ हिस्ट्रीका सहप्राध्यापक हुन् ।



राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वको अमेरिका र युरोपेली संघ(इयू)बिचको सम्बन्ध जटिल देखिन्छ । एकातर्फ युरोपेली देश र अमेरिकाले दोस्रो विश्वयुद्धको अन्त्य यताकै बलियो गठबन्धन निर्माण गरेका छन् । अर्कोतर्फ, सन् २०२५ मा ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेपछि दुई पक्षबिच खुला रूपमा विभिन्न मुद्दामा विवाद देखिएको छ । विशेषतः भन्सार शुल्क, युरोपले नेटोमा गरिने खर्च बढाउनुपर्ने, प्यालेस्टिनयन राज्यको मान्यता, इजरायलको बढ्दो आक्रामकतालाई कसरी लिने, युक्रेन युद्धलाई गरिने समर्थनको स्तर र ग्रिनल्यान्डको सार्वभौमसत्ताको विषयमा दुई समूहबिच मतभिन्नता देखियो ।

इरानमाथि ट्रम्पले अचानक सुरु गरेका आक्रमण दुई समूहबिच मतभिन्नताको पछिल्लो कारण बनेको छ । यसले विश्व अर्थतन्त्रलाई नै प्रभावित गरेकाले यो मुद्दा अन्यभन्दा केही भिन्न छ । इरानमाथि अमेरिकाको युद्ध र सँगसँगै लेबनानमाथि जारी इजरायली आक्रमणले युरोपेली गठबन्धन र इयूको भविष्यबारे रणनीतिक सोचलाई पुनः आकार दिइरहेको छ । इयूभित्र ४५ करोड मानिस बसोवास गर्छन् र यसको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) चीन र अमेरिकाको हाराहारी छ । यही शक्तिका कारण यो विश्वशक्ति हो र यसले अन्तर्राष्ट्रिय मामिलामा उल्लेख्य प्रभाव पार्न सक्छ ।

युरोपियन नेताले यही शक्ति प्रयोग गरेर अमेरिका र इरानबिच स्थायी शान्ति गराउन सघाउँदै 'स्ट्रेट अफ हर्मुज' सकेसम्म छिटो खुलाउने प्रयास गरिरहेका छन् ।

संयुक्त राष्ट्रको विरोधबिच भइरहेको युद्ध

इयूका सदस्य देशहरू विधिमा आधारित विश्व व्यवस्था र अन्तर्राष्ट्रिय संस्थामाथि विश्वास गर्छन् । यो विश्वास यसको लोकतान्त्रिक संविधान र मूल्यको कारण मात्र नभई त्यस्ता संस्थाले यसका निकायलाई पनि 'जसको शक्ति उसकै भक्ति'को व्यवस्थाले भन्दा राम्रो सुरक्षा दिने भएकाले आएको हो । इरानमाथि ट्रम्पले एकतर्फी रूपमा सुरु गरेको युद्ध अन्तर्राष्ट्रिय विधानविरुद्ध छ । यो युद्ध सुरु गर्नुअघि न त संयुक्त राष्ट्र संघमा छलफल भएको थियो न त यसलाई नेटोले नै अनुमोदन गरेको थियो । परिणामस्वरूप बारम्बारको ट्रम्पको अनुरोधका बाबजुद युरोपेली नेताले युद्धमा कुनै पनि योगदान गर्न अस्वीकार गरिरहे ।

अझ स्पेन र इटालीले त खुलेर इरान युद्धमा प्रयोग भएका हतियार बोकेका अमेरिकी विमानलाई आफ्ना सैन्य अड्डा प्रयोग गर्न दिन अस्वीकार गरे । यसबिच फ्रान्सले पनि प्रत्येकपटक विमान कुन प्रयोजनका लागि प्रयोग भइरहेको छ भनेर बुझेर मात्र आफ्नो हवाईमार्ग प्रयोग गर्न दिने र रोक्ने गरिरहेको छ । स्पेन, इटाली, जर्मनी, फ्रान्स र बेलायतले पनि ट्रम्पको युद्धमा आफ्नो सैन्य समर्थन सिधै पठाउन अस्वीकार गरे । तथापि, फ्रान्स र बेलायतले युद्ध अन्त्यपछि शान्तिपूर्ण प्रयोजन र समुद्री सुरक्षा ढाँचाभित्र रहेर अमेरिकासँग सैन्य सहकार्य हुने बताएका छन् ।

> केही समय ट्रम्प र उनी नेतृत्वको 'मागा'(मेक अमेरिका ग्रेट अगेन) अभियानले युरोपेली नेताबिच फाटो ल्याउने कठोर मिहिनेत गरे । यसमा उनीहरू केही हदसम्म सफल पनि भए । तर, अन्ततः युरोपमा आन्तरिक विभाजन सिर्जना गर्ने ट्रम्पको प्रयास कमजोर बनेको छ ।

अन्ततः एक भएको हो युरोप ?

ट्रम्पको युद्धले खासमा एक निकै सघन र महत्त्वपूर्ण प्रक्रियालाई तीव्र बनाइदिएको छ । त्यो हो, कैयौँ मुद्दामा युरोपेली नेताबिच बढ्दो सहकार्य । विशेषतः रक्षा, कूटनीति र ऊर्जालगायत विषयमा अमेरिकाबाट युरोपको रणनीतिक स्वायत्तताको विषयले अहिले महत्त्व पाएको छ । ट्रम्प दोस्रो कार्यकाल सुरु गरेदेखि नै इयूले क्षेत्रीय साझेदारसँग कूटनीतिक तथा सैन्य समझदारीमा मिहीन तर महत्त्वपूर्ण विविधीकरण दिइरहेको छ । इयूले यसबिच यस्ता ६ सम्झौतामा हस्ताक्षर गरिसक्यो । त्यसबाहेक संघका सदस्य राष्ट्रले विभिन्न देशसँग झन्डै एक दर्जन द्विपक्षीय सम्झौता गरेका छन् ।

युरोपेलीमाझ बढ्दो सहकार्यलाई इरान युद्धले थप सबल र सान्दर्भिक ठहराएको छ । 'स्ट्रेट अफ हर्मुज' बन्द भएपछि पेट्रोलियम पदार्थमा आधारित सामग्रीको उत्पादन र वितरणमा विश्वभर आएको अवरोधले तत्काल युरोपेली प्रतिक्रियाको माग गऱ्यो । हर्मुज खुलाउने विषयमा पेरिसमा अप्रिल १७ गते बेलायत र फ्रान्सका नेता केयर स्टारमर र इम्यानुयल म्याक्रों तथा जर्मन तथा इटालियन नेता फ्रेडरिक मर्ज र जर्जिया मेलोनीसमेतले एक विशाल सम्मेलन आयोजना गरे । ४९ अन्य देशको समेत सहभागिता रहेको सम्मेलनमा विभिन्न अन्तर्राष्ट्रिय संगठनको पनि सहभागिता थियो । बैठकले हर्मुल 'तत्काल, निसर्त र पूर्ण रूपमा खुलाउनुपर्ने प्रस्ताव' गऱ्यो । हर्मुजमा जहाजहरूको सुरक्षा तथा स्वतन्त्र आवागमन सुनिश्चित गर्न लन्डनमा आगामी समयमा थप योजना बनाउन नेता सहमत गरेर छुट्टिए ।

इरान युद्ध र ट्रम्पले गरेको पोपको आलोचनाले ट्रम्प र इटालीकी प्रधानमन्त्री मेलोनीबिचको कुनै समयको सुमधुर सम्बन्धमा दरार आएको छ । इटालीमा मेलोनीका समर्थकहरू अमेरिकी राष्ट्रपतिको अस्थिरताबाट चिन्तित रहेको सर्वेक्षणले देखाएको छ ।

बदलिँदो लहर

केही समय ट्रम्प र उनी नेतृत्वको 'मागा'(मेक अमेरिका ग्रेट अगेन) अभियन्ताले युरोपेली नेताबिच फाटो ल्याउने कठोर मिहिनेत गरे । यसमा उनीहरू केही हदसम्म सफल पनि भए । उनीहरूले जर्मनीका उग्र दक्षिणपन्थी, हंगेरीका भिक्टोर ओर्बान र इटालीका मेलोनीलाई समर्थन जनाए । तर, मेलोनी पेरिस अवतरण गर्नुभन्दा तीन दिनअघि ओर्बानले ठुलो हार भोगे । हंगेरीमा १६ वर्ष लामो कठोर शासन गरेका रुस समर्थक ओर्बान युरोपका कटु आलोचक रहे । उनले संघका धेरै अग्रसरतामा अवरोध सिर्जना गर्नेदेखि आफ्ना मित्र भ्लादिमिर पुटिनलाई संघका संवेदनशील सूचना दिनेसम्मका काम गरिरहेका थिए । ओर्बानलाई हराएर मझधारका पिटर मग्यारको आगमनले युरोपेली एकतामा आशाको सञ्चार गरेको छ ।

युरोपमा आन्तरिक विभाजन सिर्जना गर्ने ट्रम्पको प्रयास पनि कमजोर बनेको छ । ग्रिनल्यान्ड हत्याउने उनको धम्कीविरुद्ध युरोपले एक भएर प्रतिक्रिया दियो । यहाँसम्मकी संघले ग्रिनल्यान्डमाथि डेनमार्क र युरोपका सार्वभौमिकता समर्थन जनाउँदै अमेरिकासँग अन्तिम चरणमा पुगेको व्यापार सम्झौतासमेत रोकिदिएको छ । यस प्रकरणमा युरोपले पुनः एकपटक वासिङटनको दबाब सामना गर्ने शक्ति र रणनीतिक स्वायत्तता प्रदर्शन गरेको छ ।

युरोपको भविष्य अब कता ?

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिलामा भएका पछिल्ला घटनाहरूले युरोपलाई समकालीन संकटलाई एक भएर प्रतिक्रिया दिनुपर्ने आधार तयार पारिदियो । अमेरिका तथा रुसले सिर्जना गरिदिएको विभाजनका कारण बाँडिने युरोपेली नेताहरू अहिले भने इरान र त्यसले विश्व अर्थतन्त्रमा निम्त्याएको झट्का सामना गर्ने अवस्थामा छन् ।

यसपटक ऊर्जा संकटका कारण सिर्जना भएको वा सिर्जना हुन सक्ने जोखिम जस्तै ऊर्जा सुरक्षा, मुद्रास्फीति तथा बेरोजगारी वृद्धिको खतराले मस्को वा वासिङटनसँगको वैचारिकी सामीप्यता गौण बनाइदिएको छ ।

युरोपेली सदस्य राष्ट्रबिच बढ्दो कूटनीतिक सामीप्यताको अतिरिक्त वर्तमान संकटले युरोपियन कमिसनलाई इन्धन उपभोग नियन्त्रण गर्ने, आपूर्ति सञ्जालको सुरक्षित गर्ने र युरोपेली अर्थतन्त्रलाई आणविक तथा नवीकरणीय ऊर्जातर्फ संक्रमण गर्ने प्रयसलाई तीव्र पार्न प्रेरित गऱ्यो । युरोपेली आवाजप्रति विकसित यो नयाँ विश्वास सदस्य राष्ट्रहरूबिच र युरोपेली संस्थानहरूबिच दुवै स्थानमा देखिएको छ । विशेषतः युरोपेली संसद्, युरोपियन आयोग र फरेन अफेयर्स काउन्सिलमा युरोपेली एकता वृद्धि भएको छ ।

युरोपेली नेताबिच बढ्दो घनिष्ठता इरान संकटभन्दा परसम्मको परिणाम निम्त्याउन सुरु गरेको छ । अप्रिल २० मा पोलिस प्रधानमन्त्री डोनाल्ड टस्कको भ्रमणको समयमा फ्रान्सका म्याक्रोंले 'युरोपको नयाँ युग'को आफू 'आशावादी' रहेको घोषणा गरे । इरानमाथिको ट्रम्पको आक्रमणले सुरु गरेको असाधारण विखण्डनले अमेरिकाबाट थप स्वायत्त तथा एकताबद्ध युरोप सिर्जना गर्ने अवस्था निम्त्याएको छ ।

-द कन्भर्सेसनबाट

इतिहासमा आज

अप्रिल २९



सन् १९७५ : कम्युनिस्ट फौज दक्षिण भियतनामको राधजानी साइगनवरपर जम्मा भएपछि अमेरिकी सेनाले त्यहाँको आफ्नो दूतावासबाट झन्डै सात हजार अमेरिकी तथा अमेरिकाका लागि काम गरेका भियतनामी नागरिकको विशाल उद्धार अभियान सुरु गऱ्यो । भोलिपल्ट सहर पूर्ण रूपमा कम्युनिस्टले कब्जामा लिए ।

सन् १६३९ : मुगल सम्राट् शाहजहाँले शाहजहाँवाद (अहिलेको पुरानो दिल्ली)मा राजधानी स्थापना गरे । यसै दिन लालकिल्लाको जग राखिएको थियो ।

सन् १७६९ : स्कटिस इन्जिनियर जेम्स वाट्ले अलग कन्डेन्सर भएको वाष्प इन्जिनका लागि प्याटेन्ट दायर गरे ।

सन् १९४५ : आत्महत्या गर्नुभन्दा एक दिनअघि एडोल्फ हिटलर र इभा ब्राउनले विवाह गरे । विवाह नगरी सँगसँगै बसिरहेका यो जोडीले सबैतिरबाट मित्रशक्तिले घेरेको समाचार पाएपछि विवाह गरेका थिए । विवाहपछि दुईजनाले पत्काउ पर्ने डरले आत्महत्या गरे ।

सन् १९४५ : सबैतर्फबाट घेरिएपछि इटलीमा रहेका जर्मन सेनाले मित्रशक्तिसामु विनासर्त आत्मसमर्पण गऱ्यो ।

सन् १९९१ : बंगलादेशमा आएको विनाशकारी आँधीका कारण करिब एक लाख ४० हजारजनाको मृत्यु । आँधीका कारण लाखौँ विस्थापित भएका थिए ।

सन् १९९२ : लस एन्जलसमा घातक दंगा भड्कियो । सामान्य आरोपमा पक्राउ परेका अश्वेत नागरिक रोडनी किङलाई निर्मम कुटपिट गरेर मारेको आरोप लागेका प्रहरी अधिकारीलाई अदालतले सफाइ दिएपछि सुरु भएको दंगामा ५३ जनाको मृत्यु भएको थियो ।

सन् १९९७ : रासायनिक हतियार महासन्धि कार्यान्वयनमा आयो । हतियार नियन्त्रण सन्धिले रासायनिक हतियारको उत्पादन, भण्डारण र प्रयोगलाई निषेध गरेको छ । यसलाई हालसम्म करिब १९० देशले अनुमोदन गरिसकेका छन् ।

युएईले छोड्यो ओपेक

अबुधाबी / संयुक्त अरब इमिरेट्स (युएई)ले मंगलबार ओपेक र ओपेक प्लस छाडेको घोषणा गरेको छ । यसले तेल निर्यातकर्ता देशको समूहलाई ठुलो धक्का लाग्ने बताइएको छ । मे १ बाट लागू हुने यो अप्रत्याशित कदमपछि युएईले सिद्धान्ततः अहिलेभन्दा बढी तेल र ग्यास उत्पादन गर्न सक्नेछ ।

युएईको ऊर्जा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै यस निर्णयले 'युएईको दीर्घकालीन रणनीतिक र आर्थिक दृष्टिकोण र विकसित हुँदै गइरहेको ऊर्जा क्षमतालाई प्रतिबिम्बित गर्ने' बताएको छ । मन्त्रालयका अनुसार यो निर्णय तेल उत्पादन नीति र यसको वर्तमान तथा भविष्यको क्षमताबारेमा 'व्यापक समीक्षा'पछि लिइएको हो । युएई यसअघि नै इरानी आक्रमणविरुद्ध अरब देशले पर्याप्त काम नगरेकोमा असन्तुष्ट रहेको बताइन्छ । युएईका राष्ट्रपतिका कूटनीतिक सल्लाहकार अन्वर गर्गासले सोमबार बसेको गल्फ इन्फ्लुयन्सर फोरमको एक सत्रमा इरानी आक्रमणप्रति अरब र खाडी प्रतिक्रियाको आलोचना गरे ।

सन् १९६० मा स्थापना भएको ओपेकले तेलको मूल्य नियन्त्रण गर्ने प्रयासमा सदस्यहरूका लागि तेल उत्पादन गर्ने कोटा तय गर्ने गर्छ । युएई सन् १९६७ मा ओपेकको सदस्य बनेको थियो । सामूहिक रूपमा विश्वको कच्चा तेलको लगभग ३५ प्रतिशत उत्पादन गर्ने ओपेकले विश्वव्यापी रूपमा व्यापार हुने सबै तेलको लगभग ५० प्रतिशत ओगट्छ । सन् २०१६ मा तेलको मूल्यमा गिरावट आएपछि, ओपेकले रुससहित १० अन्य तेल उत्पादक देशसँग सम्झौता गर्दै 'ओपेक+'भनेर चिनिन्छ ।

आर्थिक असमानता नघटाए कठिन छ लोकतन्त्र बचाउन

जब उदार लोकतन्त्रले 'डेलिभर' गर्न सक्दैन, यसको वैधता खस्कन्छ र अति दक्षिणपन्थीले टाउको उठाउने अवसर पाउँछन्



● पेड्रो रोसी
रोसी 'ग्लोबल फन्ड फर ए न्युन इकोनोमी'का उपाध्यक्ष तथा प्रमुख अर्थशास्त्री हुन् ।



बार्सिलोनामा सम्पन्न ग्लोबल प्रोग्रेसिभ मोबिलाइजेसनमा स्पेनका प्रधानमन्त्री सान्चेस (बायाँ)सँग ब्राजिलका राष्ट्रपति लुला ।

केहीअघि बार्सिलोनामा सम्पन्न विश्वका प्रगतिशील समूह भेला 'ग्लोबल प्रोग्रेसिभ मोबिलाइजेसन'ले विश्वभरका प्रगतिशील राजनीतिक नेता, नीति-निर्माता र कार्यकर्तालाई एकठाउँमा आउने अवसर प्रदान गऱ्यो । बैठकमा लोकतन्त्रमाथि पछिल्लो समय बढिरहेको आक्रमणलाई लिएर एक साझा चिन्ता देखिन्थ्यो ।

आयोजक स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले भेलालाई अधिनायकवादको विश्वव्यापी उदयको सामना गर्ने सामूहिक प्रयासको रूपमा व्याख्या गरे । त्यस्तै अर्का सहभागी ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले बहुपक्षीयताको पुनर्निर्माण र 'सामाजिक न्यायलाई विश्वव्यापी एजेन्डाको केन्द्रमा राख्न' आह्वान गरे ।

यी घोषणाबाहेक भेलाले प्रगतिशीलमाझ कायम एक आमसहमतिलाई जोड दिँदै भन्यो कि उदार लोकतन्त्रको रक्षा गर्न यसको आर्थिक जगमा पुनर्विचार गर्न आवश्यक छ । राष्ट्रपति लुलाले औंल्याएझैं उदार लोकतन्त्रले जनताको जीवनस्तरमा सुधार नगरेसम्म यो टिक्न गाह्रो हुन्छ । वर्तमान आर्थिक प्रणाली- खुला बजार, बजारमाथि सीमित सरकारी हस्तक्षेप र व्यक्तिगत रोजाइको प्रधानतामा आधारित छ । तर, यसले साझा समृद्धि प्रदान गर्न वा लोकतान्त्रिक शासनलाई दिगो बनाउन असफल भएको मान्यता बलियो बन्दै गएको छ । यो आर्थिक प्रणालीले अस्तित्व जोगाउन बल प्रयोग र अधिनायकवादी अभ्यासमा जोड दिन थालेको छ । यस्तोमा यथास्थितिकै संरक्षण गर्ने गरी लोकतन्त्रको बहसले जारी संकटलाई थप गहिरो बनाउने जोखिम हुन्छ ।

हाल प्रचलित आर्थिक मोडलले स्थिर रोजगारीमा क्षय गरेको छ । श्रमिकको सुरक्षालाई कमजोर बनाएको छ । र, मुख्यतः यस आर्थिक मोडलले सार्वजनिक सेवाको निजीकरण गरेको छ । परिणामस्वरूप समाजको ठुलो हिस्सा जोखिममा पर्दै कमजोर बनेका छन् । धेरैका लागि यसले कामबाट जुनसुकै वेला निकाल्न सकिने जोखिम, बढ्दो महँगी र न्यून अवसर निम्त्याएको छ । परिणाम केवल आर्थिक कठिनाइ मात्र होइन । यसले आमजनसंख्यामा एक्लोपन, परित्याग र आक्रोशको गहिरो भावनासमेत बढाएको छ ।

यस्तो खालको आर्थिक असन्तुष्टिको दूरगामी राजनीतिक परिणाम हुन्छन् । जब उदार लोकतन्त्रले भौतिक कल्याण, सामाजिक सुरक्षा र निष्पक्षताको भावना प्रदान गर्न सक्दैन, तब लोकतन्त्रविरोधी शक्तिले आमनिराशा र क्रोधलाई आप्रवासी, अल्पसंख्यक र काल्पनिक शत्रुविरुद्ध मोड्न खोज्छन् । अहिले उग्र दक्षिणपन्थी शक्तिले त्यही गरिरहेका छन् । अधिनायकवादी चरित्रको आन्दोलनले यसपछि आफूलाई आर्थिक एजेन्डा अगाडि बढाउने साधनको रूपमा प्रस्तुत गर्छन् । तथापि, यसका लागि श्रमिकको सहमतिभन्दा डरधम्की बढी प्रयोग हुन्छ ।

> अधिनायकवादको पुनरुत्थान रोक्न अहिले असफल प्रणाली मर्मत गरेर मात्रै पुग्दैन, यसको अन्तर्निहित कारणको सामना गर्नुपर्छ र समग्र लोकतान्त्रिक जीवनको आर्थिक जग नै पुनर्निर्माण गर्नुपर्छ

अहिलेको असफल आर्थिक मोडलको केन्द्रमा बजारले योग्यताको तटस्थ रूपमा कदर गर्छ र मानिसलाई तिनको प्रयास र प्रतिभाअनुसार पुरस्कृत गर्छ भन्ने शक्तिशाली मिथकले काम गर्छ । साथै यस व्यवस्थामा असमानतालाई समस्याका रूपमा नभई दक्षता र नवीनता अघि बढाउने चालक शक्तिका रूपमा व्यवहार गरिन्छ । समाजमा आय र सम्पत्तिको असमानता फराकिलो हुँदै जाँदा र अवसर साँघुरिँदै गर्दा उल्लिखित भाष्य धराशयी बनेको छ । मानिसले अहिले आर्थिक लाभको बाँडफाँडमाथि प्रश्न गर्नु यस व्यवस्थाको निष्पक्षतामाथि विश्वास गुम्दै गएको संकेत हो ।

लोकतन्त्रको रक्षा गर्न, हामीले समस्याको लक्षणको भन्दा संकटको अन्तर्निहित कारणलाई सम्बोधन गर्नुपर्छ । जी २० समूहको अध्यक्षका नाताले दक्षिण अफ्रिकाले नोबेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ स्टिग्लिट्जको अध्यक्षतामा विश्वव्यापी असमानतामाथि स्वतन्त्र विशेषज्ञको असाधारण समिति गठन गरेर यस दिशामा महत्त्वपूर्ण कदम चालेको छ । आर्थिक स्थिरता र लोकतन्त्र दुवैका लागि असमानता प्रणालीगत जोखिम रहेको छ । समितिले समन्वित विश्वव्यापी कार्यलाई समर्थन गर्न स्थायी खालको अन्तर्राष्ट्रिय निकायको निर्माणको प्रस्ताव गरेको छ ।

'जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल'जस्ता संस्थाबाट प्रेरित यो निकायले प्रमाण संकलन गर्ने, विश्वव्यापी प्रवृत्ति पहिल्याउने गरेर नीतिगत बहसलाई आकार दिन सक्छ । यसले सरकारहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र नागरिक समाजबिच समन्वय गर्ने एक प्लेटफर्मको रूपमा पनि काम गर्न सक्छ । र, यसमार्फत प्रस्तावित निकायले राष्ट्रिय असमानता प्यानलको पूरकका रूपमा विश्वव्यापी अन्तर्दृष्टिलाई देशअनुरूप रणनीतिमा अनुवाद गर्न सघाउन सक्छ ।

यी प्रयासअन्तर्गत सार्वजनिक नीतिको वितरणगत प्रभावको व्यवस्थित मूल्यांकन, श्रमिक-बजार गतिशीलताको नजिकबाट निगरानी गर्न (विशेषतः प्राविधिक परिवर्तनले निम्त्याने गतिशीलतासँग सम्बन्धित) र नियमित सार्वजनिक रिपोर्टिङ समावेश गर्नुपर्छ । परिणामस्वरूप नीति-निर्माताहरू विश्लेषणलाई दिगो र सामूहिक कार्यमा अनुवाद गर्न सक्षम बन्नेछन् । यी एजेन्डाले परिणाम दिनका लागि निष्पक्ष र समावेशी श्रम बजारतर्फ संरचनात्मक परिवर्तन आवश्यक छ ।

बलियो न्यूनतम ज्याला, स्थिर रोजगारी र सामूहिक सौदाबाजी केवल नीतिगत उपकरण मात्र होइनन्, तिनीहरू व्यक्तिगत सुरक्षा र एजेन्सी सुनिश्चित गर्ने लोकतान्त्रिक माध्यम हुन् । अझ व्यापक रूपमा, लोकतन्त्रको पुनर्निर्माणका लागि शिक्षा, स्वास्थ्य सेवा र आवासजस्ता अत्यावश्यक सार्वजनिक सेवालाई राज्यको भूमिका पुनर्स्थापित गर्न आवश्यक छ । यी क्षेत्रमाथि आवश्यक लगानीलाई कर सुधारमार्फत वित्तपोषित गर्न सकिन्छ । यसले अन्ततः आय र सम्पत्ति असमानता घटाउन र आर्थिक लाभको न्यायपूर्ण बाँडफाँडमा सघाउ पुऱ्याउनेछ ।

न्यायपूर्ण अर्थतन्त्रतर्फको संक्रमणका लागि सामाजिक समावेशीकरण र वातावरणीय प्राथमिकतासँग आर्थिक प्रगतिलाई जोड्ने नयाँ विकास मोडेलको आवश्यकता छ । धेरै लामो समयदेखि आर्थिक योजनाको अवधारणालाई समय गुज्रिएको विचार भन्दै खारेज गरिएको छ । तर, विकास एक योजनाबद्ध रूपमा गरिने राजनीतिक परियोजना हो, बजारले राम्ररी काम गरेपछिको अपरिहार्य परिणाम होइन । सार्वजनिक लगानी र औद्योगिक नीति दिगो अर्थतन्त्रलाई आकार दिन मात्र नभई स्रोतसाधनलाई साँघुरो निजी स्वार्थको सट्टा सामूहिक लक्ष्यतर्फ निर्देशित गर्न महत्त्वपूर्ण हुन्न ।

प्रचलित नीतिगत प्राथमिकताको स्पष्ट र बाध्यकारी विकल्पलाई अगाडि बढाएर विश्वव्यापी प्रगतिशील शक्तिले बोलीमा मात्र होइन, व्यवहारमै प्रगति हासिल गर्न सक्छ । यसमार्फत प्रगतिशील शक्तिलाई असमानता घटाउने, हाम्रो साझा ग्रहको सुरक्षा गर्ने, सार्वजनिक संस्थालाई बलियो बनाउने र लोकतान्त्रिक जीवनको भौतिक जग पुनर्स्थापित गर्ने आर्थिक मोडेललाई अगाडि बढाउने एक अद्वितीय अवसर प्रदान गर्छ । अधिनायकवादको निरन्तर पुनरुत्थानको जवाफ भनेको अहिलेको टुटेको प्रणालीलाई जोडजाड गर्नु होइन । बरु एक फरक तथा साहसी, एकताबद्ध प्रगतिशील दृष्टिकोणलाई अँगाल्नु हो ।

लोकतन्त्र खालि विधि र प्रक्रियामा मात्र जीवित रहन सक्दैन । यसलाई समानता, सुरक्षा र साझा समृद्धिको जग चाहिन्छ । अन्यथा, हामी अहिले जहाँ छौँ, अवस्था झन् विकराल बन्नेछ ।

-प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १६ वैशाख ०८३

■ सुस्त बन्दै आर्थिक वृद्धिदर

चालू आवमा ३.८५% मा सीमित हुने अनुमान

सरकारले पुँजीगत खर्च गर्न नसक्दा आर्थिक वृद्धिदर खुम्चिने अनुमान, धान उत्पादन ४.१६ प्रतिशतले ऋणात्मक हुने, अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान

पवन तिमिल्सिना/नयाँ पत्रिका



चालू आर्थिक वर्ष ०८२/८३ मा आर्थिक वृद्धिदर ३.८५ प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले वार्षिक राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै यस्तो अनुमान गरेको हो। आर्थिक वर्ष ०८१/८२ मा ४.४३ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ। यसरी हेर्दा गत आर्थिक वर्षको तुलनामा चालू आवको आर्थिक वृद्धिदर सुस्त रहने देखिएको हो।

आर्थिक वर्ष ०८२/८३ मा नेपालको अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष ०८१/८२ मा अर्थतन्त्रको आकार ६१ खर्ब ९९ अर्ब रहेको संशोधित अनुमान छ। कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को अनुमान आधारभूत मूल्य र उपभोक्ताको मूल्यमा प्रस्तुत गरिएको छ। अर्थतन्त्रको आकार मापन गर्न उपभोक्ताको मूल्यलाई आधार मानेर गरिएको प्रचलित मूल्यको जिडिपी प्रयोग भएको कार्यालयले जानकारी दिएको छ।

आर्थिक वर्ष ०८२/८३ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.६८ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। आधारभूत मूल्यको आर्थिक वृद्धिदर आर्थिक वर्ष ०८१/८२ मा ३.८० प्रतिशत हुने संशोधित अनुमान छ। आर्थिक वर्ष ०८०/८१ मा ३.३८ प्रतिशत कायम भएको विवरण सार्वजनिक गरिएको छ। त्यसैगरी, उपभोक्ताको मूल्यमा आर्थिक वृद्धिदर साथै आर्थिक वर्ष ०८०/८१ मा ३.६८ प्रतिशत कायम भएको छ। आर्थिक वर्ष ०८२/८३ मा कृषि क्षेत्रको १.५८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.५४ प्रतिशत वृद्धिदर हुने प्रारम्भिक अनुमान रहेको छ।

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र सेवा क्षेत्र गरी प्रमुख तीन समूहमा विभाजन गरेरसमेत अध्ययन गर्ने गरिन्छ। आर्थिक वर्ष ०८२/८३ मा प्राथमिक क्षेत्रको वृद्धिदर १.६३ प्रतिशत, द्वितीयको ५.७७ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। सम्पूर्ण आर्थिक क्रियाकलापको अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण चौथो संस्करणअनुसार वस्तु तथा सेवा उत्पादनका क्रियाकलापलाई २१ वटा मुख्य क्रियाकलापमा वर्गीकरण गरिएको छ। नेपालको सन्दर्भमा २१ वटा औद्योगिक क्रियाकलापमध्ये बाह्य संघ-संस्था एवं यसका अंगका क्रियाकलापलाई छाडेर पछिल्ला तीनवटा आर्थिक क्रियाकलाप र रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलाप, आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलापलाई अन्य सेवाका क्रियाकलापमा समावेश गरी जम्मा १८ किसिमका आर्थिक क्रियाकलापमा वर्गीकरण गरी राष्ट्रिय लेखाको अनुमान प्रकाशन गरिएको छ।

आर्थिक वर्ष ०८२/८३ मा कुल मूल्य अभिवृद्धिको सबैभन्दा धेरै वृद्धिदर विद्युत् तथा ग्यासमा २०.९३ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। यस क्षेत्रलाई वित्तीय तथा बिमाले ९.१६ प्रतिशत पछ्याएर दोस्रो धेरै वृद्धि गर्ने क्षेत्रका रूपमा रहेको छ। अर्कोतर्फ, सार्वजनिक प्रशासन तथा सुरक्षा ०.२३ प्रतिशत र शिक्षा क्षेत्रमा १.५० प्रतिशतको वृद्धि तुलनात्मक रूपमा सबैभन्दा कम रहने अनुमान गरिएको छ।

कुल गार्हस्थ्य उत्पादनमा यस वर्ष कृषि, वन तथा मत्स्य क्षेत्र २४.०३ प्रतिशत, व्यापार क्षेत्र १४.०९ प्रतिशतले तुलनात्मक रूपमा धेरै योगदान गर्ने अनुमान गरिएको छ। अर्कोतर्फ, पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन ०.४० प्रतिशत र खानी तथा उत्खनन ०.४३ प्रतिशत योगदानको अनुमान गरिएको छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रले २४.०३ प्रतिशत योगदान पुऱ्याएको प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष ०८२/८३ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर १.५८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष ०८२/८३ मा कृषि उत्पादनको समग्र प्रवृत्ति मध्यम वृद्धि देखिन्छ। तर, धान उत्पादन ४.१६ प्रतिशतले ऋणात्मक हुने देखिन्छ। मकै, गहुँ, कोदो, दलहन तथा औद्योगिक बालीहरूमा सामान्य मात्राको वृद्धि हुने अनुमान गरिएको छ। त्यसैगरी, पशुजन्य उत्पादनतर्फ मासु, अन्डा तथा माछा उत्पादनमा पनि सामान्य वृद्धि हुने अनुमान गरिएको छ। साथै, फलफूल तथा अन्य केही हिउँदे बालीको उत्पादनमा अति न्यून मात्राको वृद्धि हुने अनुमानका कारणले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा न्यून वृद्धि हुने अनुमान रहेको छ।

आर्थिक वर्ष ०८२/८३ मा खानी तथा उत्खनन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ०.४३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ। यो आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो आर्थिक वर्षको तुलनामा ३.५२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। चालू आवमा उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ५.७२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.८३ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।

आर्थिक वर्ष ०८२/८३ मा विद्युत् तथा ग्यास क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २.०८ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २०.९३ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा नयाँ आयोजनाबाट विद्युत् उत्पादन भई विद्युत् उत्पादनको क्षमता वृद्धि हुनु, प्रसारण संरचनाको विस्तार हुनुका साथै उपभोगमा विस्तार भएका कारण यस क्षेत्रको वृद्धि उल्लेख्य रहन गएको देखिन्छ।

आव ०८२/८३ मा निर्माण क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ५.५२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.२१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। निर्माण सामग्रीको आयात र निर्माणजन्य औद्योगिक वस्तुहरूको आन्तरिक उत्पादनमा सामान्य वृद्धि रहेको देखिन्छ। सरकारी क्षेत्रबाट हुने पुँजीगत खर्चमा उल्लेखनीय वृद्धि हुन नसकेका कारण निर्माण क्षेत्रको उल्लेखनीय वृद्धि हुन नसक्ने अनुमान गरिएको छ।

१९.३ प्रतिशतले बढ्यो वाणिज्य बैंकको नाफा

४९ अर्ब २१ करोड कुल नाफामध्ये वितरणयोग्य नाफा ११ अर्ब ६३ करोड १४ लाख

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को नौ महिनामा वाणिज्य बैंकहरूको खुद नाफा १९.३ प्रतिशतले बढेको छ। २० वाणिज्य बैंकले मंगलबारसम्म सार्वजनिक गरेको चैत मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरणले खुद नाफा बढेको देखाएको हो। चालू आवको नौ महिनामा बैंकहरूले ४९ अर्ब २१ करोड २२ लाख ४० हजार रुपैयाँ खुद नाफा कमाएको तथ्यांक छ। गत आवको नौ महिनामा वाणिज्य बैंकहरूले ४१ अर्ब २५ करोड ११ लाख ३८ हजार रुपैयाँ नाफा कमाएका थिए।

तथ्यांकअनुसार चालू आवको चैतसम्म बैंकहरूको वितरणयोग्य नाफा ११ अर्ब ६३ करोड १४ लाख रुपैयाँ मात्रै छ। बैंकहरूले असुल नभएको ब्याज, नियामकीय प्रोभिजनलगायतका कोषमा रकम छुट्याउँदा वितरणयोग्य नाफा भने कम देखिएको हो। व्यवसाय बढेर नाफा बढेको अवस्था नभएको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुदेश खालिङले बताए। 'अहिले नाफा बढ्यो भनेर खुसी हुनुपर्ने अवस्था छैन। जेन-जी आन्दोलनलगायतका कारण केही ऋण असुली प्रभावित भएको थियो। त्यस्ता ऋणलाई पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्ने सुविधा राष्ट्र बैंकले दियो। त्यसले गर्दा प्रोभिजन पनि कम भयो। यी यस्ता कारण नाफा बढेको हो,' उनले भने, 'व्यवसाय नै बढेर नाफा बढेको अवस्था भने होइन। अझै पनि कर्जाको माग न्यून छ। मध्यपूर्वको तनावको असर पनि देखिन थालेको छ। यी यस्ता कारण अहिले नै दुक्क हुने स्थिति छैन।'

समीक्षा अवधिमा नाफा कमाउने मामिलामा नबिल बैंक पहिलो नम्बरमा छ। उक्त बैंकले ६ अर्ब ७६ करोड ४६ लाख ४६ हजार रुपैयाँ नाफा कमाएको छ। दोस्रो नम्बरमा रहेको ग्लोबल आइएमई बैंकले चार अर्ब ४० करोड ११ लाख ७८ हजार नाफा कमाएको छ। तेस्रो स्थानमा रहेको कुमारी बैंकले भने चार अर्ब १७ करोड ८० लाख ४८ हजार रुपैयाँ नाफा कमाएको छ। तथ्यांकअनुसार एभरेष्ट बैंकले तीन अर्ब ३२ करोड ९३ लाख १६ हजार रुपैयाँ, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले तीन अर्ब १४ करोड ६७ लाख ६९ हजार रुपैयाँ, प्राइम कमर्सियल बैंकले तीन अर्ब आठ करोड ९३ लाख ३५ हजार रुपैयाँ र नेपाल बैंकले दुई अर्ब ७९ करोड २९ लाख ८१ हजार रुपैयाँ खुद नाफा कमाएका छन्।

यस्तै, राष्ट्रिय वाणिज्य बैंकले दुई अर्ब ७६ करोड २० लाख ५९ हजार रुपैयाँ, एनएमबि बैंकले दुई अर्ब ६८ करोड ७७ लाख ८५ हजार रुपैयाँ, सानिमा बैंकले दुई अर्ब ३५ करोड दुई लाख दुई हजार रुपैयाँ, स्ट्यान्डर्ड चार्टर्ड बैंकले दुई अर्ब आठ करोड १६ लाख २१ हजार रुपैयाँ, लक्ष्मी सनराइज बैंकले दुई अर्ब तीन करोड ८१ लाख ८४ हजार रुपैयाँ र सिद्धार्थ बैंकले दुई अर्ब एक करोड ४८ लाख ५५ हजार रुपैयाँ नाफा कमाएका छन्।

यस्तै, माछापुच्छ्रे बैंकले एक अर्ब ६५ करोड ८६ लाख ५९ हजार, नेपाल एसबिआई बैंकले एक अर्ब ४६ करोड १७ लाख ८५ हजार, कृषि विकास बैंकले एक अर्ब ३९ करोड ३९ लाख ७३ हजार र सिटिजन बैंकले एक अर्ब ३० करोड ६४ लाख, प्रभु बैंकले ८५ करोड १५ लाख २३ हजार, हिमालयन बैंकले ७६ करोड २५ लाख ३६ हजार र एनआइसी एसिया बैंकले १४ करोड तीन लाख २४ हजार रुपैयाँ खुद नाफा कमाएको छ।

■ निष्क्रिय कर्जा बढेर ५.२५% पुग्यो

चैत मसान्तसम्म वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा अनुपात ५.२५ प्रतिशत देखिएको छ। गत आवको चैत मसान्तसम्म २० वाणिज्य बैंकको औसत निष्क्रिय कर्जा ४.८२ प्रतिशत थियो। चालू आवको चैत मसान्तसम्म आउँदा त्यो बढेर ५.२५ प्रतिशत पुगेको हो। पछिल्लो समय कर्जा असुली राम्रो नहुँदा यस्तो अनुपात बढ्दो क्रममा छ। तथ्यांकअनुसार एनआइसी एसियाको ८.८५ प्रतिशत, प्रभुको ८.८४ प्रतिशत, नेपाल इन्भेष्टमेन्ट मेगाको ८.४१ प्रतिशत, हिमालयन बैंकको ७.९८ प्रतिशत, कुमारीको ६.९४ प्रतिशत, सिटिजनको ६.८२ प्रतिशत, प्राइम कमर्सियलको ६.३९ र लक्ष्मी सनराइजको ५.२९ प्रतिशत निष्क्रिय कर्जा देखिएको छ। यस्तै, कृषि विकासको ५.०६ प्रतिशत, ग्लोबल आइएमईको ४.९७ प्रतिशत, नेपाल बैंकको ४.९६ प्रतिशत, एनएमबिको ४.९५ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ४.४८ प्रतिशत, नबिलको ४.३७ प्रतिशत र माछापुच्छ्रेको ४.०१ प्रतिशत, सानिमाको ३.९९ प्रतिशत, सिद्धार्थको ३.७१ प्रतिशत, नेपाल एसबिआईको २.५३ प्रतिशत, स्ट्यान्डर्ड चार्टर्डको १.८१ प्रतिशत र एभरेष्टको ०.६१ प्रतिशत निष्क्रिय कर्जा छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड

YAMBALING HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालयः ललितपुर म.न.पा.-१०, ज्वागल, ललितपुर, नेपाल। टेलिफोन नं. ०१-५४५०९३४

इमेल : yambaling@gmail.com, वेबसाइट : www.yambalinghydropower.com.np

साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

याम्बालिङ्ग हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/-(अक्षरेपी सत्तरी करोड मात्र) को ४० प्रतिशत अर्थात रु.२८,००,००,०००/- रकम बराबरको रु.१००/-अंकित दरका २८,००,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि छुट्टाइएको मध्ये जारी पूँजीको १०% अर्थात रु. ७,००,००,०००/- (अक्षरेपी सात करोड मात्र) रकमबराबरको रु.१००/– अंकित दरको ७,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावितक्षेत्र स्थानीय बासिन्दाहरुलाई बाँडफाँड गरी बाँकी ३०% अर्थात २१,००,००,०००/- (अक्षरेपी एकाइस् करोड मात्र) रकम बराबरको रु.१००/- अंकित दरको २१,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात २,१०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि, ५% अर्थात १,०५,००० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात ४२,००० कित्ता साधारण शेयर निष्काशनकर्ता कम्पनीका कर्मचारीका लागि बाँडफाँड गरेपश्चात् बाँकी रहेको १७,४३,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८३ बैशाख १६ गते बुधबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

दरखास्त दिन पाउने न्युनतम कित्ता : १०	दरखास्त दिन पाउने अधिकतम कित्ता : २१,०००

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/– प्रति शेयरको दरले

क्र.सं.	विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु
१	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ र वेबसाइट www.muktinathcapital.com
२	याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड, ज्वागल, ललितपुर र वेबसाइट www.yambalinghydropower.com.np
३	नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ।

सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुर तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति :	२०८३/०१/१६
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८३/०१/२२ (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८३/०१/३० (बैंकिङ्ग समय पश्चात्)

संक्षिप्त वित्तीय विवरण :

विवरण	वास्तविक			अपरिष्कृत पौष मसान्त ०८२/८३	प्रक्षेपित		
	आ.व.०७९/०८०	आ.व.०८०/०८१	आ.व.०८१/०८२		आ.व.०८२/०८३	आ.व.०८३/०८४	आ.व.०८४/०८५
प्रति शेयर आम्दानी (EPS)	(०.००)	(७.५२)	१.८२	६.०८	०.०८	२.८८	४.२६
प्रति शेयर नेटवर्थ (रु.)	१००.००	९२.४८	१०१.८२	१०६.०८	१००.०८	१०२.८८	१०४.२६
संचित नाफा/नोक्सान	(०)	(३१,५८४,५७०)	७,६३४,३७४	२५,५६१,७१६	५५३,१०७	२०,१४९,६३०	२९,७८८,४६२

आयोजनाको नाम	कुल लागत रकम करोडमा (रु.)	प्रति मेगावाट लागत रकम करोडमा (रु.)
याम्बालिङ्ग जलविद्युत आयोजना ७.२७ मे.वा.	१८७.११	२५.७४
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	**साधारण लगानी फिर्ता हुने अवधि**	**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि**
२५ वर्ष ६ महिना	१०.७६	१९.८७

विद्युत उत्पादन अनुमति प्राप्त मितिः २०७३/०६/०९	विद्युत उत्पादन अनुमति बहाल रहने मितिः २१०८/०६/०८

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०८१/११/२७ गते "CARE-NP BB-(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ नं. ५४) मा उल्लेख गरिएको जनाउँदछ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/१०/०८ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मितिः २०८३/१२/३०**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३ बैशाख ०७ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेवसाइट www.yambalinghydropower.com.np नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.muktinathcapital.com मा रहेको विवरणपत्र हेर्नुहुन अनुरोध गर्दछौं।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालयः नारायणचौर, नक्साल, काठमाण्डौं।
फोन नं.: ४५४६१०८/०९, ४५४६४७०
इमेल : info@muktinathcapital.com
वेवसाइट: www.muktinathcapital.com

चिया उद्यमीलाई प्रोत्साहन : मन्त्री चौधरी



काठमाडौं/ कृषि तथा पशुपक्षी विकास र वन तथा वातावरणमन्त्री गीता चौधरीले आगामी वर्षको बजेटमार्फत चियामा लगानी बढाउने, नयाँ बजारको पहिचान गर्ने र युवा तथा महिला उद्यमीलाई प्रोत्साहन गर्ने नीति ल्याउने बताएकी छिन्। मंगलबार ३०औँ राष्ट्रिय चिया दिवसको अवसरमा सन्देश प्रवाह गर्दै मन्त्री चौधरीले चियाको उत्पादन वृद्धि गरी निर्यात बढाउन सरकारले सक्दो सहयोग गर्ने बताइन्।

मन्त्रालयका अनुसार देशभर ३१ वटा जिल्लामा चिया खेती विस्तार भएको छ भने १५ हजारभन्दा बढी कृषक आबद्ध छन्। एक सय ७१ वटा टी- स्टेट र साना मझौला गरी एक सय २० वटा चिया प्रशोधन केन्द्र रहेको मन्त्रालयले जनाएको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार देशभर २० हजार ६ सय दुई हेक्टरमा चिया खेती विस्तार भएको छ। देशभर १५ हजार एक सय ३२ कृषक चिया खेतीमा संलग्न छन्।

सेबोन अध्यक्षका लागि आवेदन खुल्यो

काठमाडौं/ नेपाल धितोपत्र बोर्ड (सेबोन)को रिक्त अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस समितिले आवेदन मागेको छ। अध्यक्षका लागि नाम सिफारिस गर्न गठित समितिले इच्छुक योग्य नेपाली नागरिकलाई सात दिनभित्र व्यक्तिगत विवरण पेस गर्न सूचना जारी गरेको हो। अर्थ मन्त्रालयले मंगलबार प्रकाशित सूचनाअनुसार आवेदन दिने अन्तिम मिति २१ वैशाख ०८३ तोकिएको छ। आवेदन अर्थ मन्त्रालयअन्तर्गत वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबारस्थित समितिको सचिवालयमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ।



सूचनाअनुसार अध्यक्ष बन्न मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्नेछ। साथै, धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, अर्थशास्त्र, वित्त, वाणिज्य, व्यवस्थापन वा कानुन क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव अनिवार्य गरिएको छ। उम्मेदवार नेपाली नागरिक हुनुपर्ने, उच्च नैतिक चरित्र भएको हुनुपर्ने र सम्बन्धित कानुनअनुसार अयोग्य घोषित नभएको हुनुपर्ने उल्लेख छ। उमेर हद पनि तोकिएको छ। आवेदन दिने व्यक्तिको उमेर ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्नेछ।

भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागुऔषध कारोबार, ठगी, जालसाजी, नैतिक पतन देखिने फौजदारी कसुरमा दोषी ठहरिएका व्यक्ति आवेदन दिन अयोग्य हुनेछन्। झुठा विवरण वा नक्कली कागजात पेस गरे आवेदन स्वतः रद्द हुने र कानुनी कारबाहीसमेत हुने जनाइएको छ।

कुलेखानीमा एक सय मेगावाटको पम्पिङ जलाशययुक्त आयोजना प्रस्ताव



मकवानपुरमा **पोष्टराज अधिकारी**

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा रहेको कुलेखानी जलाशयको पानी उपयोग गरेर थप एक सय मेगावाट विद्युत् उत्पादन गर्ने तयारी गरिएको छ। नेपाल विद्युत् प्राधिकरणले 'कुलेखानी-सिस्नेरी पम्प जलाशययुक्त जलविद्युत् आयोजना' अघि बढाउने प्रक्रिया सुरु गरेको हो।

यो आयोजना नेपालकै पहिलो पम्पिङ जलाशययुक्त जलविद्युत् आयोजना हुने बताइएको छ। प्रस्तावित आयोजनाबाट विशेषगरी हिउँदयाममा भारतबाट हुँदै आएको विद्युत् आयात घटाउने लक्ष्य राखिएको छ। प्राधिकरणका अनुसार इन्द्रसरोवरस्थित कुलेखानी जलाशयलाई माथिल्लो जलाशयका रूपमा प्रयोग गरिनेछ भने करिब तीन किलोमिटर तल इन्द्रसरोवर-२ राङ्चेनजिक कुलेखानी खोलामा ३६ मिटर अग्लो बाँध निर्माण गरी तल्लो जलाशय बनाइनेछ।

तल्लो जलाशयको भण्डारण क्षमता करिब १५ लाख ४० हजार घनमिटर रहनेछ। आयोजनाअन्तर्गत इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ कलंकीनजिक इन्टेक निर्माण गरी करिब १.९ किलोमिटर लामो सुरुङमार्फत पानी लिप्पानेस्थित प्रस्तावित विद्युत्गृहमा खसाइनेछ। विद्युत्गृहमा ५०-५० मेगावाट क्षमताका दुईवटा टर्बाइन जडान गरिने योजना छ।

विद्युत् उत्पादन भएको पानी टेलरेस हुँदै तल्लो जलाशयमा जम्मा गरिनेछ भने माग कम भएको समयमा सोही पानी पुनः पम्प गरेर माथिल्लो जलाशयमा फिर्ता पठाइनेछ। यस प्रणालीमार्फत उच्च मागको समयमा दैनिक ६ देखि १० घण्टासम्म विद्युत् उत्पादन गर्ने प्राधिकरणको योजना छ।

आयोजनाको कुल लागत करिब १५ अर्ब रुपैयाँ अनुमान गरिएको छ। पूर्ण सञ्चालन हुँदा इन्द्रसरोवरको जलस्तरमा अधिकतम २० मिटरसम्म र तल्लो जलाशयमा २३.५ मिटरसम्म उतारचढाव हुने जनाइएको छ। आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनका लागि प्राधिकरणले प्रभावित क्षेत्रका स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायसँग राय-सुझाव संकलन सुरु गरेको छ।

हेटौंडा-ढल्केबर प्रसारणलाइनको पश्चिम खण्डको काम सुरु

काठमाडौं/ वर्षौंदेखि अवरुद्ध हेटौंडा-ढल्केबर चार सय केभी प्रसारणलाइनको पश्चिम खण्ड (हेटौंडाको हटिया क्षेत्र)मा टावर राख्ने कार्य अगाडि बढेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलमा सरोकार पक्षसँग भएको सहमतिपछि टावर राख्ने कार्य अगाडि बढेको हो।

मन्त्री श्रेष्ठले यसै साता जग्गाधनी र त्यस क्षेत्रका जनप्रतिनिधिसँग छलफल गरी मुआब्जा विवादलाई टुंग्याएका थिए। टावर निर्माण हुने क्षेत्रका जग्गाधनीले मुआब्जा स्वीकार गरेपछि एक साताभित्रै सातवटा टावरको जग खन्ने र कंक्रिटिङ गर्ने कार्य तीव्र गतिमा अगाडि बढेको छ।

सन् २०१२ बाट निर्माण सुरु भएको सो प्रसारणलाइनअन्तर्गत हेटौंडाको हटिया क्षेत्रमा १४ वटा टावर निर्माण हुन नसक्दा वर्षौंदेखि अलपत्र परेको थियो। नेपालको विद्युत् प्रणालीको मेरुदण्डका रूपमा लिइने यस परियोजना सम्पन्न भएपछि विद्युत् आपूर्ति प्रणाली विश्वसनीय हुनुका साथै निर्यातका लागि पूर्वाधार तयार हुनेछ।

यो प्रसारणलाइन निर्माणले निजी क्षेत्रलाई ठुलो राहत प्रदान गर्नेछ। सोही परियोजनाको पूर्वी खण्ड (ढल्केबर-इनरुवा) तीन वर्षअगाडि नै सम्पन्न भइसकेको छ।


खाद्य स्वच्छता र उपभोक्ता हितमा कोशी प्रदेशका खाद्य उद्योग कमजोर

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशका तीन जिल्लाका उद्योगहरूमा गरिएको एक अनुगमनले उपभोक्ताहित, श्रम, खाद्य स्वच्छता र वातावरणीय अधिकारमा कमजोर रहेको देखाएको छ। राष्ट्रिय मानव अधिकार विराटनगरले कोशीको झापा, मोरङ र सुनसरीमा रहेका ३१ खाद्य उद्योगहरूमा एक वर्ष लगाएर अनुगमनले यस्तो देखाएको हो।

आयोगका अनुसन्धान अधिकृत यमराज आङ्दम्बेका अनुसार नियमनकारी निकायहरूले निरन्तर अनुगमन नगर्दा अझै उद्योगहरूले गुनासो व्यवस्थान प्रणाली विकास गर्न चासो देखाएका छैनन्। उद्योगबाट उत्पादन हुने प्रदूषण र फोहोर व्यवस्थापनमा पनि उनीहरू जिम्मेवार नदेखिएको उनको भनाइ छ। उद्योगहरूमा अझै भाडाका कामदार प्रयोग रहेको तथा म्याद गुज्रेका खाद्य उत्पादनहरूको गुणस्तर र उचित व्यवस्थापनमा कमजोरी रहेको पाइन्छ। धेरै उद्योगहरूले वतावरणीय अध्ययन प्रतिवेदन नै स्वीकृत नगराई उद्योग-व्यवसाय सञ्चालन गरिरहेको अनुगमन फेला परेको छ। जसले फोहोर, ढल निकास तथा ध्वनि प्रदूषणजस्ता समस्याले पीडित भएको स्थानीयले गुनासो गरेका छन्। आयोगको प्रतिवेदनअनुसार अनुगमन गरिएका ३१ खाद्य उद्योगमध्ये ५१ प्रतिशतले वातावरणीय प्रभाव मूल्यांकन (आइइई र इआइए) स्वीकृत गरेका छैनन्। यसैगरी, कामदारको न्यूनतम ज्याला र उनीहरूको भौतिक जोखिमबारे पनि उद्योगहरू गम्भीर छैनन्। धेरै उद्योगहरूमा अझै कामदारहरूले ट्रेड युनियनको अधिकार नपाएको प्रतिवेदनमा उल्लेख छ।

उद्योग-व्यवसायमा मानव अधिकार पालना भए-नभएकोबारे नियमनकारी निकायहरूले पनि जिम्मेवारीपूर्वक संवेदनशील नभएको प्रतिवेदनमा उल्लेख छ। पीडित उपभोक्ता र स्थानीयहरूले उजुरी गरेर दबाब दिए मात्र आक्कलझुक्कल



अनुगमन हुने गरेको छ। तर, भएका अनुगमन पनि नियमअनुसार नियमनकारी निकायहरूले कानुनी कारबाही नगरेको पाइएको छ। जसले गर्दा उद्योग-व्यवसायमा मानव अधिकार उल्लंघन गर्नेहरूलाई सहयोग पुगिरहेको छ।

उद्योग-व्यवसायमा मानव अधिकार पालना गराउन सरकारले प्रदेश र पालिकास्तरसम्म संयन्त्र निर्माण गरेको छ। प्रदेशमा प्रमुख सचिवको नेतृत्वमा र पालिकामा उपाध्यक्ष वा उपप्रमुखको नेतृत्वमा अनुगमन निर्देशन संयन्त्र निर्माण भएको छ। तर, अनुगमन नहुँदा उद्योग-व्यवसायमा मानव अधिकार पालनामा व्यसायीहरू जिम्मेवार हुनै चाहेका छैनन्।

राष्ट्रिय मानव अधिकार आयेाग विराटनगरका प्रमुख वीरवहादुर बुढा उद्योग-व्यवसायमा मानव अधिकार पालनाको अवस्था अझै कमजोर रहेकाले नियमनकारी निकायहरूले निरन्तर अनुगमन गरेर आवश्यक निर्देशन र कारबाहीमा गम्भीर चासो दिनुपर्ने बताए। उनले भने, 'निरन्तर अनुगमन गरेर निर्देशन र कारबाहीसँगै अधिकारप्राप्त संयन्त्रहरूले सचेतना र उपचारका लागि सक्रियता देखाउनुपर्छ अनि मात्र व्यवसायमा मानव अधिकारको अवस्था बलियो हुँदै जानेछ।'

कोशी प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्रकुमार पौडेल सीमित स्रोत र जनशक्तिले गर्दा अधिकारप्राप्त संयन्त्रलाई निरन्तर अनुगमनमा समस्या भइरहेको बताउँछन्। उनी भन्छन्, 'व्यवसायमा मानव अधिकार पालना गराउन राष्ट्रिय कार्ययोजना कार्यान्वयन गराउनु सबै तहका सरकारको कर्तव्य हो, हामी चाँडै संयन्त्रको बैठक राखेर समीक्षा गर्नेछौं।'

औद्योगिक करिडोर क्षेत्र भएको मोरङको बुढीगंगा गाउँपालिका उपप्रमुख अमृताकुमारी गच्छदार उद्योग-व्यवसायमा मानव अधिकारको पालना गराउन आफूहरूले सधैं चासो दिने गरेको, तर उद्योगी-व्यवसायीले नै बेवास्ता गर्ने गरेको बताउँछन्। उनी भन्छिन्, 'हामीले समस्या समाधानका लागि पटक-पटक अनुगमन गरेर बैठकमा बोलाउने गर्छौं, तर उद्योगका जिम्मेवार व्यक्तिहरू कहिल्यै आउँदैनन्, यसैले समस्या उस्तै रहन्छ।'

उद्योग वाणिज्य संघ कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउत मानव अधिकारको पालनाका लागि निजी क्षेत्र पनि जिम्मेवार बन्दै गएकाले धेरै सुधार भइरहेको र अझै सामूहिक छलफलबाट उत्पन्न समस्याहरू समाधान गर्न सकिन्छ भन्छन्।

इन्सेक कोशी प्रदेश संयोजक मनोहर पोखरेल उद्योग-व्यवसायले अटेर गर्दा र उजुरी पर्दा पनि नियमनकारीले अनुगमन गरेर कारबाही गर्न चासो नदिँदा पीडितहरू अदालतसम्म पुग्न बाध्य भइरहेको बताउँछन्। उनका अनुसार इन्सेकले उद्योगहरूबाट वतावरणीय अधिकार हनन भएको भनेर बारम्बर पीडितहरूले संघर्ष गरे पनि पार नलागेपछि इन्सेकले आफैं जाहेरवाला बनेर अदालतमा मुद्दा दर्ता गराउन थालेको छ।

किवी वाइन उत्पादनमा ८० प्रतिशत अन्तःशुल्क छुट दिन माग

वार्षिक एक अर्बको किवी वाइन बिक्री गर्ने लक्ष्य



काठमाडौं/ किवीबाट उत्पादन हुने वाइनमा ८० प्रतिशत अन्तःशुल्क छुट दिन किसानले माग गरेका छन्। विगत नौ वर्षदेखि पूर्वी पहाडी जिल्लामा व्यावसायिक किवी खेती गरिरहेका कृषि उद्यमीले वाइन उत्पादनमा आगामी बजेटमार्फत ८० प्रतिशत अन्तःशुल्क छुट दिन माग गरेका हुन्।

इलाम, पाँचथर, तेह्रथुम, संखुवासभा, भोजपुर, खोटाङ र धनकुटाका किसानले स्थापना गरेको वसन्तपुर तीनजुरे प्रालि (किवी उत्पादन तथा प्रशोधन केन्द्र)का अध्यक्ष दुर्गामणि पौडेलले हाल कायम अन्तःशुल्कमा छुट दिन अर्थ मन्त्रालयलाई लिखित ध्यानाकर्षण गराएको जानकारी दिए। उनले आगामी साउनदेखि किवीबाट वाइन उत्पादन गरेर वार्षिक एक अर्बको कारोबार गर्ने लक्ष्य राखेको र त्यसबाट सात जिल्लाका किसानसमेत लाभान्वित हुने बताए। 'आगामी साउनबाट किवीको वाइन उत्पादन गर्ने गरी प्रशोधन उद्योग तयार गरेका छौं,' सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'सरकारले अन्तःशुल्कमा छुट दिएर प्रोत्साहन गर्ने अपेक्षा छ।' आर्थिक वर्ष ०७३/७४ को बजेटमार्फत स्वदेशी फलफूलबाट निर्मित १२ देखि १७ प्रतिशत अल्कोहल भएको पेय पदार्थमा ५० प्रतिशत अन्तःशुल्क छुट दिने व्यवस्था गरिएको भए पनि ०७५ मा पुनः उक्त निर्णय उल्टाएकाले स्वदेशी उत्पादनलाई मर्का परेको पौडेलले बताए।

अहिलेको कर प्रणालीअनुसार एक लिटर वाइन तयार गर्न अन्तःशुल्क आठ सय ५० रुपैयाँ, किवी प्रतिकिलो एक सय २० रुपैयाँ, बोतल-लेबल तथा बिर्कोबापत एक सय पाँच रुपैयाँ, श्रमिक र कन्सल्टेन्ट लागत एक सय रुपैयाँ र १३ प्रतिशत भ्याटसहित कुल लागत १२ सय ९१ रुपैयाँ लाग्ने उनले बताए। 'यस किसिमको लागत प्रणालीले मुनाफा नहुने हुँदा स्वदेशी उद्योग धराशायी हुने अवस्था छ,' उनले भने।

उनले आगामी बजेटमार्फत अन्तःशुल्कमा ८० प्रतिशत छुट दिँदै प्रतिलिटर एक सय २० रुपैयाँ मात्र शुल्क कायम गर्नुपर्ने बताए। उनले तिनजुरे किवी प्रशोधन केन्द्रमा ६५ घरपरिवार किसानको चार सय रोपनी र उद्योगका आफ्नै एक सय रोपनी गरी कुल पाँच सय रोपनी जमिनमा व्यावसायिक किवी खेती भइरहेको जानकारी दिए।

कर्पोरेट

एनएमबि बैंकलाई 'एसटिपी अवार्ड २०२५'



काठमाडौं/ एनएमबि बैंकले व्यावसायिक भुक्तानी तथा वित्तीय संस्था स्थानान्तरणमा उत्कृष्ट गुणस्तर र दक्षता प्रदर्शन गरेबापत कमर्ज बैंक एजी, जर्मनीबाट प्रतिष्ठित 'एसटिपी अवार्ड २०२५' प्राप्त गरेको छ। यो अवार्ड पूर्ण रूपमा स्वचालित र सरल ढंगले अन्तर्राष्ट्रिय भुक्तानी सेवा प्रदान गर्ने सीमित बैंकहरूमा मात्र प्रदान गरिन्छ। यसले एनएमबि बैंकको प्राविधिक दक्षता, कार्यगत अनुशासन तथा द्रुत र भरपर्दो सेवा प्रदान गर्ने प्रतिबद्धता झल्काएको बैंकले जनाएको छ।

यस अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले भने, 'हाम्रा ग्राहकका लागि अन्तर्राष्ट्रिय बैंकिङलाई सरल र सहज बनाउने हाम्रो निरन्तर प्रयासको यो उपलब्धि हो। उच्च मापदण्ड कायम राख्दै हामी छिटो र सुरक्षित सेवा प्रदान गर्न प्रतिबद्ध छौं।' यस उपलब्धिले एनएमबि बैंकलाई व्यापार, लगानी तथा विश्वव्यापी वित्तीय पहुँचका लागि एक विश्वसनीय साझेदारका रूपमा थप सुदृढ बनाएको उनको भनाइ छ। एनएमबि बैंकले हाल देशभरि एक सय ९८ शाखा, एक सय ८४ एटिएम र नौ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

सेयर निष्कासनसम्बन्धी नर्भिक हस्पिटलको 'रोड सो'



काठमाडौं/ नर्भिक इन्टरनेसनल हस्पिटलले सेयर निष्कासनसम्बन्धी बुक-बिल्डिङ प्रक्रियाअन्तर्गत छलफल 'रोड सो' सम्पन्न गरेको छ। निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटलद्वारा आयोजित 'रोड सो'मा यो संस्थागत लगानीकर्ताले मूल्य निर्धारण, माग तथा मूल्यांकनसम्बन्धी छलफल भएको थियो।

छलफलमार्फत नर्भिक हस्पिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अजयकुमार मिश्रले वर्तमान सञ्चालन अवस्था, वित्तीय कार्यसम्पादन, रणनीतिक दिशा तथा भविष्य विस्तार योजनाबारे विस्तृत जानकारी दिएका थिए। लक्ष्मी सन्राइज क्यापिटलले 'रोड सो' कार्यक्रममा मूल्यांकन पद्धति, मूल्य निर्धारणका आधारहरू, मागको विश्लेषण, बुक-बिल्डिङ संरचना तथा नियामक प्रावधानसम्बन्धी विस्तृत जानकारी दिएको थियो। सहभागी लगानीकर्ताले प्रस्तुत गरिएको मूल्य खोजी प्रक्रिया पारदर्शी, व्यावसायिक तथा विश्वासयोग्य रहेको धारणा व्यक्त गरेका थिए।

योग्य संस्थागत लगानीकर्ताले आफूले खरिद गर्न चाहेको सेयर संख्या तथा प्रस्तावित अभिप्रेत मूल्य सिलबन्द खाममा २१ वैशाखभित्र आशयपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बुझाउनुपर्ने व्यवस्था रहेको छ।

जेठ १३ र १४ मा भक्तपुरमा ब्युटी एन्ड बिजनेस एक्स्पो हुने



काठमाडौं/ आगामी जेठ १३ र १४ गते भक्तपुरको गट्ठाघरस्थित जर्मन होम्स हस्पिटालिटीमा 'ग्रान्ड ब्युटी एन्ड बिजनेस एक्स्पो विथ हाटबजार' हुने भएको छ। सौन्दर्य तथा साजसज्जा व्यवसायलाई एउटै मञ्चमा जोड्ने उद्देश्यले आयोजना गरेको एक्स्पो अन्तर्राष्ट्रियस्तरको रहने आयोजक संस्था युथ इको नेपालका अध्यक्ष आकाश गजुरेलले बताएका छन्। सो अवसरमा सयवटा स्टलमार्फत हाटबजारको स्वरूप दिइने र व्यवसाय प्रवर्द्धन गरिने जर्मन होम्स हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत राजन कार्कीले बताएका छन्। सौन्दर्य कला, साजसज्जा तथा भक्तपुरको मौलिक पहिचानको प्रवर्द्धन गर्ने वस्तु तथा सेवा हाटबजारमा राखिने उनले बताए। एक्स्पोको प्रमुख आकर्षणका रूपमा भारतका चर्चित हेयर आर्टिस्ट जावेद हबिबको विशेष उपस्थिति र प्रशिक्षण रहने अध्यक्ष गजुरेलले बताए। त्यस्तै, म्याक अब्राहम, रोहित तिवारी तथा नेपालका लोकप्रिय कलाकार चिरागको समेत सहभागिता रहने उनले बताए।

संस्थाका संरक्षक नरेश रञ्जितले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त सौन्दर्यकर्मीको प्रशिक्षण र प्रयोगात्मक कक्षाले सहभागीमा ज्ञान र सिपको अभिवृद्धि हुने तथा आत्मविश्वास बढ्ने विश्वास व्यक्त गरे। प्रदर्शनी करिब १० हजार मानिसले अवलोकन गर्ने आयोजकको अपेक्षा छ।

क्रम्पटनको आकर्षक एयर कुलर नेपाली बजारमा



काठमाडौं/ घर तथा कार्यालय दुवैका लागि उपयुक्त हुने नयाँ क्रम्पटन डेजर्ट एयर कुलर, टावर एयर कुलर तथा पर्सनल एयर कुलर नेपाली बजारमा सार्वजनिक भएको छ।

आकर्षक डिजाइन, प्रभावकारी कार्यक्षमता र प्रयोगमैत्री विशेषताका साथ तयार गरिएको यो नयाँ शृंखलाले आवश्यकताअनुसार भरपर्दो चिस्यान समाधान प्रदान गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ। यस शृंखलामा समावेश क्रम्पटन ब्रान्डका ओजन, गाले, जेलुस, अप्टिमस, सियोर ब्रिज-जेडी पिएसी मोडेलमा पानीट्यांकीको क्षमता, हावा प्रवाह क्षमता र क्षेत्रफल कभर गर्ने क्षमताका आधारमा डिजाइन गरिएका छन्।

क्रम्पटनका टावर प्रकारका कुलर सानो स्थानमा मिल्ने र आधुनिक घर सजावटसँग मेल खाने गरी बनाइएका छन्। त्यस्तै, पर्सनल कुलर साना कोठा वा व्यक्तिगत प्रयोगका लागि उपयुक्त छन्। नयाँ वर्ष ०८३ को अवसरमा कम्पनीले आकर्षक योजनासमेत ल्याएको छ। जसअन्तर्गत सीमित अवधिका लागि विशेष छुट प्रदान गरिनेछ। साथै, प्रत्येक १५ दिनमा गरिने लक्की ड्रमार्फत खरिदकर्तामध्ये एकजनाले क्रम्पटनको मिक्स्चर पाउने कम्पनीले जनाएको छ। एकजना भाग्यशाली विजेताले डबल डोर रेफ्रिजेरेटर पाउनेछन्।

हिमालयन बैंक लिमिटेडको कुमारीपाटी शाखा स्थित सेफ डिपोजिट लकर स्थानान्तरण हुनेबारे जरुरी सूचना

यस हिमालयन बैंक लिमिटेडको कुमारीपाटी शाखामा रहेको सेफ डिपोजिट लकर मितिः २०८३/०१/२४ मा कुमारीपाटी बाट काठमाण्डौं महानगरपालिका वडा नं १६ स्थित बालाजु शाखामा स्थानान्तरण गर्न लागेको व्यहोरा जानकारी गराउदछौं। स्थानान्तरणको क्रममा लकरमा रहेका सामाग्रीहरु टुटफुट हुनसक्ने सम्भावना रहने भएकोले लकरमा रहेका आफ्ना सामानहरु उपरोक्त मिति अगावै झिकी/निकाली सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं। उपरोक्त मिति भित्र ननिकालेको सामान स्थानान्तरणको क्रममा टुटफुट भई हानी नोक्सानी भएमा बैंक जवाफदेही नहुने व्यहोरा सम्बन्धित सम्पूर्ण ग्राहकवर्गको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

थप जानकारीको लागि तल उल्लेखित ठेगाना वा फोन नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

कुमारीपाटी शाखा

०१-५४०८६२१, ०१-५४०८६२२

HBL Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
सामान्य प्रशासन विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-५९७१३४६, पो.ब.नं. २०५९० काठमाडौं

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/१६

यस सा व उ स बाट संकलित साल गोलिया काठ ३८१.२६ क्यू फिट र साल दाउरा ०.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

धर्मखोला सा. वन उपभोक्ता समूह, व्यास ५, तनहूँ।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८३/०१/१६ गते नयाँ पत्रिका दैनिक

यस विकास बैंकको शाखा कार्यालय बनेपा, काभेबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति
२०८३/०१/२९ गते स्थान : शाखा कार्यालय बनेपा, काभे

बोलपत्र खोलिने मिति/समय
२०८३/०१/३१ गते, विहीबार दिनको ३ बजे

क्र.स	ऋणीको नाम, ठेगाना
१.	**नाम : अधिकारी भाडा पसल एण्ड स्टोर** प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रे प्रा.फ.र.नं. ५१९०/०७६/०७७, दर्ता मिति : २०७६/०९/०७, पान नं. ६१२७००१४३, दर्ता मिति : २०७६/०९/०७ ठेगाना : वनेपा न. पा. वडा न १०, काभ्रेपलाञ्चोक, प्रोप्राइटर : कुविर अधिकारी
	ऋणी तथा जमानतकर्ताको विवरण
	नाम : कुविर अधिकारी ना.प्र.नं. ९४६६, जि.प्र.का. धादिङ, जारी मिति : २०६०/१०/०८ बाबुको नाम : लछुमन अधिकारी, बाजेको नाम : जोदार सिं अधिकारी ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६, हाल : काभरेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०
	व्यक्तिगत जमानतकर्ताहरूको विवरण
	१. नाम : शुशिला अधिकारी ना.प्र. नं. २६३०३४/४६४, जि. प्र.का. धादिङ जारी मिति : २०६३/१०/१४ पतिको नाम : कुविर अधिकारी ससुराको नाम : लछुमन अधिकारी ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६ हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०
	२. नाम : राजेन्द्र बानिया ना.प्र. नं. ४६९४, जि. प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०५४/०७/२९ बाबुको नाम : निल बहादुर बानिया बाजेको नाम : चन्द्र बहादुर बानिया ठेगाना : सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ३ हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०
	धितोमा रहेको सम्पत्तिको विवरण
	कुविर अधिकारीको नाममा मालपोत कार्यालय, धादिङ दर्ता कायम रहेको धादिङ जिल्ला, कुम्पुर वडा नं. ६ स्थित कित्ता नं. ७०, १६२, १५९, १६५, १६४ को क्षेत्रफल क्रमशः ३-६-३-०, ०-९-१-३, १-१५-३-०, २-१५-२-०, ०-३-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९६०३६-१२
शाखा कार्यालय : बनेपा, काभे फोन नं. ११-६६०१३०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना १६ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय धनगढीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

क) कर्जा शीर्षक : व्यवसाय आवधिक कर्जा, व्यवसाय अधिविकर्ष कजा र कृषि कर्जा

ऋणीको विवरण
नाम : **घटाल ब्रिक उद्योग** साझेदारहरुको नाम : बिष्णु बहादुर बुढाऐर, बिशाल बुढाऐर उद्योग दर्ता नं. : ४/६३/०६६/०६७ दर्ता मिति : २०६६/१०/१७ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग, फर्मको ठेगाना : कञ्चनपुर जिल्ला रैकवार विचवा वडा नं. ५ स्थायी लेखा नं. : ३०५०८८४०४
साझेदारहरुको विवरण
१) डम्वर सिंह बुढाऐरको नाति धर्म सिंह बुढाऐरको छोरा डडेल्धुरा जिल्ला घटालडोटी वडा नं. ३ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **बिष्णु बहादुर बुढाऐर** (ना.प्र.नं. : ७१७ जारी मिति र जिल्ला : २०३९/१२/२५, डडेल्धुरा)
२) धर्म सिंह बुढाऐरको नाति बिष्णु बहादुर बुढाऐरको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **बिशाल बुढाऐर** (ना.प्र.नं. : ७४१००१/५३६ जारी मिति र जिल्ला : २०६५/०२/१३, डडेल्धुरा)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) डम्वर सिंह बुढाऐरको नाति धर्म सिंह बुढाऐरको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **तारक बहादुर बुढाऐर** (ना.प्र.नं. : ५३१/३३३८ जारी मिति र जिल्ला : २०७२/११/१२, डडेल्धुरा)
२) धर्म सिंह बुढाऐरको बुहारी बिष्णु बहादुर बुढाऐरको पत्नी डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **प्रभा देवी बुढाऐर** (ना.प्र.नं. : १५२/१२५३० जारी मिति र जिल्ला : २०५३/०१/२४, डडेल्धुरा)
३) धर्म सिंह बुढाऐरको नाति तारक बहादुर बुढाऐरको छोरा डडेल्धुरा जिल्ला अ.न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **प्रतिभा स्वार बुढाऐर** (ना.प्र.नं. : ७४१००१/२३०४ जारी मिति र जिल्ला : २०६७/१०/११, डडेल्धुरा)

ख) कर्जा शीर्षक : कृषि कर्जा

ऋणीको विवरण
नाम : **ग्वासि माछा पालन** प्रोपाइटरको नाम : प्रभा देवी बुढाऐर प्रा.फ.नं. : ९११४/०७८/७९ दर्ता मिति : २०७८/०८/०५ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय फर्मको ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर वडा नं. ७ स्थायी लेखा नं. : ६२०१९३९२६
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) डम्वर सिंह बुढाऐरको नाति धर्म सिंह बुढाऐरको छोरा डडेल्धुरा जिल्ला घटालडोटी वडा नं. ३ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **बिष्णु बहादुर बुढाऐर** (ना.प्र.नं. : ७१७ जारी मिति र जिल्ला : २०३९/१२/२५, डडेल्धुरा)
२) धर्म सिंह बुढाऐरको नाति बिष्णु बहादुर बुढाऐरको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **बिशाल बुढाऐर** (ना.प्र.नं. : ७४१००१/५३६ जारी मिति र जिल्ला : २०६५/०२/१३, डडेल्धुरा)
३) धर्म सिंह बुढाऐरको बुहारी बिष्णु बहादुर बुढाऐरको पत्नी डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २ हाल, कञ्चनपुर जिल्ला कृष्णपुर न.पा. वडा नं. ७ बस्ने **प्रभा देवी बुढाऐर** (ना.प्र.नं. :१५२/१२५३० जारी मिति र जिल्ला : २०५३/०१/२४, डडेल्धुरा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बुधबार १६ वैशाख ०८३
www.nayapatrikadaily.com
का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७
नयाँ पत्रिका

फिफासमक्ष प्रत्यक्ष बैठकको प्रस्ताव पठाउँदै राखेप

फिफाले २१ वैशाखसम्म एन्फामाथि तीन महिनाको निलम्बन विनासर्त फुकुवा गर्न राखेपलाई दबाब दिइरहेको छ। राखेपले भने फुटबल विवाद समाधान गर्न फिफाका पदाधिकारीसँग प्रत्यक्ष छलफलको प्रस्ताव बुधबार पठाउने तयारी गरेको छ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जटिल बनिरहेको फुटबल विवादको समाधानका लागि विश्व फुटबलकै सर्वोच्च निकायसमक्ष प्रत्यक्ष बैठकको प्रस्ताव पठाउने तयारी गरेको छ। फिफाले भने २१ वैशाखसम्म राखेपलाई अखिल नेपाल फुटबल संघ (एन्फा)माथिको तीन महिनाको निलम्बन फुकुवा हुनुपर्ने अल्टिमेटम दिएको अवस्था छ। राखेपले अल्टिमेटमको समय सीमा सक्नुअघि फिफाका पदाधिकारीसँग प्रत्यक्ष वार्ता गरी विवाद समाधान गर्न प्रस्ताव पठाउन लागेको हो।

फुटबल प्रशासनको विवादमा समाधान निकाल्नका लागि सम्भवतः बुधबार स्विट्जरल्यान्डमा रहेको फिफाको मुख्यालयमा राखेपले पत्राचार गर्ने स्रोतले बताए। 'फुटबलको विवाद सक्दो समाधानका लागि राखेपले बुधबार फिफामा पत्र पठाउँदै छ,' राखेप स्रोतले भनेका छन्, 'फिफाका पदाधिकारीसँगको प्रत्यक्ष वार्तालें केही निकास पाउने हामीले आशा गरेका छौं।' डेढ महिनाअघि राखेपले फिफा र एएफसीसँग त्रिपक्षीय वार्ताको आग्रह गरेको थियो। गत १३ अप्रिलमा फिफाले राखेपको प्रस्ताव स्वीकार गरी भर्चुअल बैठक राखेको थियो।

जसमा राखेप, एन्फासँगै फिफा र एएफसीका पदाधिकारीबिच छलफल भएको थियो। भर्चुअल बैठक सकारात्मक रहे पनि फिफाले तत्कालै राखेपलाई २१ वैशाखसम्म एन्फामाथिको निलम्बन फुकुवा हुनुपर्ने चेतावनी दियो। आइतबार अध्यागमन विभागले एन्फाका २४ पदाधिकारीहरूलाई कालोसूचीमा राखेसँगै फुटबल विकास भन्ने बढेको हो। क्यानडामा मंगलबारदेखि सुरु भएको फिफा कंग्रेसमा सहभागी हुन एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र सिइओ इन्द्रमान तुलाधर सहभागी हुने तय भइसकेको थियो। कालोसूची सार्वजनिक भएपछि एन्फाका प्रतिनिधिहरू फिफा कंग्रेसमा सहभागी हुन पाएनन्। दीर्घकालीन रूपमा विवाद सल्टाउन राखेपका सदस्यसचिव रामचरित्र मेहताले मंगलबारै निलम्बनमा रहेको एन्फाका महासचिव किरण राईसँग छलफल गरेका थिए। सोही छलफलमा फिफासँग प्रत्यक्ष वार्ताको प्रस्ताव अघि सार्न लागेको हो। राखेपमा भएको वार्तामा एन्फाका महासचिव राई सकारात्मक रूपमा प्रस्तुत भएको स्रोतले जनाएका छन्। 'विशेष छलफलमा एन्फा महासचिव सकारात्मक रूपमै देखिए। सबै फुटबल विवाद समाधान गर्न लागिरहेका छन्,' राखेप स्रोतले भने, 'राखेपले राखेको सर्त स्विकारेका छन्।'

गत २२ चैतमा एन्फा र राखेपबिचको विवादको विषयमा फिफा र एएफसीले आफ्नो धारणा पहिलोपटक राखेका थिए। फिफाले एन्फा महासचिव किरण राईलाई पत्र पठाउँदै राखेपले निर्वाचन रोक्न खोजेको र तीन महिनाका लागि निलम्बन गरेको भन्दै त्यसलाई हस्तक्षेप भएको बताएको थियो। फिफाले त्यसवेला सात दिनभित्र निलम्बन फुकुवा गर्नुपर्ने चेतावनी दिएको थियो। फिफा र एएफसीले एन्फाको निर्वाचन प्रक्रियामा राज्यबाट बारम्बार हस्तक्षेप भइरहेकोमा बारम्बार चिन्ता व्यक्त गरेका छन्।

फिफाको विधानअनुसार प्रत्येक सदस्य संघले आफ्नो मामिला स्वतन्त्र रूपमा र कुनै पनि तेस्रो पक्षको अनुचित प्रभावविना व्यवस्थापन गर्नुपर्ने अनिवार्य व्यवस्था छ। फिफा र एएफसीले स्वीकृति दिए पनि राखेपले विधान संशोधन गर्दै निर्वाचनका लागि स्वीकृति दिन अस्वीकार गरेको थियो। त्यसपछि राखेपले एन्फालाई निलम्बन गरेको हो। फिफाले फेरि समयसीमाभित्र निर्णय फिर्ता नभए एन्फालाई फिफा काउन्सिलद्वारा तत्काल निलम्बन गरिने जनाएको छ। यदि फिफाले निलम्बन गरे नेपालले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने छैन। फिफा र एएफसीबाट प्राप्त हुने सबै विकास कोष र आर्थिक सहयोग रोक्का हुनेछ। फिफाका अन्य सदस्य राष्ट्रले एन्फासँग कुनै पनि प्रकारको खेलकुद (मैत्रीपूर्ण खेल आदि) राख्न पाउने छैनन्।

तेस्रो पक्षको हस्तक्षेप

राखेपले छलफलका लागि प्रस्ताव पठाउने तयारी गरे पनि फिफा र एएफसी भने आफ्नोमातहतमा रहेको फुटबल संघमाथिको हस्तक्षेप स्वीकार गरेका छैनन्। उनीहरूले स्वतन्त्र रूपमा रहेको फुटबल संघमाथि सरकारी निकायले गर्ने जबर्जस्तीलाई तेस्रो पक्षको हस्तक्षेपका रूपमा लिने गरेका छन्। १३ अप्रिलमा त्रिपक्षीय वार्ता भए पनि घुमाउरो रूपमा फिफा र एएफसीका पदाधिकारीले राखेपले एन्फामाथिको निलम्बनलाई तेस्रो पक्षको हस्तक्षेपकै रूपमा लिएका थिए। फिफाले राखेपलाई सोही निलम्बन हटाएपछि मात्र आफूहरू पूर्ण रूपमा छलफल गर्ने तयार जनाएको छ। 'स्वायत्त रहेको संघमाथि कुनै पनि पक्षको हस्तक्षेप स्वीकार्य छैन। यसलाई हामी तेस्रो पक्षको हस्तक्षेपका रूपमा लिएका छौं,' फिफाले जनाएको छ, 'पहिलो निलम्बन हट्नुपर्छ। जुन हामीले ४ मेसम्म मिति दिएका छौं।' एन्फाका प्रवक्ता सुरेश शाहले पनि राज्यबाट निर्वाचन प्रक्रिया अगाडि बढ्दा रोक्नुलाई हस्तक्षेपका रूपमा रहेको बताएका थिए। गत बिहीबार एन्फाका महासचिव राईसँगै अन्य पदाधिकारी फिफाको अल्टिमेटम पत्र बुझाउन जाँदा राखेपका पदाधिकारी झस्केका थिए।

फिफा निर्वाचनकै पक्षमा

गत वर्ष धुलिखेलमा भएको साधारणसभाको निर्णय, राष्ट्रिय खेलकुद ऐन तथा राखेपले दिएको निर्देशनविपरीत गत १३ चैतमा 'अर्ली इलेक्सन' गर्न खोजेपछि राखेपले ११ चैतमा एन्फालाई तीन महिनाका लागि निलम्बनमा गरेको थियो। एन्फाले सबै तयारी गरिसक्दा एकैपटक अनिश्चितकालीन रूपमा निर्वाचन स्थगित गरेको जनाएको थियो। निर्वाचनका लागि फिफा र एएफसीका प्रतिनिधिहरू झापा पुगेका थिए।

राखेपले जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न भनिरहेको छ। तर, नेम्वाङ नेतृत्वको एन्फाले यी दुवै पक्ष नमानेर सीधै निर्वाचन गर्न लाग्दा राखेपले हस्तक्षेप गरेको थियो। राखेपले निलम्बन गर्ने क्रममा जिल्लादेखि तहगत निर्वाचन हुनुपर्ने विषयलाई बटमलाइन राखेको छ। त्यसपछि फिफाले राखेपलाई पत्राचार गर्दै विनासर्त निलम्बन फुकुवा गरेर एन्फा चुनाव जहाँ रोकिएको थियो, त्यहींबाट पुनः सुचारु गर्न निर्देशन दियो।

राखेपद्वारा छानबिन समिति गठन

राखेपले एन्फालाई ११ बुँदे सर्त लागू गर्ने र आर्थिक विषयमा छानबिन समिति गठन गरेको छ। राखेपका कार्यकारी सदस्य कमल भट्टराईको संयोजकत्वमा गठित समितिलाई छानबिन गरेर प्रतिवेदन बुझाउन सात दिन समय दिइएको छ। यो सात दिनको समय मंगलबार अन्तिम हो। राखेप स्रोतअनुसार छानबिन समितिले राखेपका सदस्यसचिवलाई प्रतिवेदन बुझाएको छैन।

■ एनभिए महिला र पुरुष भलिबल लिग

न्यु डायमन्ड फाइनलमा



दशौं प्रधानमन्त्री कपमा महिलातर्फ अपराजित रहेको न्यु डायमन्डले चार खेलबाट सर्वाधिक १२ अंक जोड्दै शीर्ष स्थान बलियो बनाएको छ। राउन्ड रोविन लिगको शीर्ष दुई स्थानमा रहने टोली फाइनलमा पुग्नेछन्।

नयाँ पत्रिका

न्यु डायमन्ड युथ स्पोर्टस् क्लबले दशौं प्रधानमन्त्री कप एनभिए महिला भलिबल लिग प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा मंगलबार भएको खेलमा न्यु डायमन्डले विभागीय टोली नेपाल एपिएफलाई ३-१ को सेटमा हराउँदै अन्तिम फाइनलमा पुगेको हो। एपिएफले दोस्रो सेटमा मात्र न्यु डायमन्डलाई चुनौति दिएको थियो। यसबाहेक अन्य सेटमा न्यु डायमन्ड एपिएफमाथि हाबी भएको थियो।

समग्रमा न्यु डायमन्ड २५-२१, २०-२५, २५-१८ र २५-२१ ले बाजी मार्दै शीर्ष दुईमा रहने पक्का गरेको हो। अर्को खेलमा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिमलाई २५-१५, २५-१० र २५-५ को सहज सेटमा हराएको छ। न्यु डायमन्डले अब लिग चरणको अन्तिम खेलमा नेपाल पुलिसको सामना गर्नेछ। सो खेलमा नतिजा जस्तो आए पनि न्यु डायमन्डलाई शीर्ष दुईबाट हटाउन सकिँदैन। न्यु डायमन्ड चार खेलबाट १२ अंकसहित शीर्ष स्थानमा छ। चार खेलमा दोस्रो हार व्यहोरेको एपिएफको ६ अंक छ।

महिलाको स्पर्धामा पहिलो जित निकालेको त्रिभुवन आर्मीले चार खेल खेलिसक्यो। नेपाल एपिएफले पनि पुलिससँग खेल्नेछ। न्यु डायमन्डसँग पराजित भएको एपिएफको फाइनल पुग्ने सम्भावना कमजोर बनेको छ। प्रतियोगिताको बुधबार एपिएफले पुलिसलाई हराउँदा अंकगणितीय आधारमा फाइनलमा पुग्ने सम्भावना रहनेछ। पराजित हुँदा एपिएफको शीर्ष स्थानमा रहने सम्भावना समाप्त हुनेछ। यसैकारण, एपिएफलाई जितबाहेक विकल्प छैन। पुलिसले एपिएफलाई हराउँदा वा एक अंक मात्र बटुल्दा फाइनल बनाउनेछ। महिलातर्फ त्रिभुवन आर्मी भने प्रतियोगिताबाट बाहिरिसकेको छ। सुदूरपश्चिम लिगमा अंकविहीन हुने एक मात्र टोली हो। एकल राउन्ड रोविन लिगपछि अंकतालिकाको शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्। नेपाल भलिबल संघको आयोजनामा १९ वैशाखसम्म चल्ने प्रधानमन्त्री कपमबाट क्लब च्याम्पियनसिपबाट छनोट भएका महिलातर्फका ६ र पुरुषतर्फका आठ टोलीले लिगमा प्रतिस्पर्धा गरिरहेका छन्।

हेल्प नेपालको लगातार चौथो जित

पुरुषतर्फको स्पर्धामा उपाधि दाबेदार हेल्प नेपाल स्पोर्टस् क्लबले लगातार चौथो जित हात पारेको छ। हेल्प नेपालले विभागीय टोली नेपाल एपिएफ क्लबलाई ३-१ सेटमा हरायो। हेल्प नेपाल समग्रमा २५-१५, २३-२५, २५-१३ र २५-१४ ले विजयी भयो। लगातार चार जित निकालेको हेल्प नेपालले १२ अंक जोडेको छ। एपिएफको यो लगातार चौथो हार हो। विदेशी खेलाडीले भरिएको हेल्प नेपालविरुद्ध एपिएफले दोस्रो सेटमा उत्कृष्ट प्रदर्शन गरेको थियो।

पहिलो सेट १५-२५ ले गुमाएको एपिएफले दोस्रो सेट २५-२३ मा जित्दै पुनरागमन गरेको थियो। तर, उत्कृष्ट प्रदर्शन गरिरहेको हेल्प नेपालका खेलाडीले त्यसपछिका दुई सेटमा एपिएफमाथि दबाब बनाइरहेका थिए।

हेल्प नेपालले तेस्रो सेट सहजै २५-१३ र चौथो सेट २५-१४ ले बाजी मार्‍यो। अर्को खेलमा खिल्जी युवा क्लबले कोशी प्रदेशलाई हराएको छ। खिल्जी युवाले पुरुषतर्फ पहिलो जित निकाली तीन अंक जोडेको छ।

खेल संक्षेप

आइसिएफसी र एनसेलको सहज जित

काठमाडौं/ टेक्स्पायर कर्पोरेट टी-१० क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबार आइसिएफसी फाइनान्सले रोमाञ्चक जित दर्ता गरेको छ। आइसिएफसीले सिप्रदीलाई तीन विकेटले हरायो। पहिले ब्याटिङ गरेको सिप्रदीले निर्धारित १० ओभरमा ७ विकेट गुमाउँदै १३७ रन बनाएको थियो। सिप्रदीका शैलेन्द्र नेपालले ४९ रन र नीराजन केसीले अविजित ३६ रनको योगदान दिए। आइसिएफसी ९.४ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। सुरज तिमल्सिनाले अविजित ७३ रन बनाए। जितसँगै आइसिएफसी सेमिफाइनलमा प्रवेश गर्दा सिप्रदी प्रतियोगिताबाट बाहिरिएको छ। क्लाउड फ्याक्ट्रीले ३ विकेटले जित हात पारेको छ। टेक्स्पायरले १० ओभरमा ३ विकेटको क्षतिमा ६९ रन बनायो। ७० रनको लक्ष्य पछ्याएको क्लाउडले ७.५ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। जितसँगै क्लाउड सेमिफाइनलमा प्रवेश गरेको छ। अर्को खेलमा एनसेलले सुबिसुविरुद्ध ३ विकेटको जित हात पारेको छ। एनसेलले अन्तिम ओभरमा जित निकालेको थियो। सुबिसुले १० ओभरमा ४ विकेट गुमाउँदै ८३ रन बनाएको थियो। सुबिसुका लागि दमन चन्दले अविजित ३५ रन जोडे। एनसेलका लागि समाज पौडेलले १९ बलमा ३७ रन बनाए। एनसेल सेमिफाइनलमा प्रवेश गरेको छ।



प्रणव र दर्सिल क्वार्टरफाइनलमा

काठमाडौं/ प्रणव मानन्धर र दर्सिल श्रेष्ठ १२औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष एकलतर्फ मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। उगेन शेर्पालाई ६-१ र ६-० को सेटमा हराए। दर्सिलले प्रितम परियारलाई ६-३ र ६-४ को सोझो सेटमा पराजित गरे। अर्को खेलमा प्रदीप खड्काले डानियल बास्तोलालाई २-० को सेटमा हराए। पुरुष डबल्समा प्रणव खनाल र आयुषमान हजुर घलेको जोडीले निजेज महर्जन र ओजेज महर्जनको जोडीलाई सोझो सेटमा निराश बनाए। भेट्रान ६५ वर्षमाथि पुरुष एकलमा पवित्रजंग रायमाझीले कर्मा घलेलाई २-१ को सेटमा निराश पारे। कमल थापाले पदम गुरुङमाथि सहज जित निकाली अन्तिम चार स्थान पक्का गरे।

सपना र सनम च्याम्पियन

काठमाडौं/ सपना गुरुङ र सनम गुरुङले मनकामना मन्दिरदेखि गोरखा दरबारसम्मको म्याराथन दौड जितेका छन्। सपना महिलातर्फ र सनम पुरुषतर्फ विजयी हुँदै समान ५५ हजार रुपैयाँ हात पारेका छन्। निर्धारित ४२ किलोमिटर म्याराथन कास्कीकी सपनाले चार घण्टा ५१ मिनेट १० सेकेन्डमा दूरी पूरा गरिन्। तनहुँकी बिबिका कुमाल दोस्रो स्थानमा रहिन्। उनले चार घण्टा ५९ मिनेट १३ सेकेन्डमा दौड पूरा गरिन्। पुरुषतर्फको म्याराथनमा सनमले दुई घण्टा ५९ मिनेट ०० सेकेन्डमा दूरी पूरा गर्दै पहिलो स्थान हासिल गरेका हुन्। कास्कीका सफल लामा तीन घण्टा १० मिनेट २५ सेकेन्डका साथ दोस्रो भए।

धनगढीमा १२औं हाफ म्याराथन हुँदै

कैलाली/ कैलालीको धनगढीमा हाफ म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ। धनगढी जेसिजको आयोजनामा आगामी १८ वैशाखमा हुनेछ। प्रत्येक वर्ष १ वैशाखमा हुने म्याराथन यसपटक १८ वैशाखमा हुन लागेको आयोजक धनगढी जेसिजका अध्यक्ष महेश्वर ओझाले जानकारी दिए। 'अब धनगढी दौडिन्छ' भन्ने नाराका साथ आयोजना हुने म्याराथनको तयारी भइरहेको उनले बताए। प्रतियोगिताको विजेताले ७७ हजार ७ सय र उपविजेताले ५५ हजार ५ सय रुपैयाँ जित्नेछन्। यसैगरी, तेस्रो हुने धावकले ४४ हजार चार सय रुपैयाँ प्राप्त गर्ने संयोजक दीपेश बोहाराले जानकारी दिए। दौड २१.१ किलोमिटर हुनेछ। पाँच किलोमिटरको महिला तथा कर्पोरेट दौड पनि आयोजना गरिने भएको छ। दुवै प्रतियोगिताका विजेताले सात हजार सात सय रुपैयाँ पाउनेछन्। प्रतियोगितामा सहभागीमध्ये एकजनालाई चिठामार्फत पनि पुरस्कार दिइने बताइएको छ।

■ आइसिसी महिला च्यालेन्ज ट्रफी

रुवान्डालाई हराउँदै नेपाल तेस्रो स्थानमा उक्लियो

नयाँ पत्रिका

नेपालले आइसिसी महिला च्यालेन्ज ट्रफीमा रुवान्डालाई ३८ रनले हराएको छ। रुवान्डामा चलिरहेको च्यालेन्ज ट्रफीअन्तर्गत मंगलबार पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ७ विकेट गुमाएर १ सय ३ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा घरेलु टोली रुवान्डाले १७.४ ओभरमा सबै विकेट गुमाएर ६५ रन मात्र बनाउँदा नेपालले प्रतियोगितामा तेस्रो जित निकालेको हो। जितसँगै नेपाल ६ अंकका साथ तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। नेपालले शीर्ष दुई स्थानमा रही फाइनलमा पुग्ने सम्भावना कायमै रहेको छ। नेपालले रुवान्डालाई दोस्रोपटक हराएको हो। यसअघि नेपाल अमेरिकासँग दुवै खेलमा पराजित भएको थियो।

नेपाल भानुआटुसँग पनि हारेको थियो। नेपालले इटलीलाई एकपटक हराएको छ। रुवान्डाको सातौं खेलमा तेस्रो हार हो। रुवान्डा ८ अंकसहित दोस्रो स्थानमा रहेको छ। अब नेपालले भानुआटुसँग बिहीबार खेल्नेछ। इटाली पाँच खेलबाट चार अंक जोडेर चौथो हात पारेको छ।

भानुआटु ६ खेलबाट २ अंकसहित पाँचौं स्थानमा छ। च्यालेन्ज ट्रफीमा तेस्रो जित निकाल्दा नेपालकी मनीषा उपाध्यायले रुवान्डाविरुद्ध चार ओभरमा एक मेडन राखी १० रन दिएर तीन विकेट लिएकी थिइन्।

उनी खेलकै म्यान अफ दी म्याच भइन्। यसैगरी, कविता कुँवर, रचना चौधरी र रिया शर्माले समान २ विकेट हात पारे। रुवान्डाकी कप्तान मारी बिमेनीमानाले २७ बलमा ३ चौका सहित १९ रन जोडिन्।

नेपालको ब्याटिङमा कविता कुँवरले २४ रन बनाइन्। कप्तान इन्दु बर्माले ४५ बलमा चार चौका प्रहार गरी ३३ रन बनाइन्। उनले पाँचौं विकेटका लागि कवितासँग ४६ रनको साझेदारी गरेकी थिइन्।



ओमानको सामना गर्दै आज नेपाल

काठमाडौं/ नेपाली पुरुष क्रिकेट टोलीले बुधबार आइसिसी विश्वकप लिग २ अन्तर्गत ओमानको सामना गर्दै छ। त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आफ्नो दोस्रो खेल खेल्न लागेको हो। सिरिजको पहिलो खेलमा नेपालले युएईलाई हराएको थियो। ओमान र नेपालबिच नौपटक एकदिवसीय खेलमा नवौंपटक प्रतिस्पर्धा हुन लागेको हो।

यसअघि भएका आठमध्ये नेपालले तीन खेलमा मात्र जित निकाल्न सफल भएको छ। ओमान भने पाँच खेलमा विजयी भएको छ। सबैभन्दा पछिल्लो खेल भने वर्षाले रद्द भएको छ। सन् २०२४ को सेप्टेम्बरमा क्यानडामा भएको सिरिजमा ओमानले नेपाललाई १ विकेटले हराएको थियो।

त्यसअघि नेपालले ओमानलाई २०२३ को एसिसी प्रिमियर कप र २०२२ को लिग २ को खेलमा हराएको थियो। यसपटकको लिग-२ मा नेपालको प्रदर्शन राम्रो छैन। सहभागी आठ टोलीमध्ये नेपाल २१ खेलबाट १४ अंक जोड्दै पुछारबाट दोस्रो अथवा सातौं स्थानमा छ। ओमान २५ खेलबाट २९ अंक जोडेर पाँचौं स्थानमा छ। घरेलु मैदानमा र पछिल्लो समय ओमानको टोलीमा आएको परिवर्तनका कारण नेपाल फाइदा उठाउने योजनामा छ।

आइपिएलमा कोहलीको नौ हजार रन पूरा



साबिक विजेता रोयल्स च्यालेन्जर्स बेंग्लोरका विराट कोहलीले २७५ खेलमा नौ हजार १२ रन बनाउन आठ शतक तथा ६६ अर्धशतकीय इनिङ्स खेलेका छन्

एजेन्सी

विराट कोहलीले इन्डियन प्रिमियर लिग (आइपिएल)मा नौ हजार रन पूरा गरेका छन्। आइपिएलमा नौ हजार रन प्रहार गर्ने उनी पहिलो भारतीय खेलाडी हुन्। १९औं संस्करणमा सोमबार राति साबिक विजेता रोयल्स च्यालेन्जर्स बेंग्लोरले दिल्ली क्यापिटल्समाथि नौ विकेटको सानदार जित निकाल्दा कोहलीले नटआउट २३ रनको योगदान दिएका थिए। उनले १५ बलमा दुई छक्का र एक चौका प्रहार गरेका थिए।

समग्रमा उनले आइपिएलमा नौ हजार १२ रन जोडेका छन्। आइपिएलको इतिहासमा कोहलीले अहिलेसम्म २७५ खेल खेलेका छन्। जसमा उनले ६६ अर्धशतक तथा आठपटक शतकीय इनिङ्स खेलेका छन्। आइपिएलको उनको उच्च स्कोर नै ११३ रन हो। बलिङका क्रममा उनले चार विकेट हात पारेका छन्। सन् २००८ मा आइपिएलमा डेब्यु गरेका कोहलीको अक्सन मूल्य २१ करोड भारु रहेको छ।

सन् २०१६ सिजन उत्कृष्ट लयमा

बेंग्लोरबाट अनवरत रूपमा प्रतिस्पर्धा गरिरहेका कोहलीले आइपिएलको इतिहासमा सन् २०१६ को सिजनमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए। यस सिजनमा उनले १६ खेलमा कीर्तिमानी रूपमा चार शतक तथा सात अर्धशतकीय योगदानसहित सर्वाधिक ९७३ रन जोडेका थिए। त्यसवेला उनले ८१.०८ को औसतमा ब्याटिङ गर्नुका साथै १५२.३ स्ट्राइक राखेका थिए। सन् २०२४ को सिजनमा उनले १५ खेलमा ७४१ रन जोडे। यो सिजनमा उनले एक शतक तथा पाँच अर्धशतकीय इनिङ खेलेका थिए।

सन् २०१९ को सिजनमा उनले एक शतक तथा दुई अर्धशतक प्रहार गरी ४६४ रन जोडेका थिए। पहिलो संस्करणमा उनको प्रदर्शन खराब रह्यो। डेब्यु गरेको संस्करणमा उनले १३ खेलमा केवल १६५ रन मात्र जोडेका थिए। त्यो वेला उनको उच्च रन ३८ रहेको थियो। गत वर्ष बेंग्लोरलाई आइपिएलको उपाधि पहिलोपटक दिलाउने क्रममा कोहलीले ६५७ रन जोडेका थिए। उनले आठ अर्धशतकको सहयोगमा ६६ चौका र १९ छक्का प्रहार गरेका थिए। उनले सन् २०१३ मा १६ खेलमा ६३४ रन बनाउन ६ अर्धशतक खेले।

दोस्रो स्थानमा रोहित

सर्वाधिक आइपिएल विजेता मुम्बई इन्डियन्सका पूर्वकप्तान रोहित शर्मा धेरै रन बनाउने सूचीको दोस्रो स्थानमा छन्। उनले मुम्बईबाट २७१ इनिङ्समा सात हजार एक सय ८३ रन जोडेका छन्। यसैगरी, दिल्लीका पूर्वओपनर शिखर धवन तेस्रो स्थानमा छन्। उनले २२१ इनिङ्समा ६ हजार ७ सय ६९ रन बटुलेका छन्। डेभिड वार्नर ६ हजार ५ सय ६५ रनका साथ चौथो स्थानमा छन्। यसैगरी, लोकेश राहुलले १४४ खेलमा ५ हजार ५८० रन जोड्दै पाँचौं स्थान रक्षा गरेका छन्। चालू सिजनमा उनले एक शतकीय इनिङ्स खेलिसकेका छन्। कोहलीले आइपिएलमा चार टोलीविरुद्ध एक हजार रन प्रहार गरेका छन्। उनले सबैभन्दा धेरै रन चेन्नई सुपर किंग्सविरुद्ध बटुलेका छन्। उनले चेन्नईसँगको खेलमा १ हजार १ सय ७४ रन जोडेका छन्। यसैगरी, दिल्ली क्यापिटल्सविरुद्ध उनले १ हजार १ सय ७२ रन बनाए। विराटले कोलकाता नाइट राइडर्सविरुद्ध १ हजार १ सय ६१ रन बनाए। पन्जाब किंग्सविरुद्ध उनले १ हजार १ सय ५९ रन बनाएका छन्।

पावर प्लेमा दिल्लीको कम योगफल

बेंग्लोरविरुद्धको प्रतिस्पर्धामा दिल्लीले इतिहासकै कमजोर प्रदर्शन गऱ्यो। दिल्लीले पहिलो पावर प्लेमा ६ विकेट गुमाएर १३ रन मात्र जोडेको थियो। यसअघि सन् २००९ मा केपटाउनमा भएको संस्करणमा राजस्थान रोयल्सले पावर प्लेमा १४ रन खर्चेर दुई विकेट गुमाएको थियो। सन् २०२२ मा सनराइजर्स हैदराबादले राजस्थानविरुद्ध पावर प्लेमा १४-३ को प्रदर्शन गरेको थियो। सन् २०११ मा चेन्नईले कोलकातासँगको खेलमा पहिलो ६ ओभरमा १५-२ को प्रदर्शन गऱ्यो। पावर प्लेमा धेरैपटक कम रन बनाउने खराब इतिहास चेन्नईको नाममा छ। चेन्नईले सन् २०१५ मा दिल्लीसँगको खेलमा १६-१ र बेंग्लोरविरुद्ध १६-१ कै प्रदर्शन गऱ्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com